सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

९ असार २०८०, शनिबार (24 June 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ७२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

राजनीतिमा फर्केलिन् पूर्वराष्ट्रपति भण्डारी ?

२९ जेठमा चपलीस्थित कान्छी छोरी निशाकुसुमको नयाँ निवासमा सरेकी निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीले भेटघाट बढाएकी छिन्, सामाजिक काममा सक्रिय हुने तयारी गरेकी उनले सक्रिय राजनीतिको विकल्प खुला राखेको संकेत गरेकी छिन्


शुरोजंग पाण्डे/नयाँ पत्रिका

देशको सर्वोच्च पदबाट १०३ दिनअघि अवकाश पाएकी निवर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीले चपलीस्थित नयाँ निवासमा सरेलगत्तै आफन्तजन र निकटस्थ तथा राजनीतिक नेताहरूसँग भेटघाट थालेकी छिन् । अवकाशपछि पहिला सामाजिक काममा सक्रिय बन्ने मनस्थितिसहित उनी त्यसको पूर्वतयारीमा छिन् । राजनीतिमा फर्किने विषयमा अहिलेसम्म स्पष्ट सन्देश प्रवाह गरेकी छैनन् । तर, निकटस्थहरू उनी सामाजिक काम हुँदै सक्रिय राजनीतिमा जाने सम्भावना अस्वीकार गर्दैनन् । भण्डारी पनि परिस्थितिले आफूलाई जिम्मेवारीबारे आउने गरेको बताएए सम्भावनाको ढोका खुलै राखेकी छिन् ।

अघिल्लो शुक्रबार केही पत्रकारसँगको कुराकानीमा पूर्वराष्ट्रपति भण्डारीले 'बेरोजगार नबस्ने' भन्दै सुरुमा चार क्षेत्रलाई प्राथमिकतामा राखेर काम गर्न लागेको बताएकी छिन् । युवा पलायन, बेरोजगारी समस्या, आर्थिक संकट र कृषि विकासको क्षेत्रमा काम गर्न विज्ञहरूसँग परामर्श गरिरहेको उनको भनाइ छ । 'मुलुकको शिक्षा प्रणालीमा सुधार, जलवायु अनुकूलनका लागि हरियाली प्रवर्द्धन, कृषि उत्पादन वृद्धि गरी आयात रोक्ने अभियान, जनस्वास्थ्यजस्ता क्षेत्रमा आफूले सक्दो काम गर्ने योजनासहित अगाडि बढिरहेकी छु,' उनले भनिन् ।

तत्कालका कार्ययोजना सुनाएकी भण्डारीले राजनीतिलाई नजिकबाट नियालिरहेको बताएकी छिन् । आफूले एमालेको भावी अध्यक्ष बन्ने महत्त्वाकांक्षा नपालेको, तर बहुदलीय जनवादको विषयमा चासो रहेको उनको भनाइ छ । 'मलाई अध्यक्ष बन्ने महत्त्वाकांक्षा छैन र लालायित पनि छैन । तर, टुलुटुलु हेरेर बस्ने कि नबस्ने भन्नेचाहिँ छ । बहुदलीय जनवादको विषयमा पार्टीले लिएको धारणालाई तल्लो पंक्तिसम्म पुऱ्याउने विषय पनि छ । यत्ति हो, राजनीतिलाई क्लोज्ली वाचचाहिँ गरिरहेकी छु,' भण्डारीले भनिन् ।

लामो समय पार्टीमै बिताएकाले एमाले राम्रो होस् भन्ने लाग्नु स्वाभाविकै भए पनि सक्रिय राजनीतिमा फर्कनेबारे केही नसोचेको, तर नजिकबाट हेरिरहेको उनको भनाइ छ । भण्डारीले आफूलाई परिस्थितिले जिम्मेवारी दिने गरेकोसमेत बताइन् । 'म नेतृत्वमा बस्न अलिक डराउने मान्छे । तर,



■ १ असारमा केही पत्रकारसँगको भेटघाटमा पूर्वराष्ट्रपति विद्या भण्डारीले भनिन्–

> • मुलुकको शिक्षा प्रणालीमा सुधार, जलवायु अनुकूलनका लागि हरियाली प्रवर्द्धन, कृषि उत्पादन वृद्धि गरी आयात रोक्ने अभियान, जनस्वास्थ्यजस्ता क्षेत्रमा आफूले सक्दो काम गर्ने योजनासहित अगाडि बढिरहेकी छु ।

• मलाई अध्यक्ष बन्ने महत्त्वाकांक्षा छैन र लालायित पनि छैन । तर, टुलुटुलु हेरेर बस्ने कि नबस्ने भन्नेचाहिँ छ । बहुदलीय जनवादको विषयमा पार्टीले लिएको धारणालाई तल्लो पंक्तिसम्म पुऱ्याउने विषय पनि छ । यत्ति हो, राजनीतिलाई 'क्लोज्ली वाच'चाहिँ गरिरहेकी छु ।

• म नेतृत्वमा बस्न अलिक डराउने मान्छे । तर, कतिपय अवस्थामा नचाहेर पनि कतिपय जिम्मेवारी पूरा गर्नुपर्छ । अटसपटस र उछिनपछिन गरेर कहिल्यै पनि कुनै जिम्मेवारीमा गएको छैन । तर, नचाहेर पनि जिम्मेवारी पूरा गर्नुपर्ने हुन्छ । परिस्थितिले एमालेमा प्रतिस्पर्धी भएर बस्ने मन भएन, म राष्ट्रपतिको जिम्मेवारीमा जानुपऱ्यो ।

कतिपय अवस्थामा नचाहेर पनि कतिपय जिम्मेवारी पूरा गर्नुपर्छ,' उनले भनिन्, 'अटसपटस र उछिनपछिन गरेर कहिल्यै पनि कुनै जिम्मेवारीमा गएको छैन । तर, नचाहेर पनि जिम्मेवारी पूरा गर्नुपर्ने हुन्छ । परिस्थितिले एमालेमा प्रतिस्पर्धी भएर बस्ने मन भएन, म राष्ट्रपतिको जिम्मेवारीमा जानुपऱ्यो ।'

जेठी छोरी उषाकिरणनिवास बालुवाटारबाट निवर्तमान राष्ट्रपति भण्डारी २९ जेठमा बुढानीलकण्ठ चपलीस्थित कान्छी छोरी निशाकुसुमको निवासमा सरेकी हुन् । निशाकुसुमको नाममा रहेको त्यही निवास दीर्घकालीन रूपमा प्रयोग गर्ने गरी भण्डारी सरेकी हुन् । अब भने व्यवस्थित दिनचर्यासहित बिस्तारै सामाजिक सेवामा सक्रिय रूपमा देखापर्ने उनको तयारी छ ।

भण्डारीको अहिलेको दैनिकी भने आफन्तजन र निकटस्थसँगको भेटघाट तथा राजनीतिक नेताहरूसँगको छिटफुट भेटघाटसँगै बितिरहेको छ । 'अहिले उहाँ बुढानीलकण्ठ चपलीस्थित नयाँ निवासमा सर्नुभएको छ, अबचाहिँ उहाँको व्यवस्थित दिनचर्याका लागि पनि केही सहज भएको छ,' स्वकीय सचिव राजकुमार राईले भने । रडरोगनको काम नसकिएका कारण तीन महिना भण्डारीले जेठी छोरी उषाकिरणको निवासमा बिताएकी थिइन् ।

भावी दिनचर्या र आफ्ना योजनाबारे मौनता दर्शाएर राष्ट्रपति कार्यालय शीतलनिवासबाट २९ फागुनमा भण्डारी बाहिरिएकी थिइन् । त्यसवेला अवकाशपछि राजनीति र सामाजिक सेवाको जुनसुकै विकल्पमा सक्रिय बन्न सक्ने बताएका थिए ।

तत्कालीन स्वकीय सचिव डा. भेषराज अधिकारीले भण्डारीले नयाँ निवासबाट व्यवस्थित जीवनशैली चलाउने तयारी गरेको बताए । 'पहिले एउटा सीमा-मर्यादाभित्र रहेर लामो समय व्यस्त रहनुभयो, अहिले बल्ल रिफ्रेस मुडमा खुला वातावरणमा हुनुहुन्छ । विगतमा भए-गरेका कामका आत्मचिन्तन र समीक्षा गरिरहनुभएको छ,' अधिकारीले नयाँ पत्रिकासँग भने, 'सामाजिक कामको सन्दर्भमा पनि उपत्यकाभित्रका छिटफुट कार्यक्रमबाहेक बाहिर जानुभएको छैन, राजनीतिमा सक्रिय हुनेबारे बोल्नुएको छैन । अबचाहिँ नयाँ निवासबाट व्यवस्थित जीवनशैली अगाडि बढ्ला ।'

भण्डारीलाई काम पर्दा तत्कालीन सचिवालयकै सदस्यहरूले पनि सहयोग गर्दै आएका छन् । आवश्यकताअनुसार उनीहरूले निवासमा पुगेर सल्लाह-सुझाव दिने र सहयोग गर्ने गर्छन् ।

» पृष्ठ २ मा क्रमशः

न्यायका लागि दलित आयोगमा बबिताको निवेदन



हामी राजविराज जिल्ला अदालतमा हाजिर हुन आउँदा मेरो बयान नलिई मेरा श्रीमान्लाई बयान गराई अन्याय गराई थुनामा राखेको र मैले अदालतसमक्ष मलाई कसैले अपहरण तथा बेपत्ता गरेको छैन । मनोजसँग प्रेमविवाह गरेकी हुँ । अदालतबाहिरै यस्ता क्रियाकलाप गरेकाले यस दलित आयोगसमक्ष उजुरी गर्दछु । जातीय आधारमा भेदभाव गर्नेलाई हदैसम्म कारबाही हुनुपर्छ ।

■ बबिताका श्रीमान् मनोजलाई रिहा गर्न सर्वोच्चमा बन्दी प्रत्यक्षीकरणको रिट



अधिवक्ता शैलेन्द्रप्रसाद हरिजन अम्बेडकरले शुक्रबार दर्ता गराएको रिटको पेसी १० असारका लागि तोकिएको सर्वोच्च अदालतले जनाएको छ । रिटमा जिल्ला अदालत राजविराजका साथै जिल्ला सरकारी वकिलको कार्यालय, जिल्ला कारागार कार्यालय र जिल्ला प्रहरी कार्यालयसमेतलाई विपक्षी बनाइएको छ ।

राजविराजमा **सौरभ यादव**

आफूलाई अपहरण गरेको अभियोगमा आफ्नै श्रीमान्लाई जेल हालेपछि सप्तरीको अग्निसाइर कृष्णासवरन गाउँपालिका- ४ की बबिता इसरले राष्ट्रिय दलित आयोगसमेत गुहारेकी छिन् । श्रीमान् मनोजकुमार रामसँग आफूले प्रेमविवाह गरेको र षड्यन्त्र रचेर श्रीमान्लाई जेल पठाइएको भन्दै इसरले जातीय आधारमा भेदभाव गर्नेलाई हदैसम्मको कारबाहीको माग गर्दै दलित आयोगको ललितपुरस्थित कार्यालयमा निवेदन दिएकी हुन् ।

'हामी राजविराज जिल्ला अदालतमा हाजिर हुन आउँदा मेरो बयान नलिई मेरा श्रीमान्लाई बयान गराई अन्याय गराई थुनामा राखेको र मैले अदालतसमक्ष मलाई कसैले अपहरण तथा बेपत्ता गरेको छैन,' उनले निवेदनमा भनेकी छिन्, 'मनोजसँग प्रेमविवाह गरेकी हुँ ।' अदालतबाट म घर जान खोज्दा ठूलोबुबा रोहित इसर, काका सञ्जय इसर, बाजे सकलदेव इसरले १०-१५ जना लगाएर अपहरण गर्न खोजेको उनको आरोप छ । 'अदालतबाहिरै यस्ता क्रियाकलाप गरेकाले यस दलित आयोगसमक्ष उजुरी गर्दछु । जातीय आधारमा भेदभाव गर्नेलाई हदैसम्म कारबाही हुनुपर्छ,' उनले भनेकी छिन् ।

■ अधिकारवादी संघसंस्थाले भने–
जातीय भेदभाव गर्नेलाई कारबाही हुनुपर्छ

अधिकारका क्षेत्रमा काम गर्ने आधा दर्जन संघसंस्थाले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै गैरदलित युवतीसँग विवाह गरेको नाममा मनोजकुमार रामलाई अपहरण मुद्दा लगाएर कारागार चलान गरिएको भन्दै आपत्ति जनाएका छन् । दलित सरोकार मञ्च ने पाल, दलित कार्यपालिका सञ्जाल, संयुक्त दलित संघर्ष समिति र उत्पीडित जातीय मुक्ति समाजले संयुक्त विज्ञप्ति जारी गर्दै घटनाको स्थलगत अध्ययन गरी आवश्यक पहल गर्न पनि आह्वान गरेका छन् ।

■ राष्ट्रपति रामचन्द्रलाई राहत

संसद्बाट पारित भइसकेको विधेयक निष्क्रिय हुँदैन : सर्वोच्च



न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र कुमार रेग्मीको इजलासबाट शुक्रबार भएको आदेशमा छ-

...सम्माननीय राष्ट्रपतिबाट भएको नेपाल नागरिकता ऐन, २०६३ को संशोधन विधेयक २०७९ को प्रमाणीकरणलाई प्रथम दृष्टिमा अवैधानिक भन्न मिल्ने अवस्था नदेखिएबाट निवेदनमा उठाइएका अन्य जिकिरहरूलाई प्रस्तुत रिट निवेदनको अन्तिम किनारा गर्दा विचार गरिने नै हुँदा हाल यस अदालत एक न्यायाधीशको इजलासबाट मिति ०८० जेठ २१ मा जारी भएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता प्रदान गर्न मिलेन ।

ओखलढुंगा पहिरोमा एकै घरका चारको मृत्यु

जन्ती बोकेको जिप दुर्घटना हुँदा पाँचको मृत्यु, मृत्यु हुने चार एकै वडाका

गोरखामा **केशव गुरुङ**

जन्ती लिएर गएको जिप गोरखाको पातलेखोलामा शुक्रबार दुर्घटना हुँदा गोरखामा पाँचजनाको मृत्यु भएको छ । मृत्यु भएकामध्ये चारजना सहिद लखन गाउँपालिका- ५ पोखरीडाँडाका हुन् भने एकजना वडा नम्बर ४ का । जिल्ला प्रहरी कार्यालयका डिएसपी लीलाराज लामिछानेका अनुसार १९ वर्षीय प्रवीण थापा, १९ वर्षीय नीरज थापा, १९ वर्षकै नवीना थापा, २८ वर्षीय वीरबहादुर थापा र ६४ वर्षीय धनबहादुर थापा छन् । दुर्घटनामा १२ जना घाइते भएका छन् ।

विभिन्न घटनामा चारको मृत्यु

एकै वडाका चारजनाको मृत्यु भएपछि पोखरीडाँडा शोकमा डुबेको छ । घाइतेमध्ये चारजनाको चितवनस्थित भरतपुर अस्पतालमा उपचार भइरहेको छ । सहिद लखन गाउँपालिका- ३ कोटगाउँबाट जन्ती लिएर पोखरीडाँडा जाँदै गरेका तीनवटा गाडीमध्ये प्रदेश ३-०१-०२३ च २४२७ नम्बरको जिप पातलेखोला भन्ने स्थानमा शुक्रबार बिहान करिब २ बजेतिर दुर्घटना भएको हो । जिप घुम्ती सडकबाट अन्दाजी २५० मिटर तल खसेको छ । जिपमा १९ जना सवार थिए । बर्सात, कच्ची सडक र क्षमताभन्दा बढी यात्रुका कारण दुर्घटना भएको प्रहरीको अनुमान छ । घटनाप्रति दुःख व्यक्त गर्दै पालिकाले शुक्रबार शोक बिदा दियो । शुक्रबार सूचना जारी गर्दै गाउँपालिका कार्यालय, मातहतका वडा कार्यालय र शैक्षिक संस्थाहरूमा शोक बिदा गरिएको प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगरले जानकारी दिए ।



ओखलढुंगामा **पूर्णप्रसाद न्यौपाने**

ओखलढुंगा चम्पादेवी- ८ का बलबहादुर गुरुङ बिहीबार राति भर्खर सुतेका थिए । ठूलो आवाजले उनको निद्रा बिथोल्यो । पहाड नै खसेझैं गऱ्यो । उनको तीनजनाको परिवार हत्तपत्त ढोका खोलेर बाहिर निस्कियो । किचन कोठा पहिरोले पुरिसकेको थियो । हेर्दाहेर्दै उनको सुत्ने कोठा पनि पहिरोले पुऱ्यो । 'धन्न पहिला किचनमा पहिरो पसेछ र निस्कन पाए । माथिल्लो घर पहिरोले पुरेकाले उनीहरूले कम्तीमा संकेतचाहिँ पाएर निस्कन सके,' चम्पादेवी- ८ का वडाध्यक्ष खड्कबहादुर बरालले भने, 'तर, माथिल्लो घरका एउटा परिवारका चारजनाको मृत्यु भयो ।'

बिहीबार मध्यरातमा वर्षासँगै आएको पहिरोले चम्पादेवी

» पृष्ठ २ मा क्रमशः

झ्रनयाँ

सिंहदरबारले सुन्ने
माइतीघर



समाज

धर्नामा दिनहुँ सहभागी हुन्छन् सहकारी पीडितदेखि सैनिकपीडितसम्म, (अ)नागरिकदेखि साहुकारसम्म

• अनिल यादव

पदयात्रीले बिर्सिएको
किन्जा बजार



पर्यटन

• नवीन अर्याल

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

शान्ति मिसनमा धेरै महिला खटाउनेमा नेपाल पहिलो स्थानमा


नवराज मैनाली/नयाँ पत्रिका

राष्ट्रसंघीय शान्ति मिसनमा सबैभन्दा धेरै महिला पठाउने मुलुकमध्ये नेपाल पहिलो स्थानमा उक्लिएको छ । यो ऐतिहासिक उपलब्धिको संयुक्त राष्ट्रसंघले समेत प्रशंसा गरेको छ । शान्ति मिसनमा १२१ देशले सुरक्षाकर्मी पठाउने गरेका छन्, समग्रमा भने नेपाल दोस्रो स्थानमा छ ।

नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबाट हाल विभिन्न देशमा ६५१ जना महिला शान्ति स्थापनार्थ खटिएका छन् । नेपाली सेनाबाट ६०१, नेपाल प्रहरीबाट १४ तथा सशस्त्र प्रहरीबाट ३६ जना शान्ति मिसनमा खटिएका छन् । दुई साताअघि मात्र नेपालले शान्ति मिसनमा सबैभन्दा धेरै महिला सहभागी गराउने उपलब्धि हासिल गरेको हो । राष्ट्रसंघले शान्ति मिसनमा महिलाको संख्या बढाउने नीतिका कारण पनि यसरी संख्या बढेको अधिकारीहरू बताउँछन् ।

यो उपलब्धि देशकै लागि पनि प्रतिष्ठाको विषय भएको र राष्ट्रसंघले समेत नेपालको प्रशंसा गरेको नेपाली सेनाका प्रवक्ता सहायक रथी कृष्णप्रसाद भण्डारीले बताए । गत साता काठमाडौंमा सम्पन्न 'शान्ति स्थापना कार्यमा प्रविधिका लागि सहकार्यसम्बन्धी अन्तर्राष्ट्रिय संगोष्ठी' कार्यक्रममा राष्ट्रसंघका उपमहासचिव अतुल खारेले नेपालको प्रशंसा गरेका हुन् । महिला शान्ति सैनिकलाई दुर्गम ठाउँमा पुगेर काम गर्न चुनौतीपूर्ण हुने भएकाले त्यसलाई थप सहज बनाउन राष्ट्रसंघले छलफल थालेको उनको भनाइ थियो ।

हाल राष्ट्रसंघले द्वन्द्वग्रस्त देशमा १२ वटा शान्ति मिसन सञ्चालन गरिरहेको छ । जहाँ एक सय २१ देशका ७५ हजार चार सुरक्षाकर्मी कार्यरत रहेको राष्ट्रसंघको शान्तिसेना विभागको तथ्यांक छ । त्यसमध्ये शान्ति मिसनमा धेरै सुरक्षाकर्मी पठाउने देशमा नेपाल दोस्रो स्थानमा छ । एक सय २१ देशमध्ये महिलाको संख्यामा नेपाल पहिलो हुँदा एकातर्फ यसले देशको प्रतिष्ठा बढेको र अर्कोतर्फ राष्ट्रसंघले समेत नेपाललाई भावी दिनमा शान्ति मिसनमा थप प्राथमिकता दिने सैनिक अधिकारीहरू बताउँछन् ।



■ कुन देशमा कति छन् ?

हाल राष्ट्रसंघले द्वन्द्वग्रस्त देशमा १२ वटा शान्ति मिसन सञ्चालन गरिरहेको छ । जहाँ १२१ देशका ७५ हजार चार सुरक्षाकर्मी कार्यरत रहेको राष्ट्रसंघको शान्तिसेना विभागको तथ्यांक छ ।

नेपाली सेनाबाट हाल ५६८ जना कन्टिन्जेन्ट मिसनमा तथा बाँकी ३३ जना महिला सैनिक पर्यवेक्षक तथा स्टाफ अफिसरका रूपमा कार्यरत छन् । दक्षिण सुडानमा मात्र नेपाली सेनाबाट एक सय ७२ जना महिला शान्ति स्थापनार्थ खटिएका छन् । त्यस्तै, सेन्ट्रल अफ्रिकन रिपब्लिकमा एक सय १०, कंगोमा ९५, लेबनानमा ८४, सिरियामा ५१, लिबियामा २४ र मालीमा १७ जना छन् । सुडान र दक्षिण सुडानबीचको विवादास्पद भूमि अबेयमा १० तथा इराक र वेस्टर्न सहारामा एक-एक महिला सैनिक कार्यरत छन् । अन्य ३६ जनालाई तयारी ड्युटीमा राखिएको सेनाको तथ्यांक छ । सामान्य सेवातर्फ नेपाली सेनामा ०६२ देखि मात्र महिलालाई लिन थालिएको हो । नेपाली सेनामा महिलाले ढिलो अवसर पाए पनि छोटो अवधिमै उनीहरूले अन्तर्राष्ट्रिय उपलब्धि हासिल गरेका छन् ।

सशस्त्र प्रहरीको एफपियू मिसनमा ३२ तथा अन्य चारजना अनपोल मिसनमा कार्यरत रहेका छन् । नयाँ मिसन मालीमा जाने प्रक्रियामा रहेको र त्यससँगै महिलाको संख्या थप बढ्ने सशस्त्र प्रहरीका प्रवक्ता एसएसपी राजेन्द्र खड्का बताउँछन् । त्यस्तै, नेपाल प्रहरीबाट भने अनपोल मिसन मात्र भएकाले १४ जना नै प्रहरी अनपोल मिसनमा छन् । हवल्दारदेखि एसएसपीसम्मका महिला प्रहरी हाल शान्ति मिसनमा कार्यरत रहेको प्रहरी प्रवक्ता डिआइजी कुबेर कडायतले बताए । नेपाल प्रहरीबाट जम्मा ५० जना मात्र मिसनमा कार्यरत छन् । प्रहरीको सबै एफपियू मिसन बन्द भएकाले संख्या न्यून भएको हो ।

प्रधानमन्त्रीसँग संसद्मा प्रश्नोत्तर

कमलराज भट्ट/नयाँ पत्रिका

सांसदहरूले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग बजेटको असमान वितरणदेखि सीमा समस्यासम्म १० वटा विषयमा प्रश्न राखेका छन् । प्रतिनिधिसभामा शुक्रबार प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रममा भाग लिँदै १४ सांसदले समसामयिक मुद्दामा सरकारको आधिकारिक धारणा माग गरेका थिए ।

सरकारको काम र नीतिबारे प्रधानमन्त्री प्रचण्डले उठेका हरेक प्रश्नको जवाफ दिए । प्रतिनिधिसभा नियमावलीले प्रत्येक महिना १५ सांसदले प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर गर्न पाउने व्यवस्था छ । प्रश्नोत्तरमा अल्फाबेटका आधारमा प्रश्न राख्न पाउने मापदण्ड बनाइएको छ । जन्मसिद्धका सन्तानलाई नागरिकता वितरण, सदनमा उठेका जनसरोकारका विषयमा सरकार जवाफदेही नभएको, राज्यको सम्पूर्ण संरचना समावेशी बनाउन नचाहेको, सीमा सुरक्षा समस्या हल र सीमा स्तम्भ निर्माण तथा मर्मत गर्न पर्याप्त बजेट विनियोजन नगरेकोलगायत प्रश्न पनि सांसदहरूले उठाएका थिए ।

राष्ट्रिय गौरवका आयोजना : अच्युत मैनालीले उठाएको यो जिज्ञासामा प्रधानमन्त्री प्रचण्डले सबै राष्ट्रिय गौरवका आयोजनामा बजेट सुनिश्चित गरेको जवाफ दिए । आयोजनाको जग्गा अधिग्रहण, मुआब्जा तथा क्षतिपूर्ति वितरण गर्ने कार्य प्राथमिकतामा रहेको र आगामी दिनमा आवश्यक बजेट व्यवस्थासहित सम्बोधन हुने उनको भनाइ थियो । प्रचण्डले निजगढ अन्तर्राष्ट्रिय विमानस्थलमा आगामी आर्थिक वर्षमा साइट क्लियरेन्स सम्पन्न गरिने बताए । रेल सेवा सञ्चालन गर्नेबारे सरकार सकारात्मक रहेको उनको भनाइ थियो ।

मधेसमा बजेट : अजय चौरासियाले उठाएको जिज्ञासामा प्रधानमन्त्री प्रचण्डले संघीयताको मर्मअनुरूप संघबाट प्रदेश र स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणको १५ प्रतिशतभन्दा बढी रकम मधेस प्रदेशमा जाने गरेको बताए । यसका अतिरिक्त संघबाट सञ्चालन हुने पूर्व-पश्चिम राजमार्ग आयोजना, पथलैया-वीरगन्ज करिडोर, चन्द्रपुर-गौर राजमार्ग, हुलाकी राजमार्ग तथा सुनकोसी-मरिन, बागमती, कमला, चन्द्र नहरलगायत सिँचाइ आयोजना, विभिन्न औद्योगिक पूर्वाधार तथा व्यापारिक पूर्वाधार आयोजना, तराई मधेसलाई लक्षित गरी तराई मधेस समृद्धि कार्यक्रम, मधेसलाई काठमाडौँसँग जोड्ने द्रुतमार्गलगायत ठूला परियोजना मधेसमा नै पर्ने र तिनको समयबद्ध कार्यान्वयनका लागि यथेष्ट बजेट विनियोजन गरिएको बताए । वीरगन्जको विकास सरकारको प्राथमिकतामै रहेको, नारायणी रंगशालालाई डेढ करोड, नारायणी अस्पताललाई ४१ करोड ३० लाख विनियोजन गरिएको र ठाकुरराम बहुमुखी क्याम्पसका लागि विश्वविद्यालय अनुदान आयोगमार्फत अनुदान जाने व्यवस्था मिलाइएको जानकारी गराए ।

कर्णालीमा बजेट : अम्मरबहादुर थापाले उठाएको यो जिज्ञासामा प्रधानमन्त्री प्रचण्डले बजेटमा कर्णाली प्रदेशलाई प्राथमिकतामा राखेको बताए । कर्णाली समृद्धि कार्यक्रम, हिमाली तथा उच्च पहाडी जीविकोपार्जन कार्यक्रम, कर्णाली कोरिडोर आयोजना सञ्चालनमा रहेको, सिँचाइ तथा नदी नियन्त्रणका लागि छुट्टै बजेट व्यवस्था गरिएको उनले बताए । राप्ती राजमार्ग, भेरी कोरिडोर, मध्यपहाडी लोकमार्गको कर्णाली खण्ड र मदन भण्डारी राजमार्गको कर्णाली खण्डका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरेको र शिक्षा र स्वास्थ्यतर्फ पनि प्राथमिकतामा राखेको बताए ।

भारतसँग विद्युत् व्यापार सम्झौता : अनिशा नेपालीले राखेको यो प्रश्नमा प्रधानमन्त्रीले भारत सरकारले आगामी १० वर्षमा नेपालबाट १० हजार मेगावाट जलविद्युत् खरिद गर्ने गरी दीर्घकालीन ऊर्जा व्यापार सम्झौतामा प्रारम्भिक हस्ताक्षर भ्रमणका क्रममा भएको र अन्तिम हस्ताक्षर यथाशीघ्र सम्पन्न हुन लागेको बताए । आन्तरिक खपतभन्दा बढी उत्पादन भएको विद्युत्लाई निर्यात गर्ने नीति रहेको र प्रचलित कानुनको परिधिभित्र रही विद्युत् व्यापार हुने उनको भनाइ थियो । यससम्बन्धी कार्यविधि तयार गर्ने कार्य भइरहेको उनले जानकारी गराए ।

स्वच्छ ऊर्जा : अम्बर रायमाझीले राखेको यो विषयमा प्रधानमन्त्रीले देशमा विद्युतीय र पेट्रोलियम दुवै ऊर्जाको प्रयोग भइरहेको उल्लेख गर्दै विद्युत्को प्रयोग बढाउँदै लाने र पेट्रोलिम पदार्थको प्रयोग कम गर्दै क्रमशः विस्थापित गर्ने नीति रहेको बताए । तर, नेपालमा विद्युतीय सवारीको प्रयोग भर्खर मात्र सुरुवात भएको, अधिकांश सार्वजनिक तथा निजी सवारीसाधन पेट्रोलिम पदार्थमा निर्भर रहेको, सबै सवारीसाधनलाई एकैपटक र अहिले नै विद्युतीय सवारीमा रूपान्तरण गर्न प्राविधिक रूपमा सम्भव नभएकाले ऊर्जा आपूर्तिको दिगो सुरक्षालाई मध्यनजर गरी पेट्रोलियम पाइपलाइन विस्तार अगाडि बढाइएको बताए ।

न्यूनतम समर्थन मूल्य : अर्जुननरसिंह केसीले राखेको प्रश्नमा प्रधानमन्त्री प्रचण्डले कृषिउपजको बजार प्रणालीमा कृषकले न्यून मूल्य पाउने र उपभोक्ताले चर्को मूल्य तिर्नुपर्ने अवस्थाको अन्त्य गर्न प्रमुख खाद्यान्न बालीको सिजनपूर्व नै समर्थन मूल्य तोक्ने व्यवस्था गरिएको, दूध उत्पादक कृषकले पाउने न्यूनतम मूल्य तोकिएको र उखु उत्पादक कृषकलाई ७० प्रतिक्विन्टलको हिसाबले अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइएको तथा अन्य उपजको पनि न्यूनतम समर्थन मूल्य तोक्दै जाने बताए । तरकारीको बजार प्रणालीमा देखिएका समस्या समाधान गर्न विकेन्द्रीकृत प्रणाली अपनाई प्रदेश सरकार र स्थानीय तहहरूलाई समेत जिम्मेवार बनाउने प्रयत्न भइरहेको, बढी उत्पादन भएको नाशवान् कृषि उत्पादन कोल्ड स्टोरमा राख्न सक्ने गरी पूर्वाधार विकासको कार्य भइरहेको बताए ।

रासायनिक मल : अब्दुल खानले उठाएको विषयमा प्रधानमन्त्री प्रचण्डले रासायनिक मलको आपूर्ति व्यवस्था विगतका वर्षमा भन्दा सुदृढ भएको बताए । अधिल्लो साउनदेखि हालसम्म तीन लाख ५१ हजार मेट्रिकटन रासायनिक मल आयात भएको र ७१ हजार मेट्रिकटन विभिन्न बिक्री डिपोमा मौज्दातमा रहेको बताए । भारतको कोलकाताबाट ४५ हजार मेट्रिकटन डिएपी असारभित्रै नेपाल भित्रिने अवस्थामा रहेकाले धान रोप्ने सिजनमा विगतजस्तो मल अभाव नहुने उनको भनाइ थियो । रासायनिक मलकोलागि १५ अर्ब विनियोजन भए पनि थप २३ अर्बको स्रोत सुनिश्चित गरी मल आपूर्ति व्यवस्था सुनिश्चित गरिएको उनले स्पष्ट पारे ।

सीमा समस्या : अशोककुमार चौधरीले राखेको यो विषयमा प्रधानमन्त्री प्रचण्डले अन्तर्राष्ट्रिय सीमा सुरक्षालाई थप सबल सुदृढ र प्रभावकारी बनाउन सीमा स्तम्भहरूको नियमित मर्मतसम्भार गर्दै जाने र बोर्डर आउटपोस्टहरूको सुदृढीकरण र थप स्थानमा आउटपोस्ट निर्माण गर्दै लैजाने सरकारको प्राथमिकतामा रहेको बताए । सोहीबमोजिम स्रोत-साधन र जनशक्तिको व्यवस्था गरिएको उनको भनाइ थियो । एक सय २८ बिओपीको भौतिक संरचना निर्माण भएको र असारभित्रै थप १० वटा निर्माण सम्पन्न हुने उनको भनाइ थियो ।

यसबाहेक अमृता अग्रहरीले राखेको जन्मसिद्धका सन्तानलाई नागरिकताको विषयमा अदालतले नै ऐन कार्यान्वयनको बाटो खोलिसकेको र सहज रूपमा वितरण कार्य थालिने प्रधानमन्त्री प्रचण्डले जवाफ दिए । सदनमा उठेका प्रश्नको जवाफ नदिएको भन्ने अञ्जली श्रेष्ठको गुनासोमा प्रधानमन्त्रीले सरकारले संवेदनशील भई जवाफ नियमित रूपमा दिइरहेको र उत्तरदायित्वबाट सरकार कहिल्यै पछि नहट्ने बताए ।

राजनीतिमा...

« पृष्ठ १ बाट क्रमशः

'आवश्यकता पर्दा उहाँको सहयोगका लागि गइन्छ, सामान्य दिनचर्यामै उहाँका दिन बित्ने गरेका छन्,' अहिलेका स्वकीय सचिव राईले भने ।

निवर्तमान भएपछि भण्डारीको व्यस्तता धेरै घटेको छ । प्रधानमन्त्री, मन्त्री, सरकारी उच्च अधिकारी, सुरक्षा प्रमुख, राजनीतिक दलका नेता, विभिन्न क्षेत्रका बुद्धिजीवी, नागरिक अगुवासँग शिष्टाचार भेट र नियमित भेटघाटमा व्यस्त रहने उनको दिनचर्या सामान्य रूपमा बित्न थालेको छ । 'हिजोको परिवेशमा एकखाले नियमित भेटघाट हुन्थ्यो, पदमा नभएपछि त्यस्ता भेटघाट छैनन्, व्यस्तता पूरै घटेको छ,' सचिवालयका एक सदस्यले अनुभव सुनाए, 'शक्तिमा हुँदा एकखालको भेटघाट र आकर्षण हुँदोरहेछ, पहिले भेट्ने मान्छेहरूले पनि भेट्न चाहँदा रहेनछन्, अनावश्यक सम्पर्क पनि हुने कुरा भएन ।'

राष्ट्रपति कार्यालयबाट बिदा भएपछि तीन महिनाको समयमा भण्डारी चारवटा कार्यक्रममा सरिक भएकी छिन् । ३० वैशाखमा डा. अच्युत गौतम र डा. सुरेन्द्र भण्डारीले लेखेको नेपालको लिम्पियाधुरा क्षेत्र पुस्तक विमोचन कार्यक्रममा पहिलोपटक उनी सहभागी भएकी थिइन् । छिमेकी देशसँगको कूटनीतिक सम्बन्धमा राजनीतिक दल र नेताहरू संवेदनशील बन्नुपर्ने कुरामा उनले ध्यानाकर्षण गराएकी थिइन् ।

त्यस्तै, १४ जेठमा राष्ट्रिय समाचार समिति (रासस)को प्रांगणमा गणतन्त्र दिवसका अवसरमा आयोजित चित्रकला प्रदर्शनी कार्यक्रमको अवलोकन गर्नुका साथै राससमार्फत पहिलो अन्तर्वार्ता दिएकी थिइन् । यसबीचमै उनी मदन-आश्रित स्मृति दिवसका अवसरमा ३ जेठमा कोटेश्वरस्थित मदन स्मृति पार्कमा आयोजित कार्यक्रममा सहभागी भइन् भने चोभारस्थित गुम्बामा पुगेर एक आनीको निधनप्रति श्रद्धाञ्जली व्यक्त गरिन् । त्यसबाहेक अरू सार्वजनिक कार्यक्रममा भने भण्डारी देखापरेकी छैनन् ।

नयाँ निवास सरेपछि बुढानीलकण्ठ- २ का वडाध्यक्ष राजेन्द्र श्रेष्ठसहितको एक टोलीले भण्डारीसँग शिष्टाचार भेट गर्दै त्यस क्षेत्रको खानेपानी समस्यालगायत विषयमा अवगत गराएर समाधानका लागि पहल लिन अनुरोध गरेको स्वकीय सचिव राईले बताए । शीतलनिवासमा स्वागत र शिष्टाचार बिदाइपछि यसबीचमा निवर्तमान राष्ट्रपति भण्डारी र राष्ट्रपति रामचन्द्र पौडेलबीच पनि भेटवार्ता भएको छैन । यद्यपि, उनले राष्ट्रपति पौडेलको स्वास्थ्य अवस्थाबारे चासो राख्दै स्वास्थ्यलाभको कामना गरेकी छिन् । पौडेलका छोरालाई टेलिफोन गरेर स्वास्थ्यलाभको कामना गर्दै भण्डारीले तत्कालीन स्वकीय सचिव अधिकारीलाई स्वास्थ्य अवस्थाबारे बुझ्न र स्वास्थ्यलाभको कामना गर्न त्रिवि शिक्षण अस्पताल पठाएकी थिइन् । त्यस्तै, नयाँ वर्ष र लोकतन्त्र दिवसमा देशवासीलाई शुभकामना सन्देश प्रवाह गर्ने शिष्टाचार पूरा गरेकी छिन् ।

एमालेको राजनीतिमा फर्किन सक्ने ढोका खुला राखेकी भण्डारीको यसबीचमा अध्यक्ष केपी ओलीसहित नेताहरूसँग पनि बाक्लो संवाद छैन । यद्यपि, अवकाशपछि ओलीसहित पदाधिकारीहरू, केन्द्रीय तहका नेता र एमाले सांसदहरूले अवकाशलगत्तै बालुवाटार पुगेर भण्डारीसँग शिष्टाचार भेट गरेका थिए । उपाध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवाली, विष्णु रिमाल, स्थायी समिति सदस्य भानुभक्त ढकाल, डा. राजन भट्टराईले भने सामूहिक भेटवार्ता गरेका थिए ।

एमालेकै कतिपय अन्य नेताहरूले भने आवश्यकताअनुसार भण्डारीसँग भेटवार्ता गरेका छन् । एमाले नेताहरू 'मिसन ग्रासरुट' अभियानमा व्यस्त भएकाले पनि पछिल्ला दिनमा नेताहरूको खासै बाक्लो भेटघाट नभएको तत्कालीन सचिवालयका सदस्यहरूको भनाइ छ । 'अभियानमा व्यस्त भएकाले होला एमाले नेताहरूले खासै भेटघाट गर्नुभएको छैन, बरु काग्रेसका कतिपय नेताहरूले अहिलेका राष्ट्रपतिले गर्नुपर्ने कामबारे सम्पर्क राखेर चासो राखेका छन्,' तत्कालीन सचिवालयका एक सदस्यले भने ।

अवकाशअघि कूटनीतिक शब्दमा आफ्ना कुरा राख्दै आएकी भण्डारीले आफ्ना लागि राजनीतिक सक्रियता आवश्यकताले निर्धारण गर्ने संकेत गर्दै आएकी छिन् । भण्डारीले एमालेको राजनीतिमा फर्किने चाहना व्यक्त गर्दा व्यवस्थापनका लागि पार्टीभित्र समस्या हुने भएकाले पनि तत्काल निर्णय लिन कठिनाइ भएको कतिपय नेताहरूकै बुझाइ छ ।

'उहाँको चाहना नै भए पनि महाधिवेशनको मिति तय भएपछि सक्रिय हुने कुरा अलग्गै भयो, नत्र अहिले कहाँ, कुन पदमा राख्ने अर्को जटिलता पनि छ, त्यसैले उहाँले राजनीतिमा फर्किने निर्णय तत्काल गर्नुहोला भन्ने लाग्दैन,' एमालेका एक स्थायी समिति सदस्यले नयाँ पत्रिकासँग भने ।

पछिल्लोपटक भेटवार्ता गरेका एमाले केन्द्रीय सदस्य माधव ढुंगेलले निवर्तमान राष्ट्रपति भण्डारी केही समयभित्रै सामाजिक विकासको योजनासहित सक्रिय बन्ने मनस्थितिमा रहेको आफूले पाएको बताए । 'उहाँले राजनीतिमा आउने आशय व्यक्त गर्नुभएको छैन, तर केही समयपछि सामाजिक विकासको योजनासहित सक्रिय हुने मनस्थितिमा हुनुहुन्छ,' भेटवार्ताको अनुभव सुनाउँदै ढुंगेलले भने, 'सामाजिक विकासका काम कसरी गर्न सकिन्छ ? राष्ट्रपति हुँदा आफूले प्राप्त गरेको ज्ञान र सूचनालाई कसरी प्रयोग गर्ने भन्ने विषयमा चिन्तनमनन गर्दै योजना निर्माणका लागि उहाँले अहिले सल्लाह-सुझाव लिइरहनुभएको छ ।'

नेपालको राष्ट्रिय हितको रक्षा र नेपालीले भोगिरहेको नागरिकता समस्यालगायत विषयमा भण्डारीको गहिरो चासो र चिन्ता रहेको ढुंगेलको भनाइ छ । 'नेपालको राष्ट्रिय हितको रक्षाका विषयमा निवर्तमान राष्ट्रपतिको गहिरो चासो छ । नेपालीले भोगिरहेको नागरिकताको समस्या, सामाजिक परिवर्तन, मानव विकास र पर्यावरण संरक्षणका विषयमा पनि उहाँको चासो र चिन्ता छ,' ढुंगेलले भने, 'राष्ट्रको अभिभावक भइसकेको व्यक्तित्वले त्यस्ता विषयमा चासो राख्नु स्वाभाविक पनि छ ।'

सामाजिक कामका लागि निवर्तमान राष्ट्रपति भण्डारीले पूर्वअध्यक्ष रहेको मदन भण्डारी फाउन्डेसन या अरू कुन फोरम प्रयोग गर्दा उपयुक्त हुन्छ भन्ने विषयमा चिन्तनमननमै रहेको ढुंगेलले बताए । 'पूर्वअध्यक्ष रहेको मदन भण्डारी फाउन्डेसन या अरू कुनै फोरमलाई माध्यम बनाएर आउने, सक्रिय हुने मनस्थिति भए पनि ठ्याक्कै कसरी सक्रिय बन्ने भन्ने निष्कर्षचाहिँ निकालिहाल्नुभएको अवस्था होइन,' उनले भने ।

पूर्वराष्ट्रपतिको हैसियतमा प्राप्त गर्ने सवारीसाधन र सुरक्षाकर्मी, सरकारी सुविधाको एक स्वकीय सचिवसहित तीनजना कर्मचारीको सुविधा उनले लिएकी छिन् । सहसेनानीको नेतृत्वमा रहेको २६ जना नेपाली सेना उनको सुरक्षामा खटिएका छन् । चपलीस्थित निवासलाई भण्डारीले निजी खर्चमै मर्मतसम्भार गरेकी थिइन् ।

ओखलढुंगामा...

« पृष्ठ १ बाट क्रमशः

गाउँपालिका- ८ बिलन्दुका ३६ वर्षीय रणबहादुर गुरुङको घर परिवार नै बगायो । पहिरोमा परी गुरुङसँगै उनकी २९ वर्षीया श्रीमती शिवमाया गुरुङ, १० वर्षीय छोरा दिनेश गुरुङ र १८ महिनाकी छोरी कृतिका गुरुङको मृत्यु भएको भएको जिल्ला प्रहरी कार्यालय ओखलढुंगाका प्रमुख प्रहरी नायब उपरीक्षक दीपकबहादुर केसीले जानकारी दिए । 'राति ११ देखि १२ बजेको बीचमा एउटा डाँडाको केही भाग पल्टिएछ । मध्यरातको निद्रामा भएका एकै परिवारको चारजनाको मृत्यु भयो,' उनले भने, 'साना ननीहरूसँग भएर होला भाग्न पाएनन् । घर पूर्ण रूपमा क्षति भयो ।'

पहिरोका कारण बलबहादुर गुरुङ र जरसिंह गुरुङको घर पनि बगेको छ । उनीहरू पूर्ण रूपमा विस्थापित भएका छन् । 'ठूलो आवाज आएकै कारण दुई परिवारका व्यक्तिहरूले भागेको बताउनुभएको छ । उहाँहरूले पहिरो आउँदा-आउँदै थाहा पाएका कारण थप मानवीय क्षति भएन ।' प्रहरी नायब उपरीक्षक केसीका अनुसार क्षति भएको घरको ८०/९० मिटरमाथि यो डाँडा छ । अहिले पनि निरन्तर पानी परिरहेका कारण त्यो डाँडा खस्ने सम्भावना उत्तिकै रहेको केसीले बताए । 'स्थानीयका अनुसार ०७२ कै भूकम्पले यो डाँडा चर्किएको रहेछ । वर्षाका कारण डाँडा नै खस्यो,' उनले भने, 'वर्षा भइरहेका कारण अझलै डाँडा खस्ने जोखिम छ । जसका कारण सिंगो गाउँ नै जोखिममा छ ।' पहिरोका कारण पूर्ण रूपमा दुई घरमा क्षति पुगेको छ । उनीहरूसँगै उच्च जोखिममा रहेका दश परिवारका ३५ सदस्यलाई गाउँपालिका र वडाको सहयोगमा सुरक्षित स्थान कल्पेश्वर माविमा लगेर राखिएको डिएसपी केसीले बताए । त्यस्तै, देशका विभिन्न स्थानमा शुक्रबार भएका छुट्टाछुट्टै घटनामा चारजनाको मृत्यु भएको छ । पृथ्वी राजमार्गअन्तर्गत धादिङको गल्छी गाउँपालिका- ७ गल्छीमोडमा भारतीय नम्बर प्लेटको बस दुर्घटना हुँदा एकजनाको मृत्यु र १९ जना घाइते भएका छन् । त्यसैगरी, खोलाले बगाउँदा दैलेखमा ठाटीकाँध गाउँपालिका- ४ माझचौरकी १७ वर्षीया उर्मिला कठायतको ज्यान गएको छ ।

रिलायन्स फाइनान्स लिमिटेडको तेह्रौं बार्षिक साधारण सभा बस्ने सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०३/०९)

शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको मिति २०८०/०३/०८ गते बसेको संचालक समितिको ३०६ औं बैठकको निर्णयानुसार यस रिलायन्स फाइनान्स लि. को तेह्रौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

सभा हुने मिति समय र स्थान:

मिति : २०८० साल असार महिना ३१ गते (तदनुसार १६ जुलाई, २०२३)
स्थान : स्मार्ट दरवार व्यांक्वेट, धुम्बाराही, काठमाण्डौ ।
समय : दिनको ११:०० बजे ।

(क) **सामान्य प्रस्तावहरु:**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आर्थिक वर्ष २०७८/०७९ को तेह्रौं वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.ब.२०७८/७९ आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०७९/८० को लेखापरीक्षण गर्नका लागि लेखापरिक्षण समितिको सिफारिश बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे । (साविकका लेखापरिक्षक श्री सुन्दर एण्ड कम्पनी पुनः नियुक्त गर्न योग्य हुनुहुन्छ ।)
४. संस्थाको संचालक समितिबाट सिफारीस भई नेपाल राष्ट्र बैंकबाट स्विकृत गरे बमोजिम आ.ब.२०७८/०७९ मा भएको मुनाफाबाट कुल चुक्ता पूँजी रु.१,०५,३०,०६,३१९/- (अक्षरेपी एक अर्ब पाँच करोड तिस लाख छ हजार तिन सय उन्नाईस) को ६.५० प्रतिशतका दरले हुने रु.६,८४,४५,४११/- (अक्षरेपी छ करोड चौरासी लाख पैतालिस हजार चार सय एघार मात्र) बराबरको बोनश शेयर वितरण गरिने हुँदा सोको कर प्रयोजनार्थ नगद लाभाँश चुक्ता पूंजीको ०.३४ प्रतिशतले हुने रु.३६,०२,३९०/- (अक्षरेपी छत्तिस लाख दुई हजार तिन सय नब्बे मात्र) नगद लाभाश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।
५. सञ्चालक समितिमा संस्थापकको तर्फ बाट प्रतिनिधित्व गर्ने सञ्चालक संख्या ३ जना र सर्वसाधारण शेयरधनीहरुको समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालक संख्या ३ जनाको निर्वाचन गर्ने ।
६. विविध ।

(ख) **विशेष प्रस्तावहरु:**

१. संस्थाको संचालक समितिबाट सिफारीस भई नेपाल राष्ट्र बैंकबाट स्विकृत गरे बमोजिम आ.ब.२०७८/०७९ मा भएको मुनाफाबाट कुल चुक्ता पूँजी रु.१,०५,३०,०६,३१९/- (अक्षरेपी एक अर्ब पाँच करोड तिस लाख छ हजार तिन सय उन्नाईस) को ६.५० प्रतिशतका दरले हुने रु.६,८४,४५,४११/- (अक्षरेपी छ करोड चौरासी लाख पैतालिस हजार चार सय एघार मात्र) बराबरको बोनश शेयर वितरण गर्ने र सो बापत कर प्रयोजनार्थ नगद लाभाँस चुक्ता पूंजीको ०.३४ प्रतिशतले हुने रु.३६,०२,३९०/- (अक्षरेपी छत्तिस लाख दुई हजार तिन सय नब्बे मात्र) गरि जम्मा लाभाश रकम चुक्ता पूंजीको ६.८४ प्रतिशतले हुने रु.७,२०,४७,८०१/- (अक्षरेपी सात करोड विस लाख सतचालिस हजार आठ सय एक) वितरण गर्ने प्रस्ताव पारित गर्ने तथा बोनश शेयर वितरण गरे पश्चात कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने प्रस्ताब स्विकृत गर्ने ।
२. संस्थाको तेह्रौं वार्षिक साधारण सभाको निर्णय बमोजिम जारि गरेको ६.५० प्रतिशत बोनश शेयर प्रदान गरे पश्चात कायम हुन आउने चुक्ता पूँजी तथा जारी पूँजी रु.१,१२,१४,५१,७३०/- (अक्षरेपी एक अर्ब बाह्र करोड चौधलाख एकाउन्न हजार सात सय तिस मात्र) कायम हुने भएकोले संस्थाको प्रबन्धपत्र संशोधन गरि संस्थाको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने र तद्अनुरुप हुने गरि संस्थाको प्रबन्धपत्र/नियमावलीमा आवश्यक संशोधन, परिमार्जन र थप गर्ने ।
३. काठमाण्डौ का.म.न.पा. वडा नं. २८ प्रर्दशनीमार्गमा संस्थाले केन्द्रीय कार्यालय संचालन गरि आएकोमा संस्थाको केन्द्रीय कार्यालय राख्ने प्रयोजनका लागि का.जि.का.म.न.पा. वडा नं. १ कमलादीमा संस्था आफैले घर जग्गा खरिद गरेको हुँदा उक्त घरमा संस्थाको केन्द्रीय कार्यालय सार्ने भएकोले नेपाल राष्ट्र बैंकको स्वीकृती लिई संस्थाको प्रबन्धपत्र/नियमावलीमा संस्थाको केन्द्रीय कार्यालयको ठेगाना संशोधन गर्नुपर्ने भएकोले तद्अनुरुप हुने गरि प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न प्रस्ताब गरेका छौ ।
४. सञ्चालकले पाउने पत्र पत्रिका तथा सञ्चार सुविधा वृद्धि गर्ने सम्वन्धमा ।
५. यस रिलायन्स फाइनान्स लि.तथा अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने (मर्जर), प्राप्ती तथा विलय गर्न उपयुक्त देखिएमा मर्जर, प्राप्ति वा विलय गर्न, DDA गर्न, नियमनकारी निकायबाट आवश्यक स्वीकृति लिन तथा सो सम्बन्धमा सम्पूर्ण काम गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने । साथै गाभिने (मर्जर), प्राप्ति तथा विलय समेतका सम्बन्धमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनैपनि विषयमा संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु समेत गर्न संस्थाको संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।
६. प्रबन्धपत्र नियमावली संशोधनमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनैपनि विषयमा संशोधन परिमार्जन, थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु समेत गर्न संस्थाको संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

साधारण सभा सम्बन्धी अन्य जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनार्थ २०८०/०३/२० गते एक दिन यस संस्थाको शेयरधनी दर्ता किताब बन्द रहने जानकारी गराउंदछौ । साथै, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८०/०३/१९ सम्म कारोबार भई सि.डि.एस. एण्ड क्लियरिङ्ग लि. बाट राफसाफ भई यस संस्थाको शेयर रजिष्ट्रार सनराईज क्यापिटल लि., कमलपोखरी काठमाण्डौमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन र बोनश शेयर तथा नगद लाभांश प्राप्त गर्न सक्नेछन् ।
२. साधारण सभाको लागि सम्पूर्ण शेयरधनी महानुभावहरुले आ.ब.२०७८/०७९ को वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन संस्थाको केन्द्रीय कार्यालय वा शेयर रजिष्ट्रार सनराईज क्यापिटल लि. कमलपोखरीबाट प्राप्त गर्न सक्नु हुनेछ । साथै उक्त प्रतिवेदन कम्पनीको वेवसाईट www.reliancenepal.com.np मा हेर्न वा डाउनलोड गर्न सक्नुहुनेछ ।
३. सम्पूर्ण शेयरधनी महानुभावहरुले उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका विहान १०:०० बजेदेखि साधारण सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ ।
४. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फाराम सभा शुरु हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै संस्थाको प्रदर्शनीमार्ग स्थित संस्थाको केन्द्रीय कार्यालयमा भौतिक वा ईमेल मार्फत दर्ता गराई सक्नु पर्नेछ । प्रतिनीधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत यस संस्थाको शेयरधनी हुनु आबश्यक छ ।
५. सभामा सबै शेयरधनीहरुले विविध शिर्षकमा छलफल गर्न चाहेको विषय, जिज्ञासा, मन्तब्यको सम्बन्धमा कम्तीमा ७ दिन अगावै कम्पनीको केन्द्रीय कार्यालयमा लिखित जानकारी दिनुपर्ने छ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
८. कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्दा आफनो नाममा रहेको सम्पूर्ण शेयरको प्रोक्सी एक व्यक्तिलाई मात्र तोक्न सक्ने छ । एक प्रतिनिधि फाराममा एक भन्दा बढी व्यक्तिलाई प्रतिनिधि प्रोक्सी नियुक्ति गरिएमा त्यस्तो नियुक्ति बदर हुने छ । एक शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) फाराम मार्फत एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा कम्पनीमा पहिले दर्ता भएको प्रतिनिधि (प्रोक्सी) लाई मान्यता प्रदान गरिने छ । प्रतिनिधि नियुक्त गरी सकेपछि शेयरधनी आफै सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेको अवस्थामा निजले गरिदिएको प्रोक्सी स्वतः बदर हुनेछ ।
९. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट संस्थाको लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएका व्यक्तिले मात्र सभामा भाग लिन मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नेछन् ।
१०. संचालक निर्वाचन सम्बन्धी विवरण, निर्वाचन तालिका, संचालकको योग्यता सम्बन्धी विववरणहरु यस रिलायन्स फाइनान्स लिमिटेडको केन्द्रीय कार्यालयमा रहेको निर्वाचन अधिकृतको कार्यालयमा टाँस गरिनेछ ।
११. सभामा सबै शेयरधनीहरुले विविध शिर्षकमा छलफल गर्न चाहेको विषय, जिज्ञासा, मन्तब्यको सम्बन्धमा संचालक समिति तथा संचालक समितिबाट आदेश पाएका व्यक्तिले जवाफ दिन सक्ने छन् ।
१२. अन्य जानकारीको लागि रिलायन्स फाइनान्स लिमिटेडको केन्द्रीय कार्यालय, प्रदर्शनी मार्ग काठमाण्डौमा कार्यालय समयभित्र सम्पर्क राख्न हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौ ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

Head Office: B.J. Bhawan, Pradarshani Marg, Kathmandu. Tel: 01-5361104, 5323117 , 5361041, 5361167
info@reliancenepal.com.np | www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

आइएमई लिमिटेड
पानीपोखरी काठमाडौं

**यस कम्पनीलाई आवश्

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ.नयाँ
शनिबार ९ असार ०८०
nayapatrikaofficial @naya_patrika

सिंहदरबारले सुन्ने माइतीघर

न्याय खोज्दै माइतीघरमा दिनहुँ धर्नामा हुन्छन्, सहकारीपीडितदेखि सैनिकपीडितसम्म, (अ)नागरिकदेखि मिटरब्याजपीडित र साहुकारसम्म

देशका विभिन्न स्थानबाट न्याय खोज्दै राजधानी आइपुगेका आन्दोलनकारी हप्तौंदेखि माइतीघरमा नारा लगाइरहेका छन्, आफ्नो आवाज सिंहदरबारसम्म पुऱ्याउन जोड-जोडले चिच्याइरहेका छन् । उनीहरूका मुद्दा फरक छन्, तर विश्वास एउटै छ- माइतीघरबाट बोलेपछि सिंहदरबारले सुन्छ ।

अनिल यादव
aniljournalist2067@gmail.com

समाज



नौ दिनदेखि माइतीघरमा धर्ना दिइरहेको जनकपुरकी आरती साहको परिवार



एक महिनादेखि धर्ना बसिरहेका गोरखाका टेकबहादुर घले

प्रबाट हेर्दा माइतीघर मण्डलाको भिड कुनै एक आन्दोलनजस्तो लाग्न सक्छ । तर, नजिकै पुगेपछि थाहा हुन्छ, यतिखेर त्यहाँ ६ फरक-फरक आन्दोलन छन् । सुदूरपश्चिमदेखि मधेस प्रदेशसम्मका नागरिक आ-आफ्ना पीडासहित माइतीघरको सडकमा आइपुगेका छन्, न्यायको आशा बोकेर ।

न धुलो, न धुवाँ । न घाम, न पानी । न हावा, न हुरी । हप्तौंदेखि उनीहरू बेपर्वाह नारा लगाइरहेका छन्, आफ्नो आवाज सिंहदरबारसम्म पुऱ्याउन जोड-जोडले चिच्याइरहेका छन् । बिहान-बेलुका खाना खाइरहेका छन् यहीं, दिउँसोको खाजामा दालमोठ, चिउरा र चाउचाउ । आ-आफ्नो ठाउँ ओगटेर त्रिपाल बिछ्याएर बसेका छन् । धर्नामा बसेका युवायुवतीदेखि वृद्धवृद्धासम्म सबैको अन्तिम विश्वास छ- 'माइतीघरबाट बोलेपछि सिंहदरबारले सुन्छ ।'

२० दिनदेखि विभिन्न सहकारीबाट ठगिएका पीडित राज्यले आफ्नो बचत रकम उठाइदेओस् भनेर यही धर्ना दिन आएका छन् । आफ्नै देशमा अनागरिक भएर बाँचिरहेका नागरिकताविहीन १९ दिनदेखि यहीं छन् । प्रहरीको गोली लागेर घाइते भएका वीरेन्द्र जैसी क्षतिपूर्तिको आशामा ७ दिनदेखि यहीं आमरण अनशनमा छन् । छेवैमा दाइजो नदिएका कारण आफ्नै ज्वाइँको परिवारले हत्या गरेको आरोपसहित आरती साहको परिवार जनकपुरबाट यहीं आइपुगेका छ । सडक निर्माणका लागि पहाड फोड्ने क्रममा नेपाली सेनाले आफ्नो गेस्ट हाउस ध्वस्त पारिदिएको भन्दै उचित क्षतिपूर्तिको मागसहित गोर्खास्थित दोभानका तेजबहादुर घले २९ दिनदेखि यहीं धर्नारत छन् । यति मात्रै होइन, ०४७ सालको संविधान पुनर्वहाली हुनुपर्ने मागसहित राजसंस्थाका पक्षधर पनि १२ दिनदेखि यहीं सत्याग्रहमा छन् । र, मिटरब्याजपीडितको पक्षमा आएको अध्यादेशले अन्याय गरेको भन्दै मंगलबार मात्रै मधेस प्रदेशबाट साहुहरू पनि आन्दोलन गर्न माइतीघर नै आइपुगेका छन् ।

आरती साहको न्यायका लागि

दाइजो नदिएको निहुँमा श्रीमान्कै परिवारबाट छोरीको हत्या गरिएको र प्रहरीले नै आरोपीलाई संरक्षण गरेको भन्दै जनकपुरबाट एक पीडित परिवार न्यायको अन्तिम आशामा माइतीघर मण्डलामा धर्ना दिन आइपुगेको छ ।

बुधबार साँझ माइतीघर पुग्दा आमा निर्मलादेवी 'हमर आरती बेटी न्याय दियेबाक' भन्दै लगातार रोइरहेकी थिइन् । छोरी मनिषा उनलाई सम्हाल्न खोजिरहेकी थिइन् । गत जेठ ७ गते जनकपुरकी आरती साहको शव उनकै श्रीमान् मोतीबाबुको घरमा झुन्डिएको अवस्थामा फेला परेको थियो । तर, शरीरभरि निलडाम देखिएको भन्दै पीडित परिवारले हत्या भएको दाबी गरेको छ । 'एक हप्ताअघि मात्रै बाइक र दराज चाहियो भन्दै आएका थिए, बाइक दिन सक्दिनँ, दराजचाहिँ बरु राम्रै किनिदिन्छौं भनेका थियौं । तर, एक्कासि छोरी मरेको खबर सुन्नुपऱ्यो । शव पनि हस्टिपलमा मात्रै देख्न पायौं, त्यो पनि निलडाम भएको अवस्थामा,' निर्मलादेवीले भनिन् ।

सुरुमा आरतीको माइतीपक्षले कर्तव्य ज्यान मुद्दामा जाहेरी दिए पनि जिल्ला प्रहरी कार्यालय धनुषाले लिन मानेको थिएन । तर, पीडित परिवारको प्रदर्शनपछि प्रहरीले आरतीका श्रीमान् मोतीबाबु साह र ससुरा मदनमोहनविरुद्ध जाहेरी लिन बाध्य भयो । दुवैलाई जिल्ला अदालत धनुषाले पुर्पक्षका लागि थुनामा पठाउन आदेशसमेत दिइसकेको छ । तर, गत जेठ ३२ गते बिहीबार साँझ प्रहरीले बयान दिन बोलाउने क्रममा पूरै परिवारलाई नै कुटपिट गरेको भन्दै न्याय पाउनेमा आशंकासहित आरतीको परिवार अहिले माइतीघर आइपुगेको छ । 'अपराधीका हिरोहरू' भन्दै उनीहरूले जिल्ला प्रहरी कार्यालय धनुषाका एसपी विश्वराज खड्का र डिएसपी वेदप्रकाश गौतमलाई कारबाहीको माग गर्दै उनीहरूको तस्बिर नै बिछ्याएका छन् ।

'दिदीको मृत्यु भएको २५ दिनपछि बयान दिन बोलाइयो, आरतीकी बहिनी बनिसाले भनिन्, 'बयान दिन जाँदा प्रहरीले हामीलाई उल्टै कुटपिट गऱ्यो । बयान उनीहरूले लेखे, जबर्जस्ती हामीलाई साइन गर्न लगाए । नमानेपछि बुबा र भाइहरूलाई कुटपिट गर्न थाले । मैले भिडियो खिच्दा डिएसपी वेदप्रकाश गौतमले मेरो कपाल तानेर मलाई उल्टै कुटे । तिमरु बाउछोरा सबै ड्रग्स खाएर आको छौ भन्दै नानाथरी गाली गरे । दाइ त बेहोस नै भएपछि होसमा ल्याउनलाई मोजासम्म सुँघाएका थिए ।'

'प्रहरीले हामी सबैलाई उल्टै राति १० बजेसम्म हिरासतमा राख्यो । दाइलाई खुट्टा ढोम्न लगायो,' बहिनी मनिषाले भनिन्, 'तपाईंहरूले जे-जे गर्दिनुहुन्छ, हामी त्यही-त्यही मान्छौं भनेपछि मात्रै छोड्न तयार भयो । त्यसपछि भाइलाई हस्पिटल लग्यौं । इमर्जेन्सीमा भर्ना गऱ्यौं । हस्पिटलबाट डिस्चार्ज भएपछि न्याय माग्दै सिधैं माइतीघर आएका हौं ।'

'माइतीघर मण्डला नै किन ?'

'यहाँबाट बोलेपछि राज्यले सुन्छ भनेर,' आमा निर्मलादेवीले थपिन् ।

प्रहरी अधिकृतको तस्बिर भएको ब्यानर बिछ्याएपछि मंगलबार माइतीघर डिउटीमा खटिएका प्रहरीले त्यसलाई हटाउन खोज्दा पीडित परिवारसँग घम्साघम्सी नै भएको थियो । तर, त्यहाँ उपस्थित अन्य आन्दोलनकर्मीको दबाबका कारण प्रहरी पछि हट्न बाध्य भएको थियो ।

'अब माइतीघरमै दर खाने, तिज मनाउने'

२० दिन भइसक्यो देशभरका सहकारीपीडित आफ्नो फसेको रकम उठ्ने आशामा माइतीघरमा धर्नारत छन् । सहकारीपीडित बचतकर्ता महासंघ संघर्ष समिति नै गठन गरेर उनीहरू आफ्नो पैसा उठाइदिन राज्यसँग माग गरिरहेका छन् । बिहीबार माइतीघर पुग्दा काठमाडौं नागार्जुनकी राधा महर्जन माइकमा भन्दै थिइन्, 'दिदीबहिनी हो, अब हाम्रो पैसा फिर्ता नभई कतै नजाने हो । अब असार १५ गते दहीचिउरा यहीं खाने हो । माइतीघर नै यसलाई ठानेर तिज पनि यहीं मनाउने हो । साउनको व्रत पनि यहीं बस्ने हो । तर, माग पूरा नभएसम्म यहाँबाट उठ्दैनौं ।'

एक निजी घरमा घरेलु मजदुरका रूपमा सरसफाइको काम गर्ने महर्जनको साढे आठ लाख रकम डुबेको छ । आफ्नो कमाइ र विदेशबाट छोरीलाई बचत गर्न भनेर पठाएको सबै रकम खुसी बचत तथा ऋण सहकारीले खाएर फरार भएपछि उनी न्याय पाउने आशामा माइतीघरको सडकमा दिनरात काटिरहेकी छिन् । 'यही कारण जागिर पनि गयो, साहुले अर्कै कामदार राखिसक्यो । अब यो पैसा नउठेसम्म घरमा अनुहार देखाउन मन छैन,' उनले भनिन् ।

सहकारीपीडित बचतकर्ता महासंघ संघर्ष समितिकी अध्यक्ष सुनितासिंह राजभण्डारीका अनुसार अहिलेसम्म देशभरका ५५ वटा सहकारीका पीडित उनीहरूको आन्दोलनसँग जोडिएका छन् । कैलाली, बर्दिबास, बर्दियालगायत ठाउँबाट पीडित धर्ना दिन आएका छन् । च्यालीका वेला सबै भेला हुने, तर सधैं धर्नामा बस्नेको संख्या भने कम हुन्छ । 'साथीहरू आउँदै जाँदै गरिरहनुभएको छ । मलगायत केही पीडित साथीहरूले भने सडकबाट बोल्न छाडेका छैनौं, निरन्तर यहीं छौं,' महर्जनले भनिन् ।

नागरिकता माग्दै माइतीघरमा

आफ्नै देशमा नागरिकताविहीन हुन पुगेका नागरिक १८ दिनदेखि माइतीघरमा धर्नारत थिए । राष्ट्रपतिबाट प्रमाणीकरण भएको नागरिकता विधेयक कार्यान्वयनमा आएलगत्तै उनीहरू खुसी भएका थिए । तर, सर्वोच्च अदालतमा रिट परेर जब तत्काल कार्यान्वय नगर्नू भनेर अल्पकालीन अन्तरिम आदेश जारी भयो, त्यसपछि न्याय माग्दै उनीहरू माइतीघरको शरणमा आइपुगे । मोरङका युवा निरजकुमार कामतले आत्मदाहको प्रयास गरे ।

नागरिकता पाउने आशामा धनगढीस्थित कैलालीका साजिद हसान १२ दिनयता माइतीघरकै सडकमा धर्नारत छन् । सानैमा बुबाले अर्को बिहे गरेर बेपत्ता भएपछि आमासँग बस्दै आएका उनले अहिलेसम्म नागरिकता बनाउन पाएका छैनन् । 'म २१ वर्षको भइसकैं, प्लस टु गरेर ब्याचलर गर्दै छु । एकल आमाबाट नागरिकता नबन्दा मेरो करिअर अहिलेसम्म जिरो नै छ,' उनले भने, 'एसइई दिएपछि सबै साथीको बाटो खुल्यो । तर, म यहाँ आन्दोलन गर्न आउनुपरेको छ । त्यो पनि आफ्नै देशमा नागरिकता पाउनलाई । घरबाट पकेट खर्च पठाउँदा पनि अर्काको बैंक खातामा हाल्नुपर्छ । नागरिकता नभएर मैले त बैंक खातासम्म खोल्न पाउँदिनँ ।'

नागरिकताविहीन संघर्ष समिति नै गठन गरेर नागरिकताविहीनहरू माइतीघरमा भेला भएका छन् । समितिका राष्ट्रिय अध्यक्ष इन्द्रजित साफी आफूले चैत १० गतेदेखि मेची-महाकाली अभियान गरेर १० हजारभन्दा बढी नागरिकताविहीन रहेको कागजात संकलन गरेको बताउँछन् । 'हामी अहिले यहाँ देशैभरबाट सात सयजना आन्दोलनमा छौं, आउँदै-जाँदै गरिरहेका छौं,' उनले भने, 'खाना भद्रकालीमा पकाएर यता ल्याएर खाइरहेका छौं । साथीहरू बिरामी पर्न थालेपछि रातिचाहिँ गौशालाको धर्मशालामा गएर सुत्न थालेका छन् । बुबाको जन्मसिद्धका आधारमा नागरिकता भएका र आमाको वंशजका आधारमा नागरिकता भएका सन्तान यहाँ आन्दोलनमा छन्,' उनले भने । हजुरबुबा र हजुरआमाको जन्मसिद्ध, आमाको वंशज र बुबाको जन्मसिद्धको नागरिकता हुँदा उनी स्वयंले नेपालमा इन्जिनियर पढ्न पाएनन् । त्यसपछि सन् २०१५ मा भारतमा इन्जिनियरिङ पढ्न गएका उनले मास्टर्स गरेर फर्केको चार वर्ष हुँदासम्म लाइसेन्स पाउन सकेका छैनन् । 'न बाइकको लाइसेन्स छ, न इन्जिनियरको । कसैले जागिर पनि दिइरहेको छैन,' उनले भने ।

रौतहट शिवनगरकी निशा जैसवालले एसइई दिएपछि स्टाफ नर्स पढ्नका लागि ६ महिना तयारी गरिन् । फस्ट इन्ट्रान्समा राम्रो अंकसमेत ल्याइन् । तर, परीक्षा भने दिन पाइनन् । कारण, नागरिकता नहुनु । 'मेरो ममीको वंशज र बुबाको जन्मसिद्ध नागरिकता भएका कारण भाइ-बहिनी र मेरो नागरिकता छैन,' माइतीघरको धर्नामा भेटिएकी उनले भनिन्, 'स्टाफ नर्सको परीक्षा दिन नपाएपछि म प्लस टुमा कमर्स पढ्न बाध्य भएँ । नागरिकता नहुँदा साह्रै दुःख पाइयो । आफ्नै नामको सिमकार्डसम्म बोक्न पाइँदैन । कति बैंकबाट इन्टर्न गर्ने अवसर आउँछ, तर नागरिकता नभएका कारण गर्न पाएको छैन ।'

आन्दोलनमा उनकी बहिनी अनिशासमेत थिइन् । 'बुबा पनि



आउनुभएको छ । हाम्रो सानो गल्तीको सजाय तिमीहरूले भोगिरहेका छौ भन्दै दुःख मान्नुहुन्छ । अशिक्षाका कारण त्यतिवेला कुन किसिमको नागरिकता लिँदा के हुन्छ, उहाँहरूलाई केही थाहा भएनछ,' निशाले भनिन् ।

उनीहरूको मूल माग नागरिकता विधेयकविरुद्धको रिट खारेजी पनि हो । सर्वोच्च अदालतको जेठ २१ गते अल्पकालीन अन्तरिम आदेशले नागरिकता विधेयक कार्यान्वयन गर्नबाट रोकेको थियो । तर, बिहीबार साँझ नै सर्वोच्च अदालका न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र कुमार रेग्मीको इजलासले अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता नदिने फैसला गरेपछि नागरिकताविहीनमा नागरिकता पाउने आशा सञ्चार भएको छ । तत्कालका लागि उनीहरू घर फर्किएका छन् ।

मिटरब्याजी साहुकारको आन्दोलन

२० वैशाखमा मिटरब्याजपीडितको समस्या सम्बोधन हुने गरी राष्ट्रपति रामचन्द्र पौडेलबाट 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८०' जारी भएपछि मधेसबाट आएका सयौं मिटरब्याजपीडित माइतीघर मण्डलबाट घर फर्किए ।

अहिले त्यही माइतीघरको सडकमा 'लेनदेन कारोबार सहज गर' भन्दै साहुकार नै आइपुगेका छन् । लेनदेनपीडित संघर्ष समिति गठन गरेर उनीहरू मिटरब्याजपीडितका लागि जारी भएको अध्यादेश खारेजको मागसहित मंगलबार माइतीघर आइपुगेका हुन् । कानुनबमोजिम गरिएको लगानी कानुनबमोजिम फिर्ता पाउनुपर्ने उनीहरूको माग छ ।

'पैसा दिने हामी, माफ गर्ने सरकार ?,' आफूलाई लेनदेन संघर्ष समिति सिरहाका अध्यक्ष बताउने धनेश्वर यादवले भने, 'हामीले बैंकमा पैसा लिँदा सात पुस्ताको नाम लेख्नुपर्छ, पैसा नतिर्दा हामीलाई बैंकले माफी दिन्छ र ? मैले बैंकबाट कर्जा लिएर गरिबको किड्नी फेलको उपचारका लागि एक लाख दिएको छु । अर्कोको फ्लाइट (विदेश जान) गर्नका लागि दुई लाख दिएको छु । तर, मलाई मेरो सुर्ता छैन । तर, जुन अध्यादेश ल्याइयो, त्यो धनीलाई मात्रै होइन, गरिबलाई पनि घातक भएको छ । हामी धनी छौं भने कसैको ऋणी पनि छौं । बैंकबाट ऋण लिएका हुन्छौं ।'

केही फटाहा भए पनि सबै त्यस्तो नभएको यादवको तर्क थियो । त्यस्तै महोत्तरी भमरापुरबाट आएका साहु अशोक शर्माले अध्यादेश जारी भएपछि तराईमा धेरैको बिहे बन्द भएको बताए । 'तराईमा कतिजनाको बिहे बन्द भएको छ,' उनले भने, 'हामी त्यति ठूलो साहु होइन । तर, आफूसँग भएको त्यही दुई-चार लाख अप्ठेरो परेकालाई दिएको थिएँ । अहिले कतिजनाले तिर्नुपर्दैन भनेर भनिरहेको छ । सरकारका कारण अब दिने मुडमा छैनन् । विदेश जाने प्रक्रियामा पैसा दिएको पाँच वर्ष भइसक्यो तर दिँदैनन् । पैसा त बोटबाट आउँदैन नि ! पूर्वजको सम्पत्ति बेचेर कसैलाई ऋण दिइन्छ भने त्यो तिर्नुपर्दैन ?'

सरकारले न्याय नदिएसम्म आन्दोलन नरोक्ने यादवले बताए । 'हामी सडक जाम गर्छौं, सदनमा आवाज उठाउन लगाउँछौं,' उनले भने, 'सरकारले न्याय नदिएसम्म हामी यहाँबाट जाँदैनौं । कम्तीमा हामीलाई पनि बोलाउनुपऱ्यो । हाम्रो कुरा पनि सुन्नुपऱ्यो नि ! कोही छोरीको बिहेका लागि, कोही छोरालाई विदेश पठाउनका लागि पैसा माग्न आउँछन् । राज्यले सहजै पैसा दिन्थ्यो भने उनीहरू हामीसँग पैसा माग्न नै आउँदैन थिए । यो बाध्यता त राज्यले सिर्जना गरेको हो नि ।'

आमरण अनशनमा प्रहरीको गोलीबाट घाइते भएका वीरेन्द्र जैसी

प्रहरीको गोली छातीमा लागेपछि घाइते भएका वीरेन्द्र जैसी उचित क्षतिपूर्तिको मागसहित पाँच दिनदेखि माइतीघरमा आमरण अनशनमा छन् । अनशनमा उनकी श्रीमती सारथि भएर बसेकी छिन् ।

जानकी गाउँपालिका-८ कैलालीका जैसी त्यस रात घरमा खाना खानै लागेका थिए । ०७३ फागुन १ गते राति ८:३० बजेको घटना हो । जंगलमा काठ तस्कर गर्ने एउटा समूह गस्तीमा रहेको प्रहरीका सइ र सिपाहीसँग ठोक्किए । प्रहरीले तत्काल हतकडी लगायो । 'तर, दुईजना मात्रै पुलिस भएका कारण तस्करका साथीहरू त्यहाँ आएर उल्टै सइसापलाई कुटेछन्, 'जैसीले सम्झिए, 'सिपाहीसाबचाहिँ भागेर एक किलोमिटर पर रहेको हाम्रो घरतिर आइपुगे । सइसाबलाई बचाउनुपऱ्यो भने । हामी गाउँका केटा जम्मा भएर घटनास्थलतर्फ लाग्यौं । बीच बाटोमै सइसाब आउँदै गरेको भेटियो । दुई राउन्ड गोली प्रहार गरेर आउनुभएको रहेछ । बीचमा हामीलाई भेटेपछि उनीहरूकै ग्याङ सम्झिएर एकाएक गोली चलाए । मेरो छातीमा गोली लाग्यो । तत्काल टिकापुर अस्पताल लगियो । त्यहाँबाट कोहलपुर मेडिकल कलेज रिफर गरियो । त्यहाँ पनि उपचार सम्भव नभएपछि काठमाडौं टिचिङ अस्पताल रिफर गरियो । डेढ महिना म टिचिङमै बसें । करिब पाँच लाखजति खर्च भयो । सबै आफैंले व्यहोरे ।'

गृहमन्त्रालये भने एक लाख ९९ हजार मात्रै क्षतिपूर्ति दिएको जैसीले बताए । 'तत्कालीन गृहमन्त्री विमलेन्द्र निधिले सम्पूर्ण व्योहोर्ने र आर्थिक सहायतासमेत दिने आश्वासन दिएका थिए,' हातमा सिलेन पानी जोडेर अनशनमा रहेका जैसीले भने, 'यता मेरो स्वास्थ्यमा समस्या आइरहने भयो । सात वर्ष गृह मन्त्रालय धाइरहें । तर, कसैले सुनेन मेरो समस्या । त्यतिवेला १९ वर्षको थिएँ, १० कक्षा पढ्दै थिएँ । कलिलो उमेरमै त्यस्तो भयो, अहिले केही काम गर्न सक्दिनँ । त्यसैले सरकारलाई थप क्षतिपूर्ति र सहायताको माग गर्दै अनशन बस्न बाध्य भएको हुँ । माइतीघरमा अनशन बसेपछि त सरकारले सुन्छ कि ?'

छेउमै प्रहरी डिउटीरत थिए । जैसीले आफू अनशन बसेको ठाउँमा घाम छेक्न एउटा पुरानो ठूलो छाता राखेका थिए । गर्फिँदै गर्दा एक्कासि छाता उडायो । हातमा सिलेन पानी जोडेका उनी ख्यालै नगरी उडिरहेको छाता समात्न लम्किए । 'लौ के गरेको,' श्रीमतीले रोकिन् । दृश्य हेरिरहेका प्रहरीले मूल सडकबाट छाता उठाएर अनशनस्थलमा ल्याइदिए ।

एक्लै धर्नामा


माइतीघरमा आन्दोलनरत धेरैजसो समूहमा छन् । कोही न कोही उनीहरूको साथमा छ । हरेकका आन्दोलनका अगुवा निरन्तर नारा लगाइरहेका छन् । तर, यही भिडमा एकजना ६५ वर्षीया वृद्ध एक्लै छन्, जो केही नारा नलगाई चुपचाप २९ दिनदेखि लगातार धर्नामा छन् ।

उनी हुन्, गोरखा बारपाकस्थित सुलिकोटका तेजबहादुर घले । ट्रेकिङ गाइडको काममा रमाइरहेका उनले स्वास्थ्यका कारण उचाइमा जान समस्या भएपछि धाँचेस्थित दोमानमा होटेल खोलेका थिए । मनास्लु हिमाल जाने बाटोमै रहेकाले राम्रै व्यापार भइरहेको थियो । तर, ०७५ सालमा सेनाले उनको होटेलअगाडिबाट पहाड फोरेर बाटो बनाउने काम थालेपछि उनको खराब दिन सुरु भयो । 'होटेलको सिजन

» पृष्ठ ४ मा क्रमशः

नेताजस्ता नेता खै ?

> नेता नेताजस्तै छैन । न चरित्रमा श्रेष्ठ छ, न चिन्तनमा । न नयाँ कुरा सिकाउन र बुझाउन सक्ने सामर्थ्य छ । न सिक्न सक्ने जिज्ञासा र विनम्रता छ ।





मित्रलाल पंज्ञानी
निबन्ध

लेख्नेलाई पनि साह्रै दुःख छ । उही कुरा लेखौं, कति लेखौं । नयाँ कुरा लेखौं, यथार्थ उही छ । पाठकसित क्षमा माग्छु र उही कुरा दोहोऱ्याउँछु ।

चुनाव त भयो । जनजीवनमा आशाको सञ्चरण भएन । यो देशमा भएको श्रम र प्रतिभालाई यहीं उपयोग गर्ने कुनै योजना कसैसित रहेन । आय, उत्पादन र रोजगारीका कुरा मात्रै भए । कर्मरेखा कोर्ने कुनै सुरसार देखिएन । योजनामा त उद्देश्य हुन्छ । उद्देश्यतिरको यात्राको मार्गचित्र हुन्छ । यात्राका साधक र बाधक तत्त्वहरूको निरूपण हुन्छ । यी सबैको सम्भाव्यता पुष्टि गर्नका निमित्त वस्तुगत आँकडा हुन्छ । यिनीहरूसित गफसिवाय केही भएन ।

प्रेमप्रसादको सुसाइड नोटले यो राज्यसत्ताको चरित्रोद्घाटन गरेको छ । उनले यो कति निकम्मा, कति कुरूप र कति भ्रष्ट छ छर्लंग देखाइदिएका छन् । राज्यसत्ताका हर क्षेत्रमा व्यापक सञ्जाल बनाएर बसेको भ्रष्टमण्डलीको सिरानमा सरकार छ र यो त्यही मण्डलीको लयमा नाचिरहेको छ ।

चुनावपछि सरकार त बन्यो । जनविश्वासको आधार बनेन । कुर्सीमा बस्छ र लोकतन्त्र सुरक्षित छ भन्छ । आफ्नो कुर्सी ढल्न आँट्यो भने लोकतन्त्र खतरामा पर्न आँटेको देख्छ । कुर्सी आफ्नो पहुँचबाट फुत्क्यो भने लोकतन्त्र संकटमा फसिसकेको ठान्छ । उही तानातान र खोसाखोस छ । ठूलो भाग कसले खाने भन्नेमा विवाद छ । बहसमा जनजीविकाको मुद्दा नै छैन । आफूले पाउने पदको मुद्दा नै सर्वोपरि छ । रूपका नयाँ पनि सारमा पुरानै प्रमाणित हुने छन्द छ ।

नेता, नेताजस्तै छैनन् । न चरित्रमा श्रेष्ठ छ न चिन्तनमा । न नयाँ कुरा सिकाउन र बुझाउन सक्ने सामर्थ्य छ । न सिक्न सक्ने जिज्ञासा र विनम्रता छ । नेतृत्व गर्नेले कि यसो गरौं भन्नुपर्छ, कि कसो गरौं भन्नुपर्छ । यसो गरौं भन्नलाई भिजन चाहिन्छ । यिनीहरूसित कुनै भिजन छैन । भिजन भनेको गफ होइन । कार्यान्वयनको वस्तुगत आधारसहितको दूरदृष्टि हो । कसौं गरौं भन्नलाई आफ्नो अल्पज्ञताको बोध हुनुपर्छ । जनतालाई गुरु मान्न तयार हुनुपर्छ । यिनीहरू भने सर्वज्ञताको भ्रमले भरिएका छन् ।

सुयोग्य नेता हुनका निमित्त इमानदारी र चातुर्यको अविच्छिन्न संयोग आवश्यक हुन्थ्यो । हामीकहाँ यस्तो संयोग हुनै सकेन । जो इमानदार छ, ऊ चतुर छैन । जो चतुर छ, ऊ इमानदर छैन । चातुर्य र इमानदारीको संयोग होलाहोलाजस्तो हुन्छ, हुनै सक्तैन । यस्सो हुन्छ, भित्किहाल्छ ।

राजनीति निष्ठामा होइन, दाउपेचमा चलेको छ । राज्यसत्ताको केन्द्रमा धुर्त्याइँ फलेको छ । इमान्दारीविनाको चातुर्यलाई धुर्त्याइँ भन्छन् । हामीकहाँ धूर्तहरूको नै बोलबाला छ । तिनलाई अर्को शब्दमा चतुरे पनि भन्न सकिन्छ । इमानदार बाठोलाई चतुर भनिन्छ । धूर्त बाठोलाई चतुरे भनिन्छ । यहाँ चतुरेहरूको बोलबाला छ ।

इमानदार नेता किन आवश्यक छ, हामी सजिलै बुझ्दछौं । इमानदार नेताको मन, वचन र कर्ममा एकरुपता हुन्छ । जनताको जीवनस्तरमाथि उकास्ने वचन दिएर त्यो वाचालाई बेवारिस छाडी व्यक्ति आफूले प्राप्त गर्ने पद, प्रतिष्ठा र पैसालाई केन्द्रमा राखेर बर्बराउँदै हिँड्दैन । समस्या खोज्न पनि जनतामै जान्छ, समाधान निकाल्न पनि जनतामै जान्छ । जनतालाई भेट्न किन पाँच वर्ष कुर्ने ! यति हुनेबित्तिकै जनताले धोका खानु पर्दैथ्यो ।

चतुर नेता किन चाहिन्छ, अलिकति सोचविचार गरेर मात्र बुझ्न सक्दछौं । 'म इमानदार छु, जनताको भलो चिताएको छु र भलो हुने कर्म गरेको छु भने मलाई केको डर' भन्ने सोचेर विनाचातुर्य हिँड्छ भने कुनै नेता वा कार्यकर्ता त्यसको पनि यहाँ भविष्य छैन । खराबहरूको बोलबाला भएको यो राज्यसत्तामा राम्रो काम गर्न खोज्दा भन् धेरै अवरोध आउँछन् । कसैले राम्रो गरेको नराम्राहरूले मन पराउँदैनन् । घुस खानेले नखानेलाई रुचाउँदैन । कर्मयोद्धालाई कामचोरले सहँदैन । जनपक्षीयलाई जनविरोधीले तेजोवध गर्न खोज्दछ । खराबलाई विस्थापित नगरीकन असललाई स्थापित गर्न सकिँदैन । युक्तिपूर्वक र अविच्छिन्न कठोर लडाइँ नलडीकन यस्तो विस्थापन र स्थापन असम्भव छ । चतुर नेतृत्वले सम्भाव्य अवरोधलाई पहिल्यै सही अन्दाज लगाउँछ । त्यसलाई ढालेर वा त्यसबाट बचेर अगाडि बढ्ने अनेक वैकल्पिक युक्तिहरूको उत्खनन गर्दछ ।

असल नेतृत्वको मूल कार्यपद्धति संगतिमा बाँधिएको भिजन, एक्सन र रिजल्ट हो । भिजन अवतरण गर्ने ठाउँको सही ज्ञान हो । सारभूत उद्देश्यको सटीक निरूपण हो । सकुशल अवतरणको परिकल्पना हो । एक्सन त्यो उद्देश्यलाई प्राप्त गर्ने मार्गको यात्रा हो । रिजल्टपूर्व निर्धारित गन्तव्यमा सकुशल अवतरण हो ।

उद्देश्य नै नभएको त हाम्रा नेताहरूको पनि होइन । सांसद हुने, मन्त्री हुने, प्रधानमन्त्री हुने तथा राष्ट्रपति हुने उद्देश्य बोकेर हिँडेका छन् । धन र धाकको बाटो समाउने उद्देश्य राखेका छन् । त्यो उद्देश्य प्राप्तिका लागि हुने नहुने जे बोल्न पनि र जे गर्न पनि तयार छन् । यसलाई भिजन भन्न सकिँदैन । सार्वजनिक जिम्मेवारीमा बस्ने अनि जनसरोकारका विषयलाई पन्छाएर कमसल दर्जाको निजी सरोकारका विषयलाई प्राथमिकतामा राखेर हेरिने हेराइलाई कुदृष्टि र गरिने कर्मलाई कुकर्मको संज्ञा दिँदा गलत हुँदैन ।

हेर्नु न यिनका नीति, यिनका नैतिकता र यिनका कानुन ! पार्टी फोर्ने विधेयक ओलीले ल्याए बेठीक । शेरबहादुर र प्रचण्डले ल्याए ठीक । नागरिकता विधेयक ओलीले ल्याए ठीक शेरबहादुर र प्रचण्डले ल्याए बेठीक ! आफू सरकारको नेतृत्वमा हुँदा एउटा कुरो नहुँदा अर्को कुरो ! छ्या ! लाज पचाउन पनि कस्तरी सकेका हुन् । आफ्नै कुराले आफ्ना कुरालाई काटेका यस्ता उदाहरण त असंख्य छन् । आफूले नियमसियम नमान्ने, छाडा भएर चल्ने र अरूलाई नियम सिकाउने निर्लज्ज नै हाम्रा नेता बनेर निस्किए ।

राष्ट्रपतिको भूमिका रहेका बखत कटुवालकाण्डका रामवरण यादव र नागरिकता काण्डकी विद्या भण्डारी कसले संविधानको संरक्षक भएर देशको सार्वभौमिकताको रक्षा गरेका हुन् र कसले संविधानलाई कागजको खोस्टो बनाएका हुन् ! विवेकविनाका बिलौना सुनेर हाँसो लाग्छ ।

हुन त साह्रै दुःख छ बरा यी नेतालाई पनि ! ढाँट्नु पनि पर्नेछ, सत्यवादी देखिनु पनि पर्नेछ । लुट्नु पनि पर्नेछ, इमानदार देखिनु पनि पर्नेछ । विदेशी प्रभुका टाडमुनि छिर्नु पनि पर्नेछ, राष्ट्रवादीको उपाधि भिर्नु पनि पर्नेछ । धन्न लाज पचाउन सक्ने क्षमताको विकास गरेछन् । नत्र कसरी मुख देखाएर हिँड्दा हुन् ।

'केमा ग्लानि गर्ने र केमा गौरव गर्ने !' अब त भेउ पाउन पनि छोडिसके । जवाफदेही र जिम्मेवारीबाट भाग्ने भगुवाहरू दुनियाँलाई उल्लु बनाउन सफल भएकोमा गर्व गर्छन् ।

यो भद्रगोल व्यवस्थामा नराम्रो काम बरु खुरुखुरु गर्न पाइन्छ । राम्रो काम गर्न पाइँदैन । पार्टीभित्र कुनै कार्यकर्ता आन्तरिक सुव्यवस्था कायम गर्ने असल नियत र असल कर्मले लोकप्रिय भएर उठ्न आँट्यो भने सर्वप्रथम त्यस पार्टीका मुख्य नेता भस्कन्छन् । आफ्नो नेतृत्व धरापमा पर्ने आशंकाले आत्तिन्छन् । अव्यवस्थामा अभ्यस्त यी मुखिया सबै मान्छे आफैंमा निर्भर रहेको देख्न चाहन्छन् । आफूसित नसोधी कहीं केही पनि नहोस् । वास्तवमा सुव्यवस्थालाई नै यिनले शत्रु ठान्छन् । प्रणालीका रूपमा व्यवस्थाले काम गर्न थालेपछि हरेक अंग स्वतः परिचालित हुन्छन् । हुने काम आफैं हुन्छ । नहुने काम जति सोर्सफोर्स लगाए पनि हुँदैन । अनि त आफ्ना खल्तीबाट मनमौजी ढंगले झिकेर पद बाँड्ने मुखियाको के काम ! पानी धमिल्याउने र माछालाई आँखा देख्न नसक्ने बनाउने । अन्योलको अन्धकारमा फँसाउने अनि कब्जामा लिने ! अनि सुन्नेहरूका कान बहिरो हुने गरी 'लोकतन्त्र !' भनेर चिच्याउने ।

सत्तासीन पार्टीहरू प्रायः निजीकरणमा गइसकेका छन् । सामन्ती र दलाल चरित्रका यी मुखियाहरूले बसालेको यो रुग्ण सिस्टमले कि असलहरूलाई राजनीतिको मूलप्रवाहबाट बाहिर फ्याक्छ कि पतित बनाएर मूलप्रवाहमा राख्छ ।

माइतीघर...

पृष्ठ ३ बाट क्रमशः

सुरु हुँदै थियो, त्यसैले यो सिजन काम नथाल्दिनुस् भनेर बिन्ती गर्दै,' उनले भने, 'तर, एक सिजन त के, एक दिन पनि रोक्न मिल्दैन भनेर थर्काए । वारि मेरो होटेल, बीचमा खोला र पारि ठूलो भिर । ०७५ असोज १४ गते त्यही भिरमा बम हानेर मेरो होटेल ध्वस्त पारे । भिर फुटाउँदा हुंगा उछिट्टिएर होटेल पूर्ण रूपमा ध्वस्त भयो । महिनाको ८० हजार तिरेर लिजमा लिएर होटेल चलाइरहेको थिएँ । सबै सत्यनाश भयो । त्यही पनि सहेर बसैं ।'

लगत्तै केही दिनपछि दसैं-तिहारका कारण काम रोकियो । दसैं-तिहारमा व्यापार हुन सक्ने आशाले ध्वस्त भएकै होटेल उनले फेरि मर्मत गरेर चलाए । तर, होटेल चलेन । 'होटेल आर्मीले भत्कायो भन्ने हल्ला धेरै भएछ, कोही आएनन्,' उनले भने ।

तिहारपछि फेरि सडक बनाउने कामदार फर्किएर होटेल ध्वस्त पारेको घले बताउँछन् । घलेले धर्नास्थलमा ध्वस्त भएको होटेलका फोटाहरू ब्यानर बनाएर टाँगेका छन् । आफूमाथि भएको अन्यायको कथा भने आफैं कलमले लेखेर भुइँमा राखेका छन् । आन्दोलनमा आउनेहरू त्यहीं पढ्छन् र उनी धर्ना बस्नुको कारण बुझ्छन् ।

'म पटक-पटक क्षतिपूर्तिका लागि सेनाकोमा धाएँ,' उनले सम्झिए, 'तत्कालीन मेजर निशान्त पण्डितलाई तपाईंहरूले बाटो पनि पूरा गर्नुभएन, मेरो क्षतिपूर्ति पनि दिनुभएन भनेर भन्न गएको थिएँ । तीन महिनामा बाटो सम्पन्न गरेर क्षतिपूर्ति दिलाइदिने आश्वासन दिए तर ६ महिना पुग्दा पनि पाइनँ । त्यसपछि गोरखाको जिल्ला प्रशासनमा निवेदन दिएँ, पत्रकारलाई पीडा सुनाएँ, तैपनि सुनुवाइ भएन ।'

पत्रिकामा खबर दिएकोमा नयाँ मेजर आएपछि उल्टै धम्काएको उनी बताउँछन् । 'साहुसँग ऋण लिएर बनाएको होटेल हो । पत्रकारलाई पीडा पोखेको हुँ भनैं,' उनले भने, 'न्यायालय जान्छु भन्दा पनि जान दिएनन् । राम्रो क्षतिपूर्ति मिलाउँछु भनेर रोके । तर, ०७८ असारमा त १३ लाख ८२ हजार क्षतिपुर्ति मात्रै पाउने कुरा आयो, जबकि कम्तीमा ४५ लाख मेरो लगानी भइसकेको थियो । होटेल चलाउन नपाए पनि ऋणको ब्याज तिरिरहेको थिएँ ।'

सेनाले जबर्जस्ती पैसा बुझ्न लगाएको उनले बताए । 'लिने भए लिनु, नलिए राम्रो हुनेछैन भनेर धम्काए,' उनले भने, 'गोरखामा लिन आऊँ भन्यो, कोभिड लागेका कारण जान सकिनँ । बैंक खाता खोलेर नम्बर पठाउन लगाएँ । डरले पठाएँ । पछि बानियाँटारको कुनामा दुईजना आर्मी सिभिल ड्रेसमा आएर पैसा बुझिलिएको सही गर्न लगाए । सही गरिनँ भने मार्छन् भन्ने डरले भए पनि ०७८ असार १९ मा सही गरैं ।'

यतिवेलासम्म काठ कुहिएर होटेल ध्वस्त भइसकेको थियो । गाउँमा ऋण दिएका साहुले उस्तै दबाब दिइरहेका थिए । यही दबाबका कारण सानैमा एक छोरा र छोरी दुवैलाई विदेश पठाएको उनी बताउँछन् । 'अहिले महिनाको ५२ हजार ब्याज तिर्नुपर्छ,' उनले भने, 'कतै व्यवसाय गरौं भने पनि बुढेसकालमा कसैले पत्याएनन् । छोराछोरीले पठाएको पैसाले ब्याज तिर्दै छौं । यहाँ सामाखुसीमा श्रीमान्, श्रीमती बस्छौं । सेनाले मेरो पूरा क्षतिपूर्ति दिए ऋणबाट मुक्त हुन्थें भनेर न्याय माग्न यहाँ धर्ना दिइरहेको छु । कतै यहाँ आउँदा समस्या समाधान हुन्छ कि भनेर ।'



पाँच दिनदेखि आमरण अनशनमा प्रहरीको गोली लागेर घाइते भएका वीरेन्द्र

धर्नामा बसेको २९ दिन हुँदा पनि नजिकै रहेको जंगी अड्डाले अहिलेसम्म उनको आवाजबारे सम्बोधन गरेको छैन । तैपनि घलेले आस मारेका छैनन् । भन्छन्, 'माइतीघरमा आएपछि न्याय मिल्छ भन्छन्, हेरौं मिलि पो हाल्छ कि !'

०४७ को संविधान ब्युँताउन सत्याग्रह

१२ दिनदेखि माइतीघरमा अनेक पीडितहरूको बीचमा राष्ट्रवादी जनजागरण अभियानको सत्याग्रह चलिरहेको छ । उनीहरूको माग छ- ०४७ सालको संविधान पुनर्वहाली हुनुपर्ने । सत्याग्रहमा दिनहुँ राजतन्त्र पक्षधरहरू नारा लगाउँछन् ।

'यो रिले अनशन हो, विचारसँग सहमत जो पनि आउन सक्छन्,' टाउकोमा सत्याग्रहको फेटा बाँधेर बसिरहेका भक्तपुरका निलनारायण काजीले भने, 'हरेक दिन ८-१० जना नयाँ-नयाँ साथी आइरहेका छन् । ०४७ सालको संविधानलाई टेकेर परिवर्तन गर्ने भनेर राजासँग जुन सहमति भएको थियो, त्यसलाई नै उल्लंघन गरेर षड्यन्त्रपूर्वक ढंगले नयाँ जनादेश ल्याउने कामका विरुद्ध हामी सत्याग्रह बसेका हौं ।'



नवीन अर्याल
nabinarjyal@gmail.com
पर्यटन

किन्जामा करिब एक हजार मानिस बसोवास गर्छन् । चिटिक्क ढुंगाले छाएका घर अझै देखिन्छन् । तर, भूकम्पपछि ढुंगाको छानो जस्तापाताले विस्थापन गरिसकेको छ । अझै पनि होटेल तथा रिसोर्टले ढुंगाको छानो जोगाएरै राखेका छन् । पर्यटक आउन छाडेपछि गाउँले काम खोज्दै सहर पस्न तथा बिदेसिन थालेका छन् ।



जिरी-लुक्ला-सगरमाथा पदमार्गमा पर्ने सोलुखुम्बुको किन्जा बजार, जहाँ आरोही, पदयात्री वास बस्ने गर्थे

पदयात्रीले बिर्सिएको किन्जा बजार

सडक र हवाईयात्रापछि सुनसान बनेको ऐतिहासिक 'ट्रेकिङ ट्रेल'को कथा

वसन्त ऋतुमा सगरमाथा आरोहण र पदयात्रामा जाने पर्यटकको लुक्लादेखि बेसक्याम्पसम्म भिड लाग्यो । बाटोमा मान्छेका भिड छिचोल्दै यात्रा गर्नुपऱ्यो । आरोही र पदयात्रीलाई सेवा दिन त्यस क्षेत्रका होटेल व्यवसायीलाई भ्याइनभ्याइ भयो । करिब ६ सय आरोही र गाइडले सगरमाथा चुचुरो चुमेको अनुमान छ, जुन हालसम्मकै धेरै हो ।

तर, प्रथम सगरमाथा आरोही तेन्जिङ नोर्गे शेर्पा र एडमन्ड हिलारीले प्रयोग गरेको ऐतिहासिक ट्रेकिङ रुट जिरी-लुक्ला सुनसान रहयो । लुक्ला, फाक्दिङ र नाम्चेका व्यवसायीलाई भ्याइनभ्याइ हुँदा सोलुखुम्बुको किन्जा बजार, जुनबेसी, नुनथला, खरीखोलाका होटेल व्यवसायीले पर्यटक आउँछन् कि भनी कुरेर बस्नुपऱ्यो ।

कुनै समय पदयात्री तथा आरोहीहरू जिरीबाट पाँच-सात दिन हिँडेर किन्जा, जुनबेसी हुँदै लुक्ला पुथ्थे । आरोहणको सिजनमा होटेलहरू पनि भरिभराउ हुने गरेको किन्जास्थित शेर्पा होटेलका सञ्चालक ग्याल्जेन शेर्पा सम्झन्छन् । माओवादीको सशस्त्र द्वन्द्वअघि जिरी-लुक्ला ट्रेकिङ रुटमा आरोही, गाइड र पदयात्रीको बाक्लै भिड लाग्थ्यो । उनी थप्छन्, 'अब यो ट्रेकिङ रुट पुरानै अवस्थामा फर्किने सम्भावना कम छ, अहिले फाट्टफुट्ट आउने पर्यटक हेरेर चित्त बुझाउनुको विकल्प छैन ।'

तेन्जिङ र हिलारी हिँडेको विश्वकै चर्चित ट्रेल किन ओझेलमा पऱ्यो ? यसका केही कारण छन्- काठमाडौंदेखि लुक्ला नियमित फ्लाइट सुरु भएपछि धेरै आरोही र पदयात्री जहाज चढेर लुक्ला झर्न थाले । अझ काठमाडौंबाट सीधै सल्लेरीसम्म बस चल्न थालेपछि जिरी-लुक्ला ट्रेल पूरै ठप्प भएको रिभरसाइट गेस्ट हाउस, किन्जाका सञ्चालक याम जिरेलले बताए । सल्लेरीबाट तीन दिनमै लुक्ला पुग्न सकिन्छ । जिरीबाट किन्जा, जुनबेसी हुँदै लुक्ला पुग्न सात दिन लाग्छ । काठमाडौं वा रामेछापबाट जहाज चढेर सीधै लुक्ला झरेमा पहिलो दिन नै वास बस्न फाक्दिङ पुग्न सकिन्छ ।

'सल्लेरीमा बाटो नपुग्दासम्म पर्यटक यही बाटो हिँड्थे' शेर्पाले भने, 'जब ओखलढुंगा हुँदै सल्लेरीसम्म बाटो पुग्यो, जिरी-लुक्ला ट्रेल पूरै ओझेलमा पऱ्यो ।' कुनै वेला सगरमाथा बेसक्याम्प पुग्ने एक मात्र बाटो नै जिरी-लुक्ला रुट थियो । पर्यटकसँगै भारी बोकेका खच्चड, भरिया र गाइड हिँड्थे । दोलखाको जिरीबाट शिवालय, भण्डारा, किन्जा, जुनबेसी, नुनथला हुँदै लुक्ला पुग्न सात दिन लाग्थ्यो । त्यो वेला यो रुटको बेग्लै रौनक थियो । 'एभरेस्ट जाने र फर्किनेहरू एक दिन किन्जामा वास बस्न आउँथे, गोराहरू गीत बजाउँथे, नाच्थे,' २०४५ देखि होटेल चलाइरहेका शेर्पाले भने, 'सल्लेरी बाटो पुगेपछि यताको मुहानै थुनेजस्तै भयो ।'

पर्यटक आउँदा किन्जामा पाँच-सातवटा होटेल थिए । पर्यटक आउन छाडेपछि होटेल पनि बन्द हुँदै गए । अहिले पुराना शेर्पा गेस्ट हाउस, एभरेस्ट गेस्ट हाउस र रिभरसाइट गेस्ट हाउस मात्र सञ्चालनमा छन् ।

१९६० को राजनीतिक घटनाक्रमबाट उब्जिएको आशंका

विभिन्न सीमितताका बाबजुद नेपालको परराष्ट्र नीति सञ्चालन, कार्यान्वयन र अवलम्बनमा ठोस प्रेरणा दिन उल्लिखित चार शीर्षस्थ कूटनीतिज्ञको भूमिका अर्थपूर्ण रहेकामा शङ्का छैन



डा. मदनकुमार भट्टराई
पुस्तकांश

...र तनावको स्थितिबाट तरंगित नेपाल-भारत सम्बन्धको परिवेश खत्रीले परराष्ट्र सचिवको पहिलो कार्यकाल सम्हाल्दा निकै हदसम्म संगिलएको र सामान्यीकरण भइसकेको आभास हुन्छ । यस काममा करिब दुई वर्ष परराष्ट्र सचिवको पहिलो अवधि पूरा गरी भारतमा राजदूत बनी गएका यदुनाथ खनाल, उनका पूर्वाधिकारी नरप्रतापशमशेर थापा र सचिवमा खनालका उत्तराधिकारी पद्मबहादुर खत्रीको सकारात्मक भूमिका पनि निकै हदसम्म जिम्मेवार थियो । यसमा श्री ५ महेन्द्रको सक्रिय कूटनीतिक भूमिका सायद निर्णायक थियो ।

यसै सिलसिलामा अनौपचारिक विशेष दूतका रूपमा प्रधानमन्त्री जवाहरलाल नेहरूले विभिन्न सार्वजनिक व्यक्तित्वलाई श्री ५ महेन्द्र र नेपाल सरकारसँग कुराकानीका लागि खटाए । भारत र चीनबीचको सीमायुद्ध र भारतले छिमेकीलगायत विश्व जनमतलाई आफ्नो पक्षमा परिचालन गरेको शान्त कूटनीतिको महत्त्वपूर्ण अंशकाहरूमा पनि नेहरूले नेपाल-भारत सम्बन्धको परिप्रेक्ष्यलाई आकलन गरेको दृष्टिगोचर हुन्छ । सायद दुई देशबीचको सम्बन्धका दृष्टिले दलगत राजनीतिक विषयलाई तत्कालीन समयका लागि नै सही, थाती राख्ने नीति अघोषित रूपमा भारतीय प्रधानमन्त्रीले अपनाए ।

नेपालप्रति बदलिएको भारतीय नीतिको सङ्केत र काठमाडौंसँग घनिष्ठता राख्ने दृष्टिले प्रेरित भई गरिएको क्रियाकलापका रूपमा एक वरिष्ठ समाजसेवी र राजस्थानका प्रथम मुख्यमन्त्री (१९४९-१९५१) पण्डित हिरालाल शास्त्री (नोभेम्बर २४, १८९९-डिसेम्बर २८, १९७४) नेपाल खटिएका थिए । उक्त भ्रमणलगत्तै नेपालमा पचासको दशकमा राजदूत रही राम्रो छवि बनाएका वरिष्ठ प्रशासक भगवान सहाय (फेब्रुअरी १५, १९०५- डिसेम्बर ६, १९८६) नेपाल भ्रमणमा आएका थिए । त्यति वेला सहाय दिल्लीका उच्चआयुक्त (चिफ कमिसनर) थिए । सायद अर्कोपटक आफू काठमाडौं जाने इच्छा परोक्ष रूपमा प्रकट गर्दै हिरालाल शास्त्रीले आफ्ना प्रधानमन्त्रीसमक्ष डिसेम्बर ४, १९६२ मा पत्र पठाए । नेहरूले डिसेम्बर ७, १९६२ का दिन पत्रको प्रत्युत्तर पठाउँदै शास्त्री र सहाय दुवैको भ्रमणले 'राम्रो परिणाम' ल्याएको उल्लेख गरेका थिए । पटक-पटक शिष्टमण्डल वा विशेष दूत पठाउनु पनि उपयुक्त नहुने र यस प्रक्रियाको अत्यधिक प्रयोगले 'उल्टो नतिजा' ल्याउन सक्ने उनको आशङ्का थियो ।

भगवान सहायको नेपाल भ्रमण तथा भारतको निजी भ्रमणमा आएका नेपालका परराष्ट्रमन्त्री डा. तुलसी गिरिसँग गरेको कुराकानी र विदेश सचिव एमजे देसाईले दिल्लीमा डा. गिरि रहँदा गरेको वार्ताका विषयमा नेहरूले श्री ५ महेन्द्रलाई डिसेम्बर १३, १९६२ मा पत्र पठाएका थिए । सहायमार्फत प्राप्त नोभेम्बर २४, १९६२ मितिको नेपाल नरेशको पत्रको सन्दर्भ उल्लेख गर्दै उनले चिनियाँ आक्रमणका परिप्रेक्ष्यमा उब्जिएको आपत्कालीन स्थितिले व्यस्त बनाएका कारण 'प्रत्युत्तर' दिन विलम्ब भएको भन्दै क्षमायाचना गरेका थिए । नेपालको राजनीतिक स्थिति र नेपालको स्थायित्व एवम् सुरक्षाविरुद्ध गरिने कुनै पनि क्रियाकलापको 'सदैव खिलाफ'मा भारत सरकार रहेको कुरा पत्रमा उल्लेख गर्दै भारतीय प्रधानमन्त्रीले श्री ५ महेन्द्रको मन जित्ने कूटनीतिक प्रयास गरेको देखिन्छ ।

कुनै पनि देशका नागरिकको समूहबीच राजनीतिक मतभिन्नता तथा नीतिगत रूपमा फरक दृष्टिकोण रहनु उक्त राष्ट्रको राजनीतिक जीवनको सामान्य विशेषता हो भनी नेहरूले आफ्नो पत्रमा लेखेका छन् । राजनीतिक लक्ष्यका साथ गरिने हिंसा भारतको विगतका परम्परा र प्रगतिशील राष्ट्रिय समाजको प्रवर्द्धन दुवै हिसाबले प्रत्युत्पादक रहेको धारणा राख्दै नेपालमा आन्तरिक हिंसा रोकिएको कुरामा उनले प्रशन्नता व्यक्त गरेका छन् ।

चीनको अतिक्रमणले दक्षिणपूर्व एसियाका राष्ट्रविरुद्ध खतरा भएको र यो विशेषगरी हिमालयको दक्षिणमा अवस्थित नेपाल एवम् भारतका लागि चिन्ताको विषय भएको भन्नेमा नेहरूको पत्र बढी केन्द्रित देखिन्छ । चीनले एकतर्फी युद्धविराम र केही कब्जा गरिएका क्षेत्रबाट आफ्नो सेना फर्काई पठाएको तीनबुँदे प्रस्ताव भारतीय भूमि हडप्न गरिएको अभियानलाई निरन्तरता दिने उद्देश्यले



'कुनै समय किन्जामा कोठा पाउनै मुस्किल पर्थ्यो, अहिले पर्यटक आउँछन् कि भनी कुरेर बस्नुपरेको छ,' व्यवसायी जिरेलले भने ।

प्लेन चढ्ने पर्यटक सीधै लुक्ला झर्छन् । प्लेन नचढ्ने पर्यटक काठमाडौंबाट बस चढेर सल्लेरी पुग्छन् । र, सल्लेरीबाट यात्रा सुरु गर्छन् । जिरीबाट किन्जा हुँदै लुक्लातर्फ लाग्ने पर्यटक नगण्य हुन्छन् ।

सगरमाथा आरोहण र पदयात्रामा जानेको भिड रामेछाप विमानस्थलबाट सुरु हुन्छ । यो सिजनमा लुक्ला विमानस्थलमा जहाज र हेलिकोप्टरका एकै दिन ४१२ उडान अवतरण भएको विमानस्थल प्रमुख महेश श्रेष्ठ बताउँछन् । ३ अप्रिल २०२३ मा एकै दिन रामेछाप हुँदै लुक्ला ८८७ पर्यटक पुगेका थिए । वसन्तकालीन सिजनमा सगरमाथा आरोहण गर्न ४७८ जनाले विभागबाट अनुमति लिएका थिए । यो सिजनमा करिब ६ सय आरोही र गाइड सगरमाथाको शिखरमा पुगेको अनुमान पर्यटन विभागको छ ।

एक समय सगरमाथा आधार शिविरतर्फ जानेहरू विदेशी मात्र भेटिन्थे । तर, पछिल्लो समय भारतीय र नेपाली धेरै देखिन थालेका छन् । जिरीबाट लुक्लासम्म ट्रेकिङ जाने आरोही वा पदयात्री भने छँदै छैनन् । तेन्जिङ हिलारीले प्रयोग गरेको ऐतिहासिक ट्रेकिङ रुट प्रवर्द्धन गर्न भन्दै सन् २०११ देखि एभरेस्ट अल्ट्रा ट्रेल रेस आयोजना हुने गरेकोमा पछिल्लो समय ठाउँ परिवर्तन गरेको किञ्जाका स्थानीय बताउँछन् । 'काठमाडौंबाट सल्लेरीसम्म सडक पुगेपछि डिस्टर्ब भयो, यताबाट मान्छे हिँड्नै छाडे,' किन्जाका व्यवसायी शेर्पाले भने ।

जिरीबाट लुक्ला जान गौरीशंकर संरक्षण क्षेत्रमा पर्यटकले तीन हजार रुपैयाँ तिनुपर्छ । उक्त क्षेत्रमा दुई घन्टा हिँडेकै तीन हजार तिर्नुपरेपछि पर्यटक बिच्किएको स्थानीय व्यवसायीको बुझाइ छ । 'हामीले १५ सय, दुई हजार मात्र बनाऔं भने पनि टेर्दैनन्, त्यही शुल्क तिर्नुपर्ने भएकाले पनि पर्यटकले रुट परिवर्तन गरे,' व्यवसायी जिरेलले गुनासो पोखे । रामेछापबाट प्लेनमा ८-१० हजारमै यात्रा गर्न सकिन्छ । दुई हजारमा बसमा काठमाडौंदेखि सल्लेरी पुगिन्छ । जबकि, लुक्लाबाट हिँडेर जाँदा ६-७ दिन त लाग्छ नै, गौरीशंकर संरक्षण क्षेत्रको तीन हजार र खाने-बस्ने खर्च जोड्दा निकै महँगो पर्न जान्छ । पर्यटक छोटो समय र कम खर्चमै धेरै ठाउँ घुम्न चाहन्छन् । जिरीबाट हिँडेर लुक्ला पुग्ने फुर्सद धेरैलाई छैन ।

किन्जामा करिब एक हजार मानिस बसोवास गर्छन् । चिटिक्क डुंगाले छाएका घर अझै देखिन्छन् । तर, भूकम्पपछि डुंगाको छानो जस्तापाताले विस्थापन गरिसकेको छ । अझै पनि होटेल तथा रिसोर्टले डुंगाको छानो जोगाएरै राखेका छन् । पर्यटक आउन छाडेपछि गाउँले काम खोज्दै सहर तथा बिदेसिन थालिसकेको शेर्पाले बताए । छोराछोरीको राम्रो शिक्षा र अन्य आधुनिक सुविधा खोज्दै सहर पस्ने जमात पनि ठूलो छ ।

हाइड्रोले चहलपहल बढ्दै

लिखु खोलाको किनारमा रहेको किन्जा बजारमा फेरि पुरानै पर्यटकीय माहोल फर्किने सम्भावना कम देखिन्छ । जिरी-लुक्ला रुटमा पर्यटक हिँड्न छाडेको वर्षौं भइसक्यो । तर, किन्जा बजारले गुमाएको रौनक फेरि फर्काउने काम अब जलविद्युत् आयोजनाले गर्दै छ । व्यावसायिक घरना एमभी दुगड ग्रुपले लिखु खोलामा तीनवटा जलविद्युत् आयोजना निर्माण गरिरहेको छ ।

३० मेगावाट क्षमताको 'लिखु ए' सञ्चालनमा आइसकेको छ । ५५ मेगावाटको लिखु-२ सञ्चालनको अन्तिम तयारीमा छ । यस्तै, ७७ मेगावाटको लिखु-१ आगामी असोजसम्म सञ्चालनमा ल्याउने दुगड ग्रुपको तयारी छ । अर्थात्, यसै वर्ष लिखुमा १६२ मेगावाट बिजुली उत्पादन सुरु हुनेछ । यी आयोजना निर्माणका लागि रामेछापको शिवालयदेखि सय किलोमिटर सडक आफैंले खनेर लिखु पुऱ्याइएको छ । सडक पुगेपछि लिखु क्षेत्रमा बस र जिप कुद्न थालेका छन् । रुटका सार्वजनिक गाडी चल्छन् ।

जलविद्युत् आयोजनाकै कारण किन्जा बजार फेरि गुल्जार बन्दै गएको छ । जतातै आयोजनाका कर्मचारी र गाडी कुदेको देखिन्छ । तीनवटा आयोजनाको मुख्य अफिस र क्वार्टर किन्जामै बनाइएको छ । लिखु जलविद्युत्का कारण किन्जा बजारमा फेरि रौनक छाएको छ । तर, जुनबेसी, नुनथला र खरीखोला भने सुनसान नै छन् ।

जलविद्युत्मा काम गर्ने हजारौं कर्मचारीका कारण लिखु क्षेत्रमा चहलपहल बढेको हो । जलविद्युत् आयोजनाका पाहुना र कर्मचारी किन्जाका होटेलमा बसे । पर्यटक नभेटिने किन्जाका होटेलमा आयोजनाका कर्मचारी पाहुना बने । त्यहाँका घरमा आयोजनाका कर्मचारी भाडामा बसेको भेटिन्छ । जलविद्युत् परियोजनाकै कारण किन्जा बजार यतिवेला गर्माएको छ ।

यतिवेला किन्जामा सडक मात्र पुगेको छैन, सनराइज बैंकले शाखा खोलेको छ । गाउँमै स्वास्थ्य संस्था पुगेको छ । दुइटा सहकारी सञ्चालनमा छन् । खानेपानीको सुविधा पुगेको छ । किन्जाका बासिन्दालाई अब जिरी पुग्न दुई दिन हिँड्नुपर्दैन, सार्वजनिक गाडीमा चढेर सात-आठ घन्टामै जिरी पुग्छन् । मान्छे काम खोज्दै काठमाडौं र विदेशतिर गइरहेका वेला जलविद्युत्ले रोजगारी पनि सिर्जना गरिदिएको छ ।

'सुनसान बनेको ठाउँमा जलविद्युत्ले केही रौनक ल्याएकै हो,' स्थानीय होटेल व्यवसायी गेल्जेन शेर्पाले भने, 'तर, जलविद्युत् परियोजना निर्माण सकिएपछि कर्मचारी घटेर फेरि किन्जा सुनसान नै हुने त होला ।' राजनीति गर्नेहरूले पनि यो ठाउँलाई त्यति महत्त्व दिँदैनन् । किनभने, यस क्षेत्रमा त्यति धेरै मतदाता पनि छैनन् । गाउँपालिकाबाट पनि पूरै कोल्टे ठाउँमा पर्छ ।

फर्किएलान् पर्यटक ?

अब रुट पुरानै अवस्थामा फर्किन गाह्रो छ । पदयात्री हिँड्ने रुट बिग्रिसकेका छन् । पदयात्री चढेर हिँड्ने काठका पुल भत्किसकेका छन् । तैपनि तेन्जिङ र हिलारी हिँडेको ऐतिहासिक रुटको प्रचारप्रसार गर्न सके फेरि रौनक आउन सक्ने स्थानीयको अनुमान छ । गौरीशंकर संरक्षण क्षेत्रमा दुई घन्टा हिँडेको तीन हजार लिन बन्द गर्नुपर्छ । जीर्ण भइसकेका ट्रेकिङ ट्रेल मर्मत गर्नुपर्छ । पर्यटन बोर्डलगायत निकायले प्रचारप्रसारमा सहयोग गर्नुपर्ने स्थानीय व्यवसायीको माग छ । 'जुनबेसी-पिके रुटमा राम्रो बाटो बनाइसके, तर यताको रुटमा कसैले लगानी गरेनन्, बेवास्ता गरियो,' व्यवसायी जिरेलले भने ।

जिरीदेखि किन्जा हुँदै लुक्ला भएर सगरमाथातर्फ थुप्रै आरोही, पदयात्री र गाइड हिँडे । यहींबाट हिँडेका नेपाली गाइड र भरिया ठूलो व्यवसायीसमेत बनिसकेका छन् । तर, उनीहरूले नै यस रुटलाई बेवास्ता गरेकोमा किन्जावासी खिन्न छन् ।


> प्रथम सगरमाथा आरोही तेन्जिङ नोर्गे शेर्पा र एडमन्ड हिलारीले हिँडेको जिरी-लुक्ला ट्रेकिङ रुटमा पर्ने सोलुखुम्बुको किन्जा बजार, जुनबेसी, नुनथला, खरीखोला सुनसान बनेका छन्

प्रेरित भएको, भारतले यो प्रस्ताव नमान्ने र सबै स्थितिको सामना गर्न तयार रहनुको कुनै विकल्प नरहेको पनि उनको भनाइ थियो ।

चिनियाँ खतरासँग डटेर मुकाबिला गर्न र जनताको जीवनस्तर उकास्न आर्थिक-सामाजिक विकासका कार्यक्रमलाई द्रुततर गतिमा बढाउनुपर्नेमा जोड दिँदै यसका लागि अथक प्रयास र साधनको जरुरी भएको विषय पनि नेहरूले पत्रमा उठाएका छन् । यी विभिन्न कठिनाइका बाबजुद दुवै देशका साझा हितका आधारमा नेपाल सरकारले अवलम्बन गर्ने राष्ट्र निर्माणका गतिविधिमा भारतीय सहयोग जारी रहने आश्वासन पनि उनले श्री ५ महेन्द्रलाई दिएका थिए ।

राजनीतिक बन्दीहरूको रिहाईबारे भारत सरकारले पहल गरोस् भनी बिहारका एक राजनीतिज्ञ, बिपी कोइरालालगायत कोइराला परिवारका निकटतम मित्र तथा भागलपुर विश्वविद्यालय (१९९१ देखि तिलक माझी भागलपुर विश्वविद्यालय नामकरण)का उपकुलपति देवेन्द्रप्रसाद सिंहले नेहरूलाई पत्र पठाएका थिए । नेहरूले पठाएको त्यस पत्रको जवाफलाई बदलिँदो समयमा नेपालसँगको सम्बन्धलाई महत्त्व दिने अर्को उदाहरणका रूपमा लिन सकिन्छ ।

सिंहको धारणाप्रति आफ्नो धेरै सहमति रहे तापनि भारतले यस मामिलामा खासै केही गर्न नसक्ने विचार नेहरूको थियो । डिसेम्बर १६, १९६२ को पत्रमा नेपाली कंग्रेससँग आबद्ध व्यक्तिहरू रिहा होऊन् भन्ने भारतीय चाहनालाई राजा महेन्द्रले राम्ररी बुझेको, यसबारे कुनै प्रयास भारतका तर्फबाट हुँदा असमझदारी बढ्ने र राजामा 'नराम्रो प्रभाव' पर्ने विषय नेहरूले उल्लेख गरेका छन् । श्री ५ महेन्द्रले बिस्तारै मन परिवर्तन गरिरहेका कारण तत्कालीन परिवेशमा उनलाई सल्लाह दिइनु राम्रो नहुनेमा भारतीय प्रधानमन्त्री नेहरूले जोड छ ।



भारतको चीन नीतिबारे मार्च १९, १९६३ का दिन भएका छलफलका क्रममा सांसद महावीर त्यागीको प्रश्नको उत्तर लोकसभामा दिँदै नेहरूले नेपालबारे खासै भन्नु केही नभएको र दुई वर्षभन्दा बढी अवधिदेखि नेपालविरुद्ध भारत रहेको भन्ने केही सांसदको सोचप्रति आफ्नो अनभिज्ञता प्रकट गरेका थिए । डिसेम्बर १९६० को सत्ता परिवर्तनका समयमा आफूले यो कदम प्रजातन्त्रका लागि नकारात्मक रहेका आधारमा खेद मात्र प्रकट गरेको उनको स्पष्टीकरण थियो । नेपालप्रति भारतले आफ्नो धारणामा कुनै परिवर्तन नगरेको र नेपालमा गर्ने सहयोगअन्तर्गत निर्माण जारी रहेको उनको भनाइ थियो । यति हुँदाहुँदै पनि नेपाली जनताको मनमा यस प्रकारको नकारात्मक सोच भएका कारण भारत सरकारले यो भावनाको निराकरण गर्न खोजेको उनको स्पष्टोक्ति थियो । परोक्ष रूपमा १९६० को नेपालको राजनीतिक परिवर्तनप्रति व्यक्त प्रतिक्रियालाई सुधार्ने प्रयासको सङ्केतसहित उनले जवाफ दिएका थिए ।

गृहमन्त्री लालबहादुर शास्त्रीको द्विपक्षीय सम्बन्धमा 'मलमपट्टी' लगाउन नेपाल भ्रमण सफल भएको र यसबाट सुखद परिणाम निस्किएकोबारे कतिपय सांसदको भनाइप्रति नेहरूले मतैक्य जनाएका थिए । नेपाल र भारतबीचको असमझदारी दूर गर्ने हिसाबले शास्त्री मार्च २, १९६३ मा नेपाल भ्रमणमा गएका थिए । दुवै देश वास्तविकतावादी बन्नुपर्ने, आपसी शंका र असमझदारी हटाउनुपर्ने र नेपालबारे भारतले सिद्धान्तवादी दृष्टिकोण अपनाउने प्रश्नै नभएको नेहरूको कथन थियो ।

सेप्टेम्बर १६, १९६३ मा सांसदहरूको प्रश्नका साथै अन्तर्राष्ट्रिय परिस्थितिबारे भारतीय दृष्टिकोणलाई विस्तृत रूपमा व्याख्या गर्दै नेपालबारे हालैका समयमा उठाइएका प्रश्न र जिज्ञासाको उत्तर भारतीय प्रधानमन्त्रीले दिएका थिए । उनको भनाइ यस्तो थियो- नेपालसँग हाम्रो सम्बन्ध विशेषगरी हालको समयमा राम्रो छ । केही माननीय सदस्यहरूले के (दुवै पक्षबीच) दृष्टिकोणमा पूर्ण रूपले कुनै भिन्नता छैन त भनी सोध्नुभएको छ । म माननीय सदस्यहरूलाई हामी दुवै पूर्णतः एकनासका छौं र कुनै भिन्नता छैन भन्न सक्दिनँ । तर, राष्ट्रका रूपमा हामी एक-अर्काप्रति सहयोगी छौं र आआफ्ना विचाराधाराका आपसी सम्मान गर्छौं । हामी एकअर्काको (मामिलामा) हस्तक्षेप गर्दैनौं र यसबाट आपसी भलाइ प्रवर्द्धन हुने आशा गर्छौं ।

खत्रीको दोस्रो कार्यकाल राजा महेन्द्रको मृत्युपछि श्री ५ वीरेन्द्रको राज्यारोहण, सिक्किम प्रकरण र नेपालको शान्तिक्षेत्र प्रस्तावसँग विशेष रूपमा गाँसिएको थियो । कम्तीमा पछिल्ला दुई विषय नेपाल-भारत सम्बन्धसँग प्रत्यक्ष वा परोक्ष रूपमा जोडिएका थिए । संयुक्त राष्ट्रसंघसँग लामो लगाव र अनुभव भएका र बहुपक्षीय मामिलामा विशेष दखल राख्ने खत्री जत्तिको परराष्ट्र सचिव अरू भएनन् भन्दा हुन्छ ।

खत्रीको राजनीतिक जिम्मेवारीका रूपमा परराष्ट्रमन्त्री र जलस्रोतमन्त्रीको कार्यभार पनि नेपाल-भारत सम्बन्धसँग जोडिने बलियो आयाम थियो । औपचारिक रूपमा मन्त्री पदमा नियुक्ति पाउनुअघि परराष्ट्र मन्त्रालयका विशेष सल्लाहकारको भूमिकामा पनि राजनीतिक नेतृत्वले उनको अनुभव, सुझबुझ र परामर्शलाई विशेष महत्त्व दिने गरेको देखिन्छ ।

कूटनीति निर्माण, सञ्चालन र कार्यान्वयनमा माथि चर्चा गरिएका चारैजना कूटनीतिज्ञको अहं भूमिका रह्यो । राजनीतिक संक्रमण, सरकारको अस्थिरता, व्यक्तित्वको टकराव, नेपालको भूराजनीतिक अवस्थिति, नेपालको विदेश नीतिलगायत आन्तरिक मामिलामा समेत प्रभुत्व, प्रभाव र हाबी हुने बाह्य प्रवृत्ति, कतिपय अवस्थामा प्रत्यक्ष वा परोक्ष रूपमा बाह्य हस्तक्षेप वा चासोलाई स्विकार्ने दृष्टिकोण, बोली अनि व्यवहारमा दोहोरो मापदण्ड अपनाउने नेपाली राजनीतिक नेतृत्वको शैलीका बाबजुद यी कूटनीतिज्ञले सीमितताको घेरालाई धेरै हदसम्म चिरी कूटनीतिमा राम्रो योगदान दिए ।

उनीहरूले खडा गरेको मार्गचित्रमा लामो समय नेपालको वैदेशिक सम्बन्धले दिशाबोध गऱ्यो । तर, पहिलो पुस्ताका परराष्ट्र सचिवको तुलनामा उनका उत्तराधिकारी त्यति काबिल भएनन् कि ! आखिर वैदेशिक नीति गार्हस्थ्य नीतिकै विस्तार हुने परिप्रेक्ष्यमा घरेलु राजनीति, राष्ट्रिय नेतृत्व र छिमेक अनि विश्वमा आएका परिवर्तनको प्रभावले नेपालको परराष्ट्र नीतिको सञ्चालनमा प्रभाव पार्ने नै भए । यी विभिन्न सीमितताका बाबजुद नेपालको परराष्ट्र नीति सञ्चालन, कार्यान्वयन र अवलम्बनमा ठोस प्रेरणा दिन उल्लिखित चार शीर्षस्थ कूटनीतिज्ञको भूमिका अर्थपूर्ण रहेकामा शङ्का छैन ।

(पूर्वपरराष्ट्रसचिव डा.भट्टराईको प्रकाशोन्मुख पुस्तक 'चार कूटनीतिज्ञ'बाट । उनको पुस्तक असार १५ बाट पाठकमाझ उपलब्ध हुँदै छ ।)

धानको भातले भित्र्याएको विभेद



तस्बिर : **दिपेन्द्र ढुंगाना**

युद्ध अन्त्यसँगै संसारभरिका खानेकुरा र यसको बजार खोज्न निस्केका पश्चिमेलीले धानको भातलाई संसारकै महत्त्वपूर्ण खाना भएको कुरा उजागार मात्र गराएनन्, यसका जात, प्रजात र परिकारको अग्राधिकार (पेटेन्ट राइट्स)समेत कब्जा गरे

मानिसले खेतीपाती घरपालुवा बनाउने क्रमसँगै सबै बालीनाली तथा वस्तुभाउको उत्पादनदेखि उपभोगका सम्पूर्ण आयामलाई पुजनीय बनाएका थिए । अहिले पनि यस्ता कतिपय विविध संस्कृति चलनचल्तीमै छन् । तर, खेतीपातीमा आधुनिक राज्य र बजारको हस्तक्षेप बढेसँगै यस्ता रैथाने उत्सव मनाउने क्रम निरन्तर घट्दो छ । अहिले शासकका चासोमा परेका केही बालीनाली र वस्तुभाउ उत्सव मनाउने यस्तो सूचीमा परेका छन् । विश्व खाद्य दिवस खानाको चासो बढाउन मनाइने मुख्य दिवस हो । त्यसो त अहिले प्रकृति र खानामा संकट बढेसँगै माटो र कोदो दिवस मनाउनसमेत चासो बढेको छ ।

नेपालमा असार १५ मा मनाइने धान दिवस यसै परम्परामध्येको एक हो । सरकारले दुई दशकदेखि असार १५ गते धान दिवस मनाउने चलन बसालेको छ । धान दिवसको अवसर पारेर कृषि मन्त्रालय र मातहतका निकायहरू, पार्टीका भ्रातृ किसान संगठन र अन्य स्वतन्त्र किसान संघ-संगठन, खाना र खेतीपातीमा संलग्न सबै संघसंस्थाहरू र सहरमा रहेका शैक्षिक प्रतिष्ठानसमेतले धान दिवस मनाउन गमलादेखि खेतसम्म धान रोप्ने विभिन्न कार्यक्रम गर्ने गर्छन् । अहिले स्थानीय सरकारसमेत यसमा सामेल हुन थालेको छ ।

हुन त हाम्रो मौसमी धानखेती हरेक वर्ष चैत्र १२ गते माथिल्लो कर्णालीका विभिन्न ठाउँमा धानको बिउ राख्ने कर्मसँगै सुरु हुनेगर्छ । तर, हिजोआज बिउ र प्रविधि उन्नत भएसँगै धानखेती भने बाह्रमासे भएको छ । तर, पनि वर्षेधानको सान घटेको छैन, बरु झन् थपिँदै गएको छ । यसो हुनुमा धान रोपाइँको मेसो पारेर हिलोमा खेल्ने र यसको सेल्फी खिचेर फोटो र भिडियाले सामाजिक सञ्जाल भरिभराउ गर्ने युवासाथै सरकारको असारे विकासको विरोध गर्न हिलाम्मे बाटोमा धान रोप्ने सहरवासीको नयाँ चलनको समेत योगदान छ ।

> मधेस झर्ने समुदायले जानेर, नजानेर थारू समुदायलाई धानखेतबाट विस्थापित गऱ्यो । अहिले उनीहरूलगायत अन्य आदिवासी किनाराका साक्षी बन्न पुगेका छन् । यसरी भात आफैंमा सामाजिक विभेदको कारक र साक्षी दुवै बन्दै आयो ।



कृष्णप्रसाद पौडेल
paudelkrishne@gmail.com

सन्दर्भ :
२०औं धान दिवस

त्यसो त धानको बिउ राख्ने वेलादेखि काट्ने वेलासम्म आ-आफ्नो संस्कृतिअनुसार प्रकृतिको पूजा गर्ने, धान र धानखेतीसँगै लगाइने बालीबाट बनाइने परिकारजस्तै भात, पुवा, गेडागुडी, दही, चिउरा, खिर, चामलको रोटी, भातको जाँड खाने र धान उत्पादनमा संलग्न सबै समुदाय मिलेर गाउँदै, नाच्दै हिलो खेल्दै धान रोप्ने उत्सव मनाउने पुरानै चलन हो । यो उत्सवका ठाउँ र समुदाय विशेषका आ-आफ्नै मौलिक परम्परा छन् ।

सरकारले धान दिवस मनाउन थालेसँगै धान र यसको मुख्य परिकार भातका बारेमा ह्वात्तै चासो बढेको छ । यसको कारण भने उत्सव मनाउन थालेसँगै बढेको धानचामलको आयात हो । यसबीचमा नेपालमा धानको उत्पादकत्व केही बढेको छ, उदाहरणका लागि ६ दशक पहिलेको १.३ मेट्रिन प्रतिहेक्टरबाट उत्पादकत्व बढेर गत वर्ष ३.७९ मेट्रिन प्रतिहेक्टर भएको छ । साथै, मीठो-मसिनो चामलको भात खाने चलन थपिएको छ । यसले ०३३ साल, अर्थात् ४७ वर्षअघि नेपालको धान-चामल निर्यात गर्न सरकारी कम्पनी खोलेको र पाँच वर्षपछि नै यो कम्पनी बन्द भएको थियो । बरु त्यति नै वेला कम्पनीको नाममा निर्यात काटेर आयात बनाएको भए के हुन्थ्यो ? घोल्टिन विवस बनाएको छ । ४० को दशकदेखि नै हामीले धान-चामल आयात र खाद्यान्न अनुदान लिँदै आएका छौं । किनकि, हाम्रो समाजका ठूलाबडाको मुख्य खाना चामलको भात थियो र अहिले पनि नेपाली समाजको सामाजिक मनोविज्ञानमा खानाभन्दा त्यही भातको प्रभाव छ । कसैले खाना खानुभयो भन्दा अरू होइन चामलको भात खानुभयो भनेर बुझिन्छ ।

०३५ सालमा खाद्य तथा कृषि मन्त्रालयबाट खाद्य हटाएसँगै नेपालमा खेतीपाती ओरालो लाग्नेक्रम जारी भएको हो । सामान्य रूपमा विचार गर्दा खानेकुरा बिर्सेको कृषि नाफा कमाउन खेती गर्नेबाहेक कसैको चासोमा नपर्नु अनर्थ भएन । तर, हाम्रोजस्तो कृषिकर्ममा आधारित जीवन पद्धति र अर्थव्यवस्था भएको देशले कृषि सपार्न समात्नुपर्ने बाटो बिराएको भेउ नपाउने राजनीतिक नेतृत्वको अकर्मण्यतालै अहिलेको अवस्था आएको हो ।

खासगरी, यसप्रति जिम्मेवार हुनुपर्ने नीति-निर्माताले खेतीपातीको मुख्य मर्म खानका लागि हो भन्ने सत्य बिर्सेर बरालिँदा यो अवस्था आएको हो । अहिले खेतीपातीको उत्पादन, यो गर्ने क्षेत्रफल र सामाजिक उद्यमी किसान सँगसँगै घट्दै गएको अवस्था छ । परिमाणतः ५० लाखभन्दा बढी युवा हराभरा खेतमा रमाउनुपर्नेमा उनीहरू खाडी र अन्य मुलुकमा रगत-पसिना बगाउन बाध्य छन् । नेपालको औसत आन्तरिक आयमा कृषिक्षेत्रको योगदान निरन्तर घट्दै अहिले एकचौथाई मात्र हुन पुगेको छ । त्यसमा पनि धान नेपालको मुख्य अन्नबाली हो । यसको मात्र सबै कृषि क्षेत्रको एकतिहाइ हिस्सा छ ।

नेपालीको मुख्य खाना भनेर चिनिने धान दक्षिण एसियाको चीन, इन्डोनेसिया, नेपाल र भारतको परम्परागत रैथाने बाली हो । यो १० हजार वर्ष पहिलेदेखि यस भेगको मुख्य खानेकुरा रहँदै आएको छ । धान आजभन्दा २५ सय वर्ष पहिले मात्र जापान र अरब हुँदै युरोप पुगेको थियो । १८औं शताब्दीमा अमेरिका पुगेको थियो धान । गाई र गहुँको वर्चस्वले लामो समयसम्म धान ओझेलमा परेको थियो ।

तर, औपनिवेशिककालमा भारतलाई उपनिवेश बनाएको बेलायत, चीनलाई उपनिवेश बनाउने जापान र भियतनामसँग लडाइँ गरेको अमेरिकाले यी देशका मुख्य खानेकुराको स्वाद र यसबाट पाउने पोषणको भेउ नपाउने कुरै थिएन । युद्ध अन्त्यसँगै संसारभरिका खानेकुरा र यसको बजार खोज्न निस्केका पश्चिमेलीले भातलाई संसारकै महत्त्वपूर्ण खाना भएको कुरा उजागर मात्र गराएनन् यसका जात, प्रजात र परिकारको अग्राधिकार (पेटेन्ट राइट्स)समेत कब्जा गरे । यी सबै कुराले धान र भातको वर्चस्व सबैतिर फैलियो ।

यसको प्रभावले धान र यसबाट बन्ने मुख्य परिकारलाई विकासलाई जस्तै संसारभरि नै उच्च दर्जा दिइयो । मुख्य उत्पादन हुने बाली नै धान रहेको नेपालमा यसको वर्चस्वको प्रभाव त झनै स्वाभाविक थियो । यस्तो सोचले भात खान सक्ने र न सक्ने, पाउने र नपाउने जात, वर्ग लिंग र भूगोलको हिसाबले मात्र विभाजन गरिएन चामलको भात खान सक्नु सम्पन्नता र समृद्धिको विकासे मानक भयो ।

यसले परम्परादेखि खाँदै आएका अन्य खानालाई खानेकुराको विविधता र बराबरीको दर्जाबाट तल्लो दर्जामा झाऱ्यो । फलस्वरूप भात खाए ठूलो भइने मानकले सबै समुदायलाई कुनै न कुनै हिसाबले सधैं पिरोल्यो । कर्णाली भात खाने चामल मागेकोमा बदनाम भएको छ । कतिपय धान नफल्ने क्षेत्रका आदिवासी र विपन्न समुदाय आफ्ना परम्परागत रैथाने खाना खाँदासमेत हीनताबोध महसुस गर्ने अवस्था बन्यो । उसले त आज कोदो खाएछ भन्दा टाउको निहुऱ्याउने अवस्था बन्यो ।

यसमा पनि धानको भात खानकै लागि मधेस झर्ने निम्नमध्यम वर्गीय बाहुन-क्षेत्री समुदायको कथा र धानको महिमासँगै धानखेतीका अग्रज थारू समुदायको विस्थापन झनै मार्मिक छ । भात अभिजात वर्गको खाना बनेसँगै बाहुन-क्षेत्री समुदाय सधैं खाद्य संकटको सामाजिक मनोविज्ञान झेल्दै हीनताबोधको सिकार भइरह्यो । समाजमा आफ्नो जातीय औकात देखाउन र सांस्कृतिक प्रभावको विरासत जोगाउन उसले भात खान सक्ने हुनैपर्ने बाध्यता झेलेर हुर्क्यो । जब यो थाम्न नसकेर खोज्नुपर्ने भयो भात खानकै लागि मधेस झर्न ऊ विवश भयो । यसको साक्षी यो पंक्तिकारसमेत हुन् । यसरी मधेस झर्ने समुदायले जानेर वा नजानेर थारू समुदायलाई धानखेतबाट विस्थापित गऱ्यो । अहिले उनीहरूलगायत अन्य आदिवासी किनाराका साक्षी बन्न पुगेका छन् । यसरी भात आफैंमा सामाजिक विभेदको कारक र साक्षी दुवै बन्दै आयो ।

धान फल्ने अब्बल जग्गामा पहुँच हुने अभिजात वर्गको मुख्य खाना बनेको भातले यिनैले जस्तै खानेकुराको दुनियाँमा बेग्लै वर्चस्व बनायो । भातको मानमनितो बढेसँगै यसको संगतको अपेक्षासमेत सबै तहमा बढ्नु स्वाभाविक भयो । जग्गा-जमिन हुनेले सम्भव भएका सबै ठाउँमा र सबै मौसममा यसको खेती बढाए । धानखेती नहुने, तर कमाइ भएकाले किनेरै भात खान थाले भने नहुनेले नाममा भात झुन्ड्याएरै भए पनि चित्त बुझाए । त्यसैले पहिले आँटो-च्याँख्ला भनिने मकै र गहुँका परिकार भात बन्न पुगे । कर्णालीमा चिनो भनेर चिनिएको सेतो कोदोले त बोलीचालीमा हिमालीधानकै दर्जा पाएको छ ।

धानको महिमाले पानी लाग्ने होस् या नलाग्ने चिसो होस् या तातो सबै ठाउँमा धानखेती लगाउने होड चल्यो । यसको ठाउँ सरकारी तथ्यांक पत्याउने हो भने ०४८ सालमा नेपालको ३५ लाख हेक्टरमा धानखेती थियो । अहिले यो घटेर १५ लाख हेक्टरभन्दा कम भएको छ । केही वर्षअघिसम्म संसारकै अग्लो मार्सी धान फल्ने ठाउँ भनेर नाम कमाएको जुम्लाको छुम जिउलो अहिले दुर्गा प्रसाईंको घरमा मार्सी भात खाने नेताको चेत कहिले फर्केला भनेर पर्खेर बसेको छ ।

यसरी खाने परिकारको अभिजात वर्गको बनेको भात पछिल्लो समय भने धेरै नै बदनामसमेत हुँदै आएको छ । यस्तो बदनामी हुनुमा जलवायु परिवर्तन र जनस्वास्थ्य संकट मुख्य कारक बनेका छन् । एकातिर, विषाक्त र पत्रु बन्दै गएको खानेकुराले निम्त्याएको चिनीरोग महामारी बन्दै गएसँगै छिट्टै रगतमा चिनीको मात्रा बढाउने धानको भात धेरैको भान्सामा हिजोआज वर्जित हुने क्रम तीव्र भएको छ भने चिनीरोग चिनोको भात सम्भ्रान्तको भान्सामा छिरेको छ । हुन त यस्तो चिनी बढाउन प्रायः सबै अन्नबालीको उत्तिकै भूमिका छ । त्यस्तै, जलवायू परिवर्तनमा प्रभाव पार्नेमध्ये एक मिथेन ग्यासमा बस्तुभाउपछि धानखेतीको योगदान रहेको छ ।

अन्त्यमा, यी सबै आयामको चिन्तन-मनन गर्दै खानका लागि खेतीपाती गर्नुपर्छ । साथै, तुलनात्मक लाभका बाली तथा वस्तुभाउबाट किसानको आम्दानी बढाउने सोचसहितको खेतीपातीको ढाँचा बनाउनुपर्छ ।

बहुसंकटबाट लोकतन्त्र बच्न सक्ला ?



तस्बिर : एजेन्सी



जोर्ज सोरोस

विश्व

हामी समस्याग्रस्त समयमा बाँचिरहेका छौं । अतिशय कुरा धेरै तीव्रतामा भइरहेका छन् । जनता अलमलमा छन् । कोलम्बिया विश्वविद्यालयका आर्थिक इतिहासकार एडम टुजले अहिलेको परिस्थितिलाई जनाउने एउटा शब्दलाई लोकप्रिय बनाएका छन् । उनी यसलाई 'पोलिक्राइसिस(बहुसंकट)' भन्छन् ।

यस पोलिक्राइसिसका स्रोत धेरै छन् । मेरो विचारमा आर्टिफिसियल इन्टेलिजेन्स(एआई) संसारलाई पिरोलिरहेको पोलिक्राइसिसको मुख्य स्रोत हो । जलवायु परिवर्तन दोस्रो स्थानमा आउँछ । युक्रेनमाथिको रुसी आक्रमणलाई तेस्रोमा राख्दा हुन्छ । बहुसंकटका स्रोतको सूची लामो छ, तर म यी तीनवटामै केन्द्रित हुनेछु ।

आर्टिफिसियल इन्टेलिजेन्स (एआई)

ओपन एआई नामक सम्बद्ध कम्पनीमार्फत माइक्रोसफ्टले सर्वसाधारणलाई च्याटजिपिटी निःशुल्क उपलब्ध गराएपछि एआईले विश्वलाई अचम्मित तुल्यायो । यसले गुगलको बिजनेस मोडेलका लागि अस्तित्वकै खतरा उत्पन्न गऱ्यो । त्यसैले, जतिसक्दो चाँडो प्रतिस्पर्धी उत्पादन ल्याउन गुगल हतारियो । त्यसको केही समयपछि एआईका गडफादर मानिने जेफ्री हिन्टनले गुगलबाट राजीनामा दिए, ताकि उनी यस नयाँ टेक्नोलोजीले निम्त्याउने जोखिमबारे खुलेर बोल्न सकून् । उनले आफ्नो अधिल्लो अडान उल्ट्याउँदै एआईबारे नकारात्मक विचार पस्किए, 'यसले सभ्यतालाई नै नष्ट गर्न सक्छ ।'

हिन्टनले डाटा एनालाइसिसमार्फत भाषा एवं कौशलहरू सिक्न र तीनलाई उत्पन्न गर्न सक्ने 'न्युरल नेटवर्क' विकासको नेतृत्व गरेका थिए । जति-जति डाटा बढ्दै गयो, एआईका तथाकथित लार्ज ल्याङ्ग्वेज मोडल (एलएलएम)हरूको क्षमता पनि बढ्दै गयो । यसले हिन्टनमा ठूलो प्रभाव पाऱ्यो । उनले भने, 'मस्तिष्कमा जे भइरहेको छ, त्योभन्दा यी प्रणालीमा जे भइरहेको छ त्यो धेरै उत्कृष्ट हुन सक्छ ।'

यी जति-जति शक्तिशाली हुँदै जान्छन्, त्यति नै खतरनाक पनि हुँदै जाने उनको दाबी छ । विशेषगरी स्वायत्त हतियार प्रणाली खतरनाक हुने चेतावनी दिँदै तिनलाई उनले 'हत्यारा रोबोटहरू' भनेका छन् । 'हामीले पूर्ण रूपमा अज्ञात क्षेत्रमा प्रवेश गरेका छौं । हामी आफूभन्दा बलिया मेसिन निर्माण गर्न सक्षम भएका छौं । यद्यपि कुरा अझै पनि काबुभित्रै छ । तर, हामीले आफूभन्दा स्मार्ट मेसिनहरू विकास गर्दा के होला ? 'मानव बुद्धिमत्तालाई उछिन्न एआईलाई पाँचदेखि २० वर्ष लाग्नेछ । र, यसले अझ शक्तिशाली भइयो भने आफ्नो लक्ष्य अझ राम्रो तरिकाले हासिल गर्न सकिन्छ भन्ने कुरा पनि चाँडै थाहा पाउनेछ ।'

हिन्टनले जे भने, त्यो कुराले ममा ठूलो छाप पाऱ्यो । वास्तवमा, एआईले मलाई गोथेको 'सिकारु जादुगर (द सोर्सरर्स अपरेन्टिस)' कविता याद दिलायो । प्रशिक्षार्थीले जादुको अध्ययन गरिरहेको छ, तर गुरुले के सिकाइरहेका छन् भन्ने कुरा उसले राम्ररी बुझ्नेको छैन । त्यसैले गुरुले भुइँ सफा गर्न आदेश दिँदा ऊ झाडुमा जादु उपयोग गर्छ । झाडुले उसको आज्ञा पालन त गर्छ, तर भुइँमा रहेको पानीको बाल्टिनलाई पनि बढारेर ढलाइदिन्छ । प्रशिक्षार्थी झाडुलाई यसो गर्नबाट रोक्न सक्दैन र घर जलमग्न हुन पुग्छ ।

म एआई आविष्कार हुनुपहिले नै हुर्केको मान्छे हुँ । परिस्थितिले मलाई वास्तविकताको अनुयायी बनायो । आफू जन्मेको यो संसारलाई बुझ्न कत्ति गाह्रो छ भनेर मैले सानै उमेरमा महसुस गर्न पुगेँ । वास्तविकताको अवलोकन मेरो दिशाबोधको स्रोत बन्यो ।

हामी मानिस आफू बाँचिरहेको यो संसारका सहभागी र पर्यवेक्षक दुवै हौं । सहभागीका रूपमा हामी संसारलाई आफूअनुकूल परिवर्तन गर्न चाहन्छौं, पर्यवेक्षकको रूपमा वास्तविकतालाई यथारूप बुझ्न । यी दुई उद्देश्य एकअर्काका अतिक्रमण गर्छन् । आफुलाई सही र गलतबीच भेद गर्न सघाउने भएकाले म यसलाई एउटा महत्त्वपूर्ण अन्तरदृष्टिको रूपमा लिन्छु ।

एआईले यो आमचेतलाई नष्ट गरेको छ, किनकि वास्तविकतासँग यसको कुनै साइनो छैन । एआईले आफ्नै वास्तविकता सिर्जना गर्छ । जब त्यो कृत्रिम वास्तविकता वास्तविक संसारसँग मेल खाँदैन (प्रायः यस्तै नै हुन्छ) तब त्यो दिग्भ्रम मात्र हुन्छ ।

यसैले मलाई एआईको विरोधमा र यसलाई नियमन गर्न आवश्यक रहेको तर्क गर्ने विज्ञहरूसँग सहस्र सहमतिमा पुग्यायो । तर, ती नियम विश्वव्यापी रूपमा लागू हुनुपर्नेछ, किनकि नियम छल्नेहरूले ठूलो अनुचित लाभ उठाउनेछन् ।

दुर्भाग्यवश, नियमनका विश्वव्यापी नियम अपर्याप्य छन्, किनभने विश्वमा शासनका दुई प्रणालीबीचको द्वन्द्वले प्रभुत्व जमाएको छ, जुन एक-अर्काका विपरीत छन् । कुन कुरालाई नियमन गर्नुपर्छ र किन गर्नुपर्छ भन्ने विषयमा तिनको मत फरक छ । म शासनका यी दुई प्रणालीलाई खुला र बन्द समाज भन्छु र यी दुईबीचको भिन्नतालाई निम्नानुसार परिभाषित गर्छु- खुला समाजमा, राज्यको भूमिका व्यक्तिको स्वतन्त्रता रक्षा गर्ने हुन्छ भने बन्द समाजमा व्यक्तिको भूमिका शासकका हितका सेवा गर्ने ।

एआई अविश्वसनीय तीव्रताले विकसित भइरहेको छ । त्यसैले यसलाई पूर्ण रूपमा बुझ्न साधारण मानव बुद्धिका लागि असम्भव छ । यसले हामीलाई कहाँ पुऱ्याउँछ भनेर कसैले अनुमान गर्न सक्दैन । तर, हामी एउटा कुरामा भने निश्चित हुन सक्छौं- एआईले बन्द समाजलाई सहयोग गर्नेछ भने खुला समाजका लागि यो घातक हुनेछ । किनकि एआई विशेषगरी नियन्त्रणका उपकरण उत्पादन गर्न माहिर छ, जसले बन्द समाजलाई तिनका नागरिकको निगरानी राख्न मद्दत गर्नेछ ।

यसैले म एआईको विरोध गर्छु । तर, यसलाई कसरी रोक्नेचाहिँ मलाई थाहा छैन । अहिले, एआई विकास गर्ने अधिकांशले यसलाई नियमन गर्नुपर्ने आवश्यकता बुझेका छन् । कंग्रेस र राष्ट्रपति जो बाइडनको प्रशासनले पनि यो बुझेको छ । तर, एआई सरकारी अधिकारीहरूको तुलनामा निकै तीव्र गतिमा अघि बढिरहेको छ । बाइडेन प्रशासनले केही कार्यकारी कदम चालेको त छ, तर कंग्रेसलाई 'एआई बिल अफ राइट्स' जस्तो कुनै पनि कुरा लागू गर्न कठिन हुनेछ ।

यसमा एउटा समस्या छ । सन् २०२४ मा संयुक्त राज्य अमेरिकामा आम निर्वाचन हुँदै छ र सम्भवतः संयुक्त अधिराज्यमा पनि एआईले महत्त्वपूर्ण भूमिका खेल्नेछ, जुन खतरनाकबाहेक हुने सम्भावना छैन । एआई गलत सूचना र गहन फेकहरू उत्पादन गर्न धेरै माहिर छ र यहाँ यसका दुर्भावनापूर्ण खेलाडीहरू थुप्रा हुनेछन् । उसो भए यस विषयमा हामी के गर्न सक्छौं त भन्ने प्रश्नको मसँग जवाफ छैन । यद्यपि, यो मुद्दाले यथोचित ध्यान पाउने आशा मलाई छ ।

जलवायु परिवर्तन

जलवायु परिवर्तन पोलिक्राइसिसको दोस्रो तत्त्व हो । मानव हस्तक्षेप विशेषगरी हरितगृह ग्यास, कार्बनडाइअक्साइड र मिथेनको भारी मात्राको प्रयोगले विश्वव्यापी जलवायु प्रणालीलाई अस्तव्यस्त बनाएको छ । सन् २०१५ को पेरिस सम्झौताले तापमान वृद्धिलाई औद्योगिक क्रान्तिपूर्वको स्तरबाट १.५ डिग्री सेल्सियसमा सीमित राख्ने लक्ष्य राखेको छ । यो लक्ष्य अब अतिक्रमण हुने निश्चित छ । सम्पूर्ण प्रयासका बाबजुद तापमानमा तीव्र वृद्धि छ ।

बेलायत सरकारका पूर्वप्रमुख वैज्ञानिक सल्लाहकार डेभिड किङ र पोट्सड्याम इन्स्टिच्युटका जोहान रकस्ट्रोमले जलवायु परिवर्तनका कारण पृथ्वीमा जीवन नै धराशयी हुन सक्ने चेतावनी दिएका छन् । जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानल (आइपिसी)ले वर्तमानका जलवायु नीतिले सन् २१०० सम्ममा तापमान वृद्धि २.५-२.७ डिग्री सेल्सियसबीच पुग्ने बताएको छ । वैज्ञानिकहरू यसो भयो भने महाविपत्ति हुने बताउँछन् । यो पृथ्वीको विगत ४० लाख वर्षयताको सबैभन्दा बढी तापक्रम हुनेछ, जसले ग्रिनल्यान्ड, हिमालय र पश्चिम अन्टार्कटिकाको हिउँ पूर्ण रूपमा पगाल्नेछ, समुद्रको सतह १० मिटरले बढाउनेछ ।

'पृथ्वीमा सबै ठूला जीवस्थल (वर्षावन एवं समशीतोष्ण वन)हरू नासिनेछन् । पर्माफ्रोस्ट (ध्रुवीय क्षेत्रको जमेको हिमसतह) अचानक पग्लिँदा समुद्री जीवविज्ञानको सर्वनाश हुनेछ । बसोवासको ठूलो भाग स्थानान्तरण हुनेछ,' रकस्ट्रोम भन्छन्, 'भूमध्यरेखा आसपासको एकतिहाइभन्दा बढी भूभाग निर्जन हुनेछन्, किनभने यो क्षेत्रको तापमानले स्वास्थ्यको थ्रेसहोल्ड ३० डिग्री सेल्सियसलाई पार गर्नेछ ।'

दुर्भाग्य के भने जलवायु परिवर्तनसँग लड्दा मानिसहरूको जीविकोपार्जनमा हस्तक्षेप हुन्छ । उनीहरू आफ्नो जीविकोपार्जनको रक्षा गर्न चाहन्छन् । जर्मनी र नेदरल्यान्ड्सका किसान नाइट्रोजन उत्सर्जन नियमनविरुद्ध छन्, किनभने यी नियमले उनीहरूलाई गाई पाल्नबाट रोक्नेछ । त्यसैले उनीहरू आन्दोलित भए र चुनाव जिती युरोपियन युनियनलाई हल्लाएका छन् । तेल कम्पनीहरूको नाफा कायम राख्ने इच्छाले पनि नियमनको प्रतिरोध गर्नेछ ।

हामी जलवायु परिवर्तनसँग जुध्न निर्धारित समयभन्दा निकै पछि परिसक्यौं । त्यसैले, हामीले जलवायु वैज्ञानिकहरूले आवश्यक भनेका सबै काम गर्नुपर्छ । उत्सर्जनलाई भारी मात्रामा र छिटो कम गर्नुपर्छ, वायुमण्डलबाट अतिरिक्त हरितगृह ग्यास हटाउनुपर्छ अनि आर्कटिकलाई पुनर्स्थापित गर्नुपर्छ । यसका लागि हामीले आदिवासी समुदायको पनि स्वीकृति प्राप्त गर्नैपर्छ । र, यो सबै सक्दो चाँडो गर्नुपर्छ ।

युक्रेन युद्ध

यो पोलिक्राइसिसको तेस्रो घटक हो । युक्रेनमाथिको रुसी आक्रमणले खाद्य आपूर्तिमा अवरोध एवं ठूलो भूराजनीतिक अदलाबदलीसहित विश्वलाई नकारात्मक धक्का दिएको छ । यद्यपि, युद्धको वास्तविक परिणाम अपेक्षा गरेभन्दा धेरै राम्रो छ । युक्रेनी सेनाले अमेरिका र युरोपको बलियो सहयोगमा वीरतापूर्ण प्रतिरोध गरेका छन् । रुसी सेना कागजी बाघ साबित भएको छ । भाडाको सेना वाग्नर समूहले एक समय आक्रमणलाई चर्काएको भए पनि अन्ततः ऊ पनि युक्रेनलाई हराउन असफल भएको छ । फलस्वरूप, युक्रेन पश्चिमले प्रतिज्ञा गरेका सबै हातहतियार आएलगत्तै जवाफी हमला सुरु गर्न तम्तयार छ । बाइडनले युक्रेनलाई एफ-१६ लडाकु विमान दिनुपर्नेमा सहमति जनाइसकेका छन् ।

प्रत्याक्रमण सफल हुने अपेक्षा छ । निसाना क्राइमियन प्रायद्वीप हुनेछ, जुन रुसी नौसेनाको आधार हो । रुससँग जोड्ने पहिले नै क्षतिग्रस्त पुललाई नष्ट गरिदिएर युक्रेनले रुसको रणनीतिक सम्पत्तिलाई समाप्त गरिदिन सक्छ, किनकि क्राइमियामा खाने पानी छैन । पुल ध्वस्त भएपछि क्राइमिया पानीका लागि पूर्णतः युक्रेनमा निर्भर हुनेछ ।

राष्ट्रपति भ्लादिमिर पुटिनको निरंकुश शासनमा रुसी संघका धेरै भाग आजित भइसकेका छन् । यो विकासक्रमले उनीहरूलाई भड्काउन सक्छ । रुसी साम्राज्य ब्युँताउने पुटिनको सपना विघटित हुँदा युरोप र विश्वको खतरा पनि टर्नेछ ।

युक्रेनमा जारी युद्धको अन्त्य विश्वका लागि सकारात्मक झट्काको रूपमा आउनेछ । यसले बाइडेनलाई अमेरिका र चीनबीचको तनाव कम गर्ने अवसर दिनेछ । राष्ट्रपति सी जिनपिङलाई अमेरिकासँग मिलेर बस्न थप ग्रहणशील बनाउन सक्छ । बाइडेनले चीनमा सत्ता परिवर्तन चाहेका छैनन् । उनले चाहेको ताइवानको यथास्थितिको पुनर्स्थापना मात्र हो ।

युक्रेनमा रुसको पराजय र चीन-अमेरिका तनावमा कमी आएको छ । यो परिवेश विश्वका नेतालाई हाम्रो सभ्यतालाई नष्ट गर्ने खतरा रहेको जलवायु परिवर्तनविरुद्धको लडाइँमा ध्यान केन्द्रित गर्ने अवसर सिर्जना हुन सक्छ । तर, यहाँ पुग्ने बाटो एकदम साँघुरो र घुमाउरो छ । तसर्थ, यो बहुसंकटबाट लोकतन्त्र बच्न सक्छ कि सक्दैन भन्ने प्रश्न सान्दर्भिक हुन पुगेको छ ।

(सोरोस 'ओपन सोसाइटी फाउन्डेसन'का अध्यक्ष हुन् । 'इन डिफेन्स अफ ओपन सोसाइटी' उनको पछिल्लो पुस्तक हो । प्रोजेक्ट सिन्डिकेटबाट नारायण शिवाकोटीले अनुवाद गरेका हुन् ।)

युक्रेनमा रुसको पराजय र चीन-अमेरिका तनावमा कमी आएको छ । यो परिवेश विश्वका नेतालाई हाम्रो सभ्यतालाई नष्ट गर्ने खतरा रहेको जलवायु परिवर्तनविरुद्धको लडाइँमा ध्यान केन्द्रित गर्ने अवसर सिर्जना हुन सक्छ । तर, यहाँ पुग्ने बाटो एकदम साँघुरो र घुमाउरो छ । तसर्थ, यो बहुसंकटबाट लोकतन्त्र बच्न सक्छ कि सक्दैन भन्ने प्रश्न सान्दर्भिक हुन पुगेको छ ।

हारिरहेछ देश



बसन्त चौधरी

कविता

यत्रतत्र छन् विछ्याइएका
अन्योल समयमा
कहाँ खोज्ने गाण्डीवधारी !

देशको नाउँमा
देशलाई नै बन्दी राखेर
देशलाई इज्जत ढाक्न
व्यस्त छन् चारैतिर
भेषधारी अर्जुन

अर्जुन
आज निरस्त्र लाचार छ
गाण्डीव खोसिएको छ
र पटक-पटक,
छलिएका छन् देशवासी
नक्कली पाण्डुपुत्रहरूबाट
अर्जुनको नाममा
यो स्वार्थको महाभारत
गरिरहेछन् मनोमानी
लोकतन्त्रको स्टिकर टाँसेर
गरिरहेछ तानाशाहतन्त्रको खेती
उमार्दै छन्
भ्रष्टाचार, बेतिथि र विकृति
र
हारिरहेछ देश !

देशको अस्मितासँग
खेल्दै पासा
ठटाउँदै तिघ्रा !

दिग्भ्रमित छन् देशवासी
भ्रमले रुमल्याइएको
कुरुक्षेत्रभरि
शकुनिका जालहरू

आधुनिक महाभारतको
नयाँ अध्याय
फेरि सिर्जना भयो
लोकतन्त्रको चीरहरण
एकपटक फेरि हुँदै छ
मौन छ कृष्ण
र मनमानी
गरिरहेछ द्यूतसभा

आफ्नै पैताला टेकेर...



अनिता न्यौपाने

anita.sasakabya@gmail.com

कविता

खोलिदे न समाजको पिँजडा भन्थ्यो-
मन
फ्रक लगाएर उक्लन रहर हुन्थ्यो-
जिन्दगीको उकालो
खै कसको इज्जतको खातिर बोल्न सकिनँ-
थाहा छैन

कहिले सकिनँ
हट कफीको चुस्की लगाउँदै
ओई मायालु ओठ पोल्यो भन्न
सकिनँ-
झमझमे झरीमा झरी बनेर भिज्न

शृंगार कक्षका ऐनाहरूमा न्युड उभिएर
आफैंलाई नियाल्ने हिम्मत पनि आएन
गोलीगाँठो छोपिने गरी लुगा लगाउँदा पनि
प्रश्नको कठघरामा उभिएर जवाफ दिएकी छु

ओठैमा आएको ओई साले जिन्दगी !
भन्न नसकेर चुप बसेको मभित्र
विचारका प्वाँखहरू उडिमात्रै रहैं
कहिले सकेनन् सुखद् अवतरण गर्न....

फुल्दै नफुली ओइलाउन लागेको मनफूलमा
यतिवेला-
वर्षा लिएर आएको छ- हिम्मत
र म-
उमेरको भऱ्याङ ओर्लिएकी छु

अचेल चुमिहिँड्छन् मलाई-
हावाका ओठहरूले
चाहनाका रङहरू-
इन्द्रेणी बनेर उसका आँखामा पर्छन्
लपेटेर राखेको छु-
ताराहरूको पुञ्ज
बन्दीगृहबाट निस्केर निर्बाध डुलिहिँड्छन्-
रहरहरू
लुकिलुकी झ्यालबाट हेर्नु छैन-
चराहरूको उडान
रहरको बाटो हिँडेर क्षितिज भेट्टाउन
ऊ मेरो हातमा हात समाउँछ र
मुसुक्क मुस्काएर बनाइदिन्छ-
जिन्दगीको राजमार्ग उज्यालो

जीवनको यात्रामा
मलाई पछाडि छाडेर दौडिनुभएको तपाईं
सुस्ताउँदै गर्दा घुम्तीमा
नथाकीकन, नआत्तीकन
मोडबाट आइरहेको मलाई देख्नुभयो भने
नआत्तिनुहोला, नहड्बडाउनुहोला....
यतिवेला म-
उत्तर बोकेर हैन
प्रश्न लिएर तपाईंसामु आउँदै छु
ओ प्रश्नकर्ता उत्तर दिन तयार रहनुहोला !

तपाईंको अनुमान गलत हुन सक्ला
या हुन सक्छ सही
यतिवेला म भने
मैले मैमाथि गरेका विश्वासहरू
सही बनाउन निस्केकी छु

तपाईंले बोक्नु नपरोस् भनेर
मैले थाप्लोमा बोकिदिएँ- पिरको भारी
तपाईंलाई काँडाले घोच्ला भनेर
जीवनभर फूल भएर फुल्ने प्रयत्न गरैं
तपाईंका आँखामा आँसु डबडबाउन नदिन
मुस्कानको आली बनेर बाँधिएँ-
आँखाको डिलमा
तपाईंको मस्तिष्कमा उम्रिएका नंग्राहरूले
जति कोपरे पनि मेरा अस्मिताहरू
प्रेम हो भनेर स्विकारिदिएँ
तपाईंका नग्न आचरणलाई
छोपिदिएँ- मायाको च्यादरले

आँखाको डिलबाट खसेका रहरहरू
बयली खेले हृदयका गराहरूमा
सपनाका रङहरूले कैयौंपटक बनाएँ-
इन्द्रेणी कोलाज

झ्यापै !



रवि मिश्र

@rabimishra



अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार ९ असार ०८०

जिडिपीको २०% निर्यात पुऱ्याउन पाँच वर्षमा साढे चार खर्ब खर्चिने योजना

- जिडिपीको आकार पाँच वर्षमा ८० खर्ब रुपैयाँ पुग्ने अनुमानअनुसार वार्षिक निर्यात १६ खर्ब रुपैयाँ पुऱ्याउने योजनासहित निर्यातका सम्भावना भएका वस्तुको संख्या थपेर ३२ पुऱ्याइयो
- यसअघि दुईपटक कार्यान्वयनमा ल्याइएको व्यापार एकीकृत रणनीतिले भने निर्यात क्षेत्रमा तात्त्विक सुधार ल्याउन सकेको देखिएको छैन

नवीन अर्याल/नयाँ पत्रिका



स्वदेशी उत्पादनको निर्यात बढाएर व्यापार घाटा कम गर्ने उद्देश्यसहित नेपाल व्यापार एकीकृत रणनीति-२०८० (एनटिआइएस) कार्यान्वयनमा आएको छ। रणनीतिले आगामी पाँच वर्षभित्र वस्तु तथा सेवाको निर्यात अनुपात कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को २० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ।

एनटिआइएसअनुरूप निर्यात लक्ष्य हासिल भएमा आर्थिक वर्ष ०८४/८५ मा वस्तु तथा सेवाको निर्यात व्यापार तत्कालीन जिडिपीको २० प्रतिशत पुग्नेछ। रणनीतिमा आधार वर्ष बनाइएको आव ०७८/७९ मा वस्तु तथा सेवाको निर्यात र जिडिपीको अनुपात ६.३ प्रतिशत छ। पाँच वर्षपछि जिडिपीको आकार ८० खर्ब रुपैयाँ हाराहारी पुग्ने अनुमान गरिएको छ। रणनीतिअनुसार उद्देश्य प्राप्ति भएमा निर्यात बढेर १६ खर्ब रुपैयाँ पुग्नेछ।

आव ०७९/८० को पहिलो १० महिनामा जम्मा एक खर्ब ९१ अर्ब रुपैयाँबराबरको वस्तु निर्यात भएको नेपाल राष्ट्र बैंकको तथ्यांक छ। निर्यात क्षेत्रको प्राथमिकता तय गरी निर्यात अभिवृद्धि गर्ने अभ्यास एटिआइएस-२०१० तर्जुमा गरी सुरुवात गरिएको हो। तर, सरकारले बनाएको रणनीति प्रभावकारी कार्यान्वयन हुन नसकेको विगतको उदाहरण छ। यसअघि दुईपटक ल्याइएको व्यापार रणनीतिले निर्यात क्षेत्रमा सुधार ल्याउन नसकेपछि सरकारले संशोधित नयाँ संस्करण कार्यान्वयनमा ल्याएको हो। जसमा निर्यातयोग्य वस्तु तथा सेवाको सूची थपिएका छन्।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले करिब १४ वर्षअघि नै तुलनात्मक लाभ भएका निर्यातयोग्य १९ वस्तु तथा सेवा समेटेर 'नेपाल व्यापार एकीकृत रणनीति-२०१०' कार्यान्वयनमा ल्याएको थियो। वार्षिक एक खर्ब रुपैयाँको निर्यात गर्ने उद्देश्य राखिएको रणनीति प्रभावकारी कार्यान्वयन हुन सकेन। वाणिज्य मन्त्रालयले नौवटा वस्तु र तीनवटा सेवा क्षेत्र मात्रै समावेश गरेर फेरि नेपाल एकीकृत व्यापार रणनीति-२०१६ (०७३ साल) कार्यान्वयनमा ल्यायो। तर, ०७३ को रणनीतिले पनि निर्यात वृद्धिमा काम गर्न सकेन।

पछिल्लोपटक पूर्वअर्थसचिव एवं अर्थविद् रामेश्वरप्रसाद खनालको नेतृत्वमा गठित १२ सदस्यीय विज्ञटोलीले व्यापारविज्ञ, निजी क्षेत्र तथा सार्वजनिक क्षेत्रका सरोकारवाला र केन्द्रदेखि प्रदेशसम्म व्यापक छलफल-अन्तर्क्रिया गरेर नयाँ रणनीतिको मस्यौदा तयार पारेको हो। २६ वैशाख ०८० मा मन्त्रिपरिषद्बाट स्वीकृत भई नयाँ रणनीति कार्यान्वयनमा आइसकेको छ।

नयाँ व्यापार रणनीतिमा ३२ प्रकारका निर्यात सम्भाव्य वस्तुलाई प्राथमिकताप्राप्त क्षेत्रका रूपमा पहिचान गरिएको वाणिज्य मन्त्रालयका उपसचिव बुद्धिप्रसाद उपाध्यायले बताए। जसमध्ये कृषिजन्य वस्तु पाँच, वनजन्य वस्तु तीन, ढुला उद्योग चार, साना तथा घरेलु उद्योग पाँच, उदीयमान वस्तुहरू ११ र भविष्यमा सम्भावना हुन सक्ने नयाँ वस्तुहरू पाँचवटा पहिचान गरिएको छ। यस्तै, निर्यात सम्भाव्य सेवा क्षेत्रमा पर्यटन, सूचना प्रविधि र इन्टरनेटमा आधारित सेवा, जलविद्युत्, निर्माण सेवा र दक्ष तथा अर्धदक्ष श्रम सेवा (विप्रेषण आउने सेवा)लाई समेटिएको छ।

व्यापार रणनीतिअन्तर्गत पाँच वर्षमा कुल एक सय ८३ क्रियाकलाप कार्यान्वयन हुने मन्त्रालयका उपसचिव उपाध्यायले बताए। यसका लागि चार खर्ब ६३ अर्ब २५ करोड सात लाख रुपैयाँ (३.५ अर्ब अमेरिकी डलर) खर्च हुने प्रारम्भिक अनुमान छ। रणनीति कार्यान्वयनका लागि सरकारले आगामी आवका लागि करिब चार करोड छुट्याएको छ। उक्त बजेट उपशीर्षकमा सरकार र विकास साझेदारहरूले बजेट उपलब्ध गराउनेछन्।

■ कुन मन्त्रालयको के जिम्मेवारी ?

नेपाल व्यापार एकीकृत रणनीति- २०२३ कार्यान्वयनका लागि अर्थ मन्त्रालयलाई औद्योगिक कच्चा पदार्थ र तयारी वस्तुको आयातमा लाग्ने भन्सारदर कम्तीमा एक तह फरक राख्ने, विभिन्न देशसँग दोहोरो कर उन्मुक्ति सम्झौता गर्ने, कृषि, गैरकृषि र सेवा क्षेत्रमा आधुनिक प्रविधिको उपयोग गर्न सहजीकरण तथा प्रोत्साहन प्रदान गर्ने जिम्मेवारी तोकिएको छ। यस्तै, मदिरा र सुर्तीजन्य वस्तुबाहेकका अन्य वस्तुहरूमा अन्तःशुल्क हटाउँदै लैजाने, कृषि, गैरकृषि र सेवा क्षेत्रमा आधुनिक प्रविधिको उपयोग गर्न सहजीकरण तथा प्रोत्साहन प्रदान गर्न पनि अर्थ मन्त्रालयलाई जिम्मेवारी दिइएको छ।

परराष्ट्र, कृषि तथा पशुपक्षी विकास, गृह, वन तथा वातावरण, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई पनि व्यापार रणनीति कार्यान्वयनका लागि आ-आफ्नो क्षेत्रका विभिन्न जिम्मेवारी तोकिएको छ। नेपाल राष्ट्र बैंकको प्रमुख जिम्मेवारीमा निर्यात वित्तका लागि विशेष व्यवस्था गर्ने, चीनसँगको बैंकिङ करोबार विस्तार गर्ने, सूचना प्रविधि उपकरण-बिजनेस प्रोसेस आउटसोर्सिङ (आइटिई-बिपिओ), सेवा, पर्यटन र निर्यातमुखी व्यवसायले एकमुस्ट औद्योगिक कच्चा पदार्थ र मेसिनरी-औजार आयात गर्दा पछि भुक्तानी गर्ने सुविधा उपलब्ध गराउनेलगायत रहेका छन्।

व्यापार रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि तीन वर्षपछि मध्यावधि मूल्यांकन र पाँच वर्षपछि अन्तिम मूल्यांकन गरिने उल्लेख छ। रणनीति कार्यान्वयनका लागि सरकारसँगै विकास साझेदार र निजी क्षेत्रले पनि योगदान पुऱ्याउने अवधारणा बनाइएको छ।

■ यी हुन् पहिचान गरिएका वस्तु

व्यापार रणनीतिले पहिचान गरेका निर्यात सम्भाव्य वस्तुहरूमा कृषि क्षेत्रतर्फ अलैंची, अदुवा, दलहन, जुट, चिया रहेका छन्। वन क्षेत्रतर्फ जडीबुटी तथा सुगन्धित वनस्पति, लोक्ताबाट बनेका हातेकागज, रोजिन एवं टर्पेन्टाइन हुन् भने ढुला उद्योगका उत्पादनतर्फ फलाम तथा स्टिल, धागो तथा कपडा, जुत्ता र तयारी पोसाक समेटिएको छ। साना तथा घरेलु उद्योगबाट उत्पादित गलैंचा, गहना, पस्मिना, पास्ता, उनबाट बनेका सामान (फेल्टसहित) पनि रणनीतिमा समेटिएका छन्।

भविष्यमा निर्यात सम्भावना हुन सक्ने वस्तुमा सुगन्धित तेल, हिमालय स्प्रिङ वाटर, तरकारी, फलफूल र तिनका प्रशोधित सामग्री, मसला (दालचिनी, बेसार, लसुन, केसर, जिरा, मरिच र तेजपत्ता), हस्तकला, लामा रेसाका कपडा (अल्लो र हेम्पका रेसाहरू), कफी, पिपिसी सिमेन्ट, छुर्पी र मह पहिचान गरी रणनीतिमा समेटिएको छ।

नयाँ तथा भविष्यमा सम्भावना हुन सक्ने वस्तुमा हाइड्रोजन ऊर्जा र बहुमूल्य पत्थर रहेका छन्। यस्तै, ढुंगा, गिट्टी पनि भविष्यमा निर्यात सम्भावना बोकेको नयाँ वस्तुका रूपमा पहिचान गरिएको छ। स्वीकृत वातावरणीय प्रभाव मूल्यांकनको परिधिभित्र रहेर स्थानीय वातावरण र जनजीवनमा प्रतिकूल असर नपर्ने गरी खानीजन्य, नदीजन्य र वनजन्य स्रोतबाट प्राप्त हुने ढुंगा तथा ढुंगाजन्य अन्य उत्पादन निर्यात गर्न सकिने रणनीतिमा ठहर गरिएको छ।

नयाँ व्यापार रणनीतिले आवश्यक नीतिगत तथा कानुनी परिमार्जन गरी हेम्प वा हेम्पजस्तै वनस्पति एवं सोबाट बनेका औषधीय गुण भएका वा सुगन्धित वस्तुहरू पनि भविष्यमा निर्यात सम्भावना हुन सक्ने वस्तुमा पहिचान गरेको छ।

सिएनआई २०औँ साधारणसभा

अब आन्तरिक उत्पादन र रोजगारी वृद्धिमा जोड दिन्छौं : प्रधानमन्त्री



नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकार अब आन्तरिक उत्पादन र रोजगारी वृद्धिमा केन्द्रित हुने बताएका छन्। निजी क्षेत्रसँग हातेमालो गरेर सरकारले आन्तरिक उत्पादन र रोजगारी बढाउनमा ध्यानकेन्द्रित गर्ने उनको भनाइ छ।

शुक्रबार नेपाल उद्योग परिसंघको २०औँ साधारणसभालाई सम्बोधन गर्दै उनले निजी क्षेत्रसँगको बलियो एकताविना उच्च आर्थिक समृद्धि सम्भव नहुने बताए। 'पेट्रोलियम पदार्थ, उद्योगको कच्चा पदार्थ त आयात हुन्छ नै। नेपालमै उत्पादन हुने वस्तुको समेत खर्बौंको आयात भइरहेको छ। दैनिक दुई हजारभन्दा बढी युवा वैदेशिक रोजगारमा गइरहेका छन्, यो दुःखद पक्ष हो,' उनले भने, 'तसर्थ, सरकार अब आन्तरिक उत्पादन र रोजगारी बढाउन केन्द्रित हुन्छ। यसमा नेपाल उद्योग परिसंघ र निजी क्षेत्रको पनि सहयोग हुन्छ भन्ने आशा छ।'

उनले सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडेलमा औद्योगिक क्षेत्र सञ्चालन गर्ने विषयमा सरकार स्पष्ट भएको पनि बताए। त्यसका लागि पहिलो चरणमा चिवतनको शक्तिखोर वा मकवानपुर औद्योगिक क्षेत्रको निर्माणलाई पिपिपी मोडेलमा अगाडि बढाउने उनको भनाइ थियो। यसलाई जति सक्दो छिटो कार्यान्वयनमा लैजाने उनले बताए।

यस्तै, उनले आगामी आवको बजेटलाई विशेष रूपमा कार्यान्वयन गरिने पनि उनले बताए। 'नेपालमा बजेटको कार्यान्वयन पक्ष कमजोर छ। तर, आगामी आवको बजेटलाई सफल रूपमा कार्यान्वयन गर्ने गरी विशेष कार्ययोजना बनाउँदै छौं,' उनले भने, 'त्यस क्रममा निजी क्षेत्र तथा सरोकारवालाबाट आएको टिप्पणी, आलोचनालाई पनि सकेसम्म सम्बोधन गर्नेछौं।

उनले विकासको मोडेलबारे गम्भीर रूपमा छलफल गर्न आवश्यक रहेको पनि उनले बताए। साथै, नीति-नियममा गुणात्मक रूपमा सुधार गर्नुपर्ने उनको भनाइ थियो। 'हामीले जुन हिसाबमा देशको विकास गर्न खोजेका छौं, यो प्रचलित ऐन-कानुनबाट सम्भव छैन,' उनले भने, 'तसर्थ, यसमा गम्भीर रूपमा छलफल गरेर नीति-नियमहरूमा गुणात्मक रूपमा सुधार गर्नुपर्छ। समग्रमा सरकारले आर्थिक विकासका लागि आफ्नो शक्ति लगाएको छ।'

परिसंघका अध्यक्ष विष्णु अग्रवालले परिसंघले सञ्चालन गरेको मेक इन नेपाल स्वदेशी अभियान निकै प्रभावकारी भएको बताए। यसले अर्थतन्त्रको विकासमा राम्रो योगदान दिएको उनको भनाइ थियो। हालसम्म उक्त अभियानमा एक सय १४ वटा स्वदेशी कम्पनी आबद्ध भएको उनले जानकारी दिए। आगामी दिनमा आबद्ध सदस्य संख्या बढाउँदै आबद्ध सदस्य उद्योग तथा कम्पनीको क्षमताको विकास गरिने उनले बताए। यसबाट १५ हजार प्रत्यक्ष र अप्रत्यक्ष रूपमा ५० हजार रोजगारी सिर्जना गरेको उनले दाबी गरे।

उनले अप्ठ्यारो अवस्थामा रहेको अर्थतन्त्रलाई उकास्ने गरी आगामी आर्थिक वर्षको बजेट आउनु स्वागतयोग्य भएको बताए। तर, तेलको कच्चा पदार्थमा लाग्ने भन्सारदर एक प्रतिशतबाट १० प्रतिशत पुऱ्याउने, करको नयाँ दायित्व सिर्जना गर्ने, विलासिता कर र हवाई टिकटमा भ्याट लगाउनु दुःखद पक्ष भएको उनको भनाइ थियो।

परिसंघका संस्थापक अध्यक्ष विनोद चौधरीले अप्ठ्यारो अवस्थामा रहेको अर्थतन्त्रलाई समाधान गर्न सरकार अग्रसर हुनुपर्ने बताए। यसका लागि निजी क्षेत्र र सरकारले सहकार्य गरेर समाधानमा अग्रसर हुनुपर्ने उनको भनाइ थियो। अर्थतन्त्रलाई चलायमान कर्जाको ब्याजदर घटाउनुपर्नेमा जोड दिँदै उनले भने, 'बैंकमा निक्षेप थुप्रिएको छ। तर, बैंकहरूले कर्जा प्रवाह बढाउन सकेका छैनन्। त्यसको कारण हो, उच्च ब्याजदर।'

अर्थमन्त्री डा. प्रकाशशरण महतले सरकार बजेटको कार्यान्वयनमा अग्रसर भएको बताए। 'नेपालको मुख्य समस्या भनेको नै बजेट कार्यान्वयन हो। बजेट कार्यान्वयनको इतिहास राम्रो छैन,' उनले भने, 'तर, आगामी बजेटलाई सफल रूपमा कार्यान्वयनमा लैजाने गरी कार्यतालिका बनाएका छौं। बिहीबार मात्रै सबै मन्त्रालयका सचिवहरूसँग बजेट कार्यान्वयनबारे छलफल गरेको छु। उहाँहरूलाई तोकिएको समय तालिकाअनुसार नै बजेट कार्यान्वयन गर्न भनेको छु, त्यसमा कुनै छुट हुँदैन।'

उनले मर्जर र एफपिओ जारी गर्दा भएको अतिरिक्त आम्दानीमा कर लाग्ने व्यवस्था वैधानिक भएको पनि उनले बताए। 'धेरै व्यवसायी साथीहरूले मर्जर र एफपिओमा भएको अतिरिक्त आम्दानीमा कर लगाएको भनेर टिप्पणी गर्नुभएको छ। साथै, त्यो व्यवस्था हटाउन पनि माग गर्नुभएको छ, जुन काम मबाट हुँदैन,' उनले भने, 'महालेखाले भनेअनुसार नै त्यसमार्फत कर उठाउन खोजिएको हो, त्यसलाई मैले अस्वीकार गर्न मिल्दैन।'

परिसंघले मन्दीदेखि समृद्धि, लगानीमा अभिवृद्धि भन्ने नारासहित २०औँ साधारणसभा आयोजना गरेको हो। परिसंघको यो साधारणसभाले नयाँ कार्यसमिति पनि चयन गर्नेछ। परिसंघले साधारणसभाको अवसरमा सबैभन्दा बढी निर्यात गर्ने तिलराज खतिवडा, वासु गोल्यान, अमित मोरलाई सम्मान गरेको छ। यस्तै, अनुसन्धानमा सहयोग गरेबापत सूर्य नेपाल प्राइभेट लिमिटेडलाई पनि सम्मान गरिएको छ। यसैगरी, प्रेसिडेन्ट अवार्डबाट विवेककुमार संघाई र शशिकान्त अग्रवाललाई सम्मान गरिएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

घोराही सिमेन्टको आवेदनबारे छानबिन समिति गठन

क्रेडिट रेटिङ र वित्तीय विवरणमा कैफियत नभएको कम्पनीको दाबी

नयाँ पत्रिका

नेपाल धितोपत्र बोर्डले फर्जी आवेदनबारे छानबिन गर्नका लागि चार सदस्य समिति गठन गरेको छ। बोर्डका उपकार्यकारी निर्देशक दीपेश ताम्राकारको संयोजकत्वमा छानबिन समिति गठन गरेको हो।

छानबिन समिति बनेसँगै उक्त समितिले कम्पनीको कागजात सम्बन्धित क्यापिटल बैंकसँग माग गरेको छ। बोर्डका अनुसार तीन चरणमा छानबिन समितिले छानबिन गर्ने भएको छ।

पहिलो चरणमा कम्पनीले रेटिङ गरे-नगरेको, दोस्रो फर्जी आवेदन दिनुको पछाडिको उद्देश्य र कारण खोज्ने र तेस्रो सेयर प्रत्याभूतिकर्ताको भूमिकाका बारेमा अध्ययन गर्ने भएको छ। बोर्डका अध्यक्ष रमेशकुमार हमालले छानबिन समितिबाट अध्ययनको निष्कर्ष आएपछि थप आवश्यक कारबाही गरिने बताए।

■ १२ जनाले दिएका थिए फर्जी आवेदन

कम्पनीको आइपिओमा १० लाख कित्ताका दरले १२ जनाले फर्जी आवेदन दिएको पाइएको छ। कम्पनीको आइपिओमा ४३ करोड ५० लाख रुपैयाँ बराबरको १० लाख कित्ताका दरले आवेदन दिने १२ जनाको आवेदन यसअघि नै अस्वीकृत भइसकेको छ। खातामा पैसा नभई आवेदन दिने १२ जनामा भक्तपुरको अनन्तलिंगेश्वर-१ का प्रेमप्रसाद आचार्य, सोही वडाका उज्ज्वल आचार्य र भक्तपुरकै मध्यपुर ठिमी नगरपालिका-३ की श्रीजा पोखरेल रहेको खुलेको छ।

त्यस्तै, गोरखाको सिरानचोक-३ की सावित्रा पराजुली, रुपन्देहीको तिलोत्तमाकी लक्ष्मी घिमिरे, मोरङ कानेपोखरी-१ की मुना खत्री र चितवनको भण्डारा-१ का मनोज पाठक छन् भने सुनसरीको देवानगन्ज-१ का मिथिलेशकुमार मेहता, दोलखाको नाम्दु-३ का नवीन खत्री, ललितपुरको टीकाथली-५ का अनिल राना, पर्वतको कार्कीनेटा-३ की रञ्जना ढकाल पौडेल र काठमाडौंको मध्य बानेश्वरकी सुमित्रा बम रहेको खुलेको छ। छानबिन समितिले विशेष गरी नियतवश फर्जी आवेदन भर्न लगाइएको थियो वा प्रत्याभूतिकर्ता वा कुनै कसैको प्रभावबाट आवेदन लगाइयो भन्नेबारे छानबिन गर्नेछ।

प्रिमियम मूल्यमा प्राथमिक सेयर निष्कासन गरेको घोराही सिमेन्टको सेयरमा एक करोड २० लाखभन्दा बढी कित्तामा फर्जी आवेदन परेपछि सोमबार धितोपत्र बोर्डको निर्देशनमा आवेदन रद्द गरिएको थियो।

कम्पनीले जेठ ३२ गतेदेखि सर्वसाधारणका लागि कुल ६९ लाख ११ हजार ६ सय ७० कित्ता आइपिओ निष्कासन गरेको थियो। यसले एक सय अंकित मूल्यमा तीन सय ३५ रुपैयाँ प्रिमियम थप गरी प्रतिकित्ता चार सय ३५ रुपैयाँका दरले आइपिओ खुला गरेको थियो।

सुरुवाती अवस्थामा कम्पनीको सेयर मूल्यमा लगानीकर्ताको आकर्षण देखिएको थिएन। कम्पनीले सामूहिक लगानी कोष, स्थानीय र वैदेशिक कामदारलाई खुला गरेको सेयरसमेत बिक्री भएको थिएन। तर, कम्पनीले सेयरमा सोमबार मागभन्दा बढी कित्तामा आवेदन परिसकेपछि पनि आवदन दिने म्याद थपेपछि फर्जी भएको खुलेको थियो।

■ घोराही सिमेन्टको दाबी- क्रेडिट रेटिङ र वित्तीय विवरणमा कैफियत छैन

घोराही सिमेन्टले आइपिओ स्थगन गरेकोप्रति आपत्ति जनाउँदै कम्पनीबाट कुनै गल्ती नभएको स्पष्टीकरण दिएको छ। कम्पनीले सेयर निष्कासन गर्ने सन्दर्भमा कागजात तथा विवरणहरूको जिम्मेवारी लिन उद्योग सदैव तत्पर रहेको विज्ञप्तिमार्फत जानकारी दिएको छ।

विज्ञप्तिमा सेयर निष्कासन हुनुभन्दा पहिले कम्पनी रजिस्ट्रार कार्यालय, धितोपत्र बोर्डलगायत विभिन्न नियामक निकायहरूको पूर्ण सहभागिता रहेको जनाइएको छ। बोर्डकै स्वीकृतपश्चात् वैदेशिक रोजगार र स्थानीय बासिन्दाका लागि सेयर जारी भइसकेको हुँदा क्रेडिट रेटिङमा कुनै शंका नगर्न तथा विज्ञहरूको विश्लेषण मूल्यांकनबाट सम्पन्न भएकाले कुनै कैफियत नभएको कम्पनीले विज्ञप्तिमा उल्लेख गरेको छ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
पर्वत, कुस्मा
प्रमाणित सम्बन्धमा



यो जो संग सम्बन्धित छ ।
प्रस्तुत विषयमा पर्वत जिल्ला साविक उरामपोखरा गा.वि.स वडा नं. १ हाल बिहादी गाउँपालिका वडा नं. ५ बस्ने भारतीय सेनामा PPO No. : 5/17224/97 का नरबहादुर थापाको श्रीमती भनमाया थापाको नेपाली नागरिकता प्रमाणपत्रमा नाम थर भनमाया थापा उल्लेख भएको र निजको श्रीमानको भारतीय पेन्सन अभिलेखमा नाम थर Smt. Man Maya Magarni उल्लेख भै नाम थर फरक भएतापनि दुई नामथर भएको व्यक्ति एउटै भएको भनी बिहादी गाउँपालिका ५ नं वडा कार्यालयको च.नं. १३७१ मिति २०८०/०३/०१ को पत्रबाट सिफारिस भै आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनको लागि प्रमाणित गरिन्छ ।
प्रेम प्रसाद आचार्य
प्रमुख जिल्ला अधिकारी

हार्दिक श्रद्धाञ्जली



जन्म: वि.सं. १९९५ चैत्र २४ गते
स्वर्गारोहण: वि.सं. २०८० जेष्ठ २९ गते

स्व. तोयराज कडेल

हाम्रा सहकर्मी अजिता कडेलका पूजनीय पिता तोयराज कडेलको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

सानिमा बैंक
www.sanimabank.com
पो.ब.नं: २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौं फोन: +९७७-१-५९७००३३
फ्याक्स: +९७७-१-४४२८९६९ ईमेल: sanima@sanimabank.com

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



E-mail: narcononnepal@gmail.com, Website : narcononnepal.org.np

शनिबार ९ असार ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.नि.इ.नं. १७/०६९/०७०

भारतलाई जित्नैपर्ने दबाबमा नेपाल

साफ च्याम्पियनसिपमा आठपटक नेपालले भारतसँग खेल्दा एक खेलमा मात्र जित निकालेको छ

रमेश सुवेदी/नयाँ पत्रिका

साबिक विजेता भारत र उपविजेताले नेपाल १३औँ दक्षिण एसियाली (साफ) च्याम्पियनसिप २०२३ को समूह 'ए'को दोस्रो खेलमा आज प्रतिस्पर्धा गर्दै छन् । बेंग्लोरको श्री कान्तिरभा मैदानमा भारतसँगको प्रतिस्पर्धामा नेपालमाथि चर्को दबाब छ । आयोजक तथा घरेलु टोली भारत तुलनात्मक रूपमा दबाबमुक्त देखिन्छ । प्रतियोगिताको बुधबार भएको उद्घाटन खेलमा नेपाल कुवेतसँग ३-१ ले पराजित भएको थियो । भारतले पाकिस्तानलाई ४-० ले हरायो । भारतको जितमा कप्तान सुनील क्षेत्रीले ह्याट्रिक गरेका थिए ।

भारतविरुद्ध हारले नेपाल एक खेलअघि नै समूहचरणबाट बाहिरिनेछ । बराबरीले नेपालको गणितीय सम्भावना कायम रहनेछ । सन् २०२२ मा माल्दिभ्समा भएको साफ च्याम्पिनसिपको फाइलनमा भारत र नेपालबीच उपाधि भिडन्त भएको थियो । जसमा भारत ३-० ले विजयी भयो । साफ च्याम्पियसिपमा नेपाल पहिलोपटक फाइनलमा पुगेको पनि यही अवसर हो । भारत साफ च्याम्पियनसिपमा सात खेलमा अपराजित रहेको छ ।

यति मात्रै होइन, भारतले सातै खेलमा क्लिन सिट राखेको छ । म्यानमार, किर्गिस्तान, भानुआटु, मंगोलिया र लेबनानसँग गोल व्यहोरेको छैन । त्यसैले पनि भारत नेपालविरुद्ध उच्च मनोबलका साथ मैदानमा उत्रनेछ । यसको ठीकविपरीत नेपाली टोलीमा ठूलो संकट छ । नयाँ प्रशिक्षक भिन्सेन्जो अल्बेर्टो एनेसको प्रशिक्षणमा नेपाली टोलीले राम्रो तयारी पाएका छैनन् । पछिल्लो साफ खेलेका आधा दर्जनभन्दा बढी खेलाडी अस्ट्रेलिया पलायन भएका छन् । पछिल्लो समयसीमा ४० भन्दा बढी नेपाली खेलाडी विदेशमै छन् । सहिद स्मारक लिगमा लगातार खेल्दा खेलाडी थकित देखिन्छन् ।

नेपाले पछिल्लो समय बंगलादेश, पाकिस्तान र लाओसलाई हराउँदा भुटानसँग गोलरहित बराबरी खेलको थियो । कुवेतसँग खेल्नुअघि फिलिपिन्ससँगै मैत्रीपूर्ण खेलमा १-० ले हारेको छ ।

भारतविरुद्ध नेपाल हेड टु हेडमा समेत निकै कमजोर छ । दुईबीच हालसम्म सबै प्रतियोगितामा गरी २४ खेल भएका छन् । जसमा तीन खेल मात्रै नेपालको पक्षमा छन् । ९० मिनेटभित्र एक खेलमा मात्रै नेपालले नतिजा पाएको हो । साफ च्याम्पियनसिपमा नेपाल र भारतबीच कुल आठ खेल भएका छन् । एक खेल नेपालको पक्षमा छ भने भारतको पक्षमा सात खेल छ । नेपालले सन् २०१३ मा भारतलाई काठमाडौंमा हराएको हो ।



■ पहिलो भेट

भारत १-० नेपाल

सन् १९९३ जुलाईमा पहिलोपटक सार्क गोल्डकप आयोजना भएको थियो । यही प्रतियोगिता दोस्रो संस्करणबाट साफ च्याम्पियनसिपका रूपमा आयोजना भयो । राउन्ड रोबिन प्रतियोगिताको अन्तिम खेलमा नेपाल भारतसँग १-० ले पराजित भएको हो । भारतको जितमा आइएम विजयनले निर्णायक गोल गरेका थिए । यो उपाधि भारतले नै जित्यो ।

■ दोसो भेट

भारत २-१ नेपाल

सन् २००५ मा साफ च्याम्पियनसिप पाकिस्तानको कराचीमा भएको हो । समूह बीमा नेपालले पहिलो खेल नै भारतसँग खेल्नुपऱ्यो । भारत २-१ ले विजयी भयो । नेपालका लागि वसन्त थापाले ३८औँ मिनेटमा गोल गरे पनि त्यसअघि नै भारतले दुई गोल गरिसकेको थियो । समूह चरणमा बंगलादेशसँग पराजित नेपालले भुटानलाई हराए पनि नकआउट चरण पार गर्न सकेन । पाँचौं संस्करणमा आइफ्दा भारतले चौथोपटक साफ च्याम्पियनसिपको उपाधि जितेको हो ।

■ तेस्रो भेट

भारत ४-० नेपाल

सन् २००८ जुनमा भएको सातौं साफ च्याम्पियनसिपको समूह 'ए'मा नेपालले भारतसँग पहिलो खेलमै प्रतिस्पर्धा गऱ्यो । माल्दिभ्सको मालेमा भारतले नेपालविरुद्ध उत्कृष्ट प्रदर्शन गर्दै ४-० को जित निकाल्यो । भारतको जितमा नादुपारम्बिल प्रदीप, भाइचुङ भुटिया, सुनील क्षेत्री, सुशीलकुमार सिंहले गोल गरेका थिए । भुटानलाई हराएपछि समूह चरणबाट माथि बढ्न सकेन । घरेलु मैदानमा भारतलाई हराउँदै माल्दिभ्सले पहिलोपटक साफ च्याम्पियनसिपको उपाधि जित्यो ।

■ चौथो भेट

भारत १-० नेपाल

सन् २००९ डिसेम्बर ढाकामा पनि नेपाल भारतसँग पराजित भएको छ । भारतले युथ टिम पठाउँदा समूह 'ए'को दोस्रो खेलमा नेपाल १-० ले हाऱ्यो । समग्रमा भारतविरुद्ध यो दसौं हार हो । माल्दिभ्ससँग पहिलो खेलमा १-१ गोलको बराबरी खेलेको नेपाल समूहको अन्तिम खेलमा अफगानिस्तानसँग ३-० ले हार्दै समूह चरणबाट बाहिरिएको थियो । उपाधि भिडन्तमा माल्दिभ्सलाई पेनाल्टीमा हराउँदै भारतले छैटौंपटक उपाधि जितेको हो ।

■ पाँचौं भेट

भारत १-२ नेपाल

सन् २०१३ मा साफ च्याम्पियनसिप नेपालले आयोजना गरेको थियो । समग्रमा नेपालले दोस्रोपटक प्रतियोगिता आयोजना गर्दा पनि फाइनलमा स्थान बनाउन सकेन । समूह 'ए'को खेलमा भारतविरुद्ध २-१ को ऐतिहासिक जित निकाल्यो । नेपालको जितमा जुमनु राई र अनिल गुरुङले गोल गरेपछि पूरा काठमाडौं गुञ्जायमान भएको थियो । समूह चरणमा बंगलादेशलाई २-० र पाकिस्तानसँग १-१ गोलको बराबरी खेल्दै नेपाल सेमिफाइलनमा पुग्यो । सेमिफाइनलमा अफगानिस्तानसँग १-० ले पराजित भयो । भारतलाई फाइनलमा हराउँदै अफगानिस्तानले पहिलोपटक साफ च्याम्पियनसिपको उपाधि जितेको हो ।

■ छैटौं भेट

भारत ४-१ नेपाल

सन् २०१५ डिसेम्बरमा भारतको त्रिवेन्द्रममा भएको साफ च्याम्पियनसिप नेपालका लागि सुखद रहेन । ११औँ संस्करणमा नेपाल, भारत र श्रीलंकासम्मिलित समूह 'ए'मा नेपालले दुवै खेलमा हार व्यहोऱ्यो । पहिलो खेलमा श्रीलंकासँग १-० र दोस्रो खेलमा भारतसँग ४-१ ले हार व्यहोऱ्यो । प्रशिक्षक प्याट्रिक आजेम्सले प्रशिक्षणमा विमल घर्तीमगरले एक गोल फर्काएपछि पर्याप्त भएन । अफगानिस्तानलाई पेनाल्टीमा पराजित गर्दै भारतले सातौंपटक साफ च्याम्पियनसिपको उपाधि जित्यो ।

■ सातौं भेट

नेपाल ०-१ भारत

सन् २०२१ माल्दिभ्समा अक्टोबरमा साफ च्याम्पियनसिप भयो । १३औँ संस्करणको यो प्रतियोगितामा पाँच राष्ट्र सहभागी हुँदा राउन्ड रोबिनका आधारमा प्रतियोगिता आयोजना भयो । मालेमा समूहको चौथो खेलमा नेपाल र भारतबीच खेल थियो । खेल सकिन आठ मिनेट बाँकी रहँदा कप्तान सुनीलले भारतका लागि विजयी गोल गरे । भारत विजेता र नेपाल उपविजेता हुँदै फाइनलमा स्थान बनाएका हुन् ।

■ आठौं भेट

भारत ३-० नेपाल

माल्दिभ्समा १६ अक्टोबरमा भएको साफ च्याम्पियनसिपको १३औँ संस्करणको उपाधि भिडन्तमा नेपाल र भारत प्रतिस्पर्धा गरेका थिए । नेपाल पहिलोपटक साफ च्याम्पियनसिपको इतिहासमा फाइनल पुगेको थियो । प्रशिक्षक अब्दुल्लाह अल्मुताइरी र स्ट्राइकर अञ्जन विष्ट रातो कार्डका कारण उपलब्ध भएनन् । भारतले खेल एकपक्षीय राख्दै ३-० ले जित्न सफल भयो । भारतको यो साफको आठौं उपाधि हो । भारतको जितमा कप्तान सुनील क्षत्री, सुरेशसिंह वाङजाम र साहल अब्दुल समादले समान एक-एक गोल गरेका थिए ।

श्रीलंका १० विकेटले विजयी

श्रीलंकाली बलर हसरांगाले १३ रन खर्चेर पाँच विकेट लिँदा ओमान ३०.२ ओभरमै ९८ रनमा अलआउट भयो । एकदिवसीय पूर्वविजेता श्रीलंकाले कुनै पनि विकेट नगुमाई १५ ओभरमा जित निकाल्यो ।

एजेन्सी

आइसिसी एकदिवसीय ग्लोबल छनोटअन्तर्गत शुक्रबार समूह 'बी'मा श्रीलंकाले ओमानमाथि १० विकेटको सानदार जित निकालेको छ । सन् १९९६ को विश्वकप विजेता श्रीलंकाले एसोसिएट राष्ट्र ओमानलाई केवल ९८ रनमै समेटेको थियो । सहज लक्ष्य पछ्याएको श्रीलंकाले १५ ओभरमा विनाविकेटको क्षतिमा सय रन बनायो । श्रीलंकाले दुई सय १० बलअघि नै जित निकालेको हो । श्रीलंकाको जितमा निसांकाले ३७ रन तथा दिमुथ करुनारत्नेले ६१ रनको योगदान दिएका थिए ।

निसांकाले ३९ बलमा पाँच चौका प्रहार गरे । करुनारत्नेले ५१ बलमा आठ चौका प्रहार गर्दै श्रीलंकालाई समूहको शीर्ष स्थानमा पुऱ्याए ।

समूह 'बी'मा लगातार दुई खेल जित्दै सनसनी मच्चाएको ओमानले विश्व क्रिकेटकै अनुभवी टोली श्रीलंकासँग ब्याटिङ र बलिङमा एकरूपता प्रदर्शन गर्न सकेन । ओमानले टेस्ट राष्ट्र आयरल्यान्डलाई स्तब्ध पारेको थियो । ओमानको हारसँगै यो समूह रोमाञ्चक बनेको छ । श्रीलंकाले दुई खेलबाट चार अंक बटुलेको छ । आइसिसी विश्वकप लिग-२ को विजेता स्कटल्यान्डले पनि दुई खेलबाट चारै अंक जोडेको छ । स्कटल्यान्ड दोस्रो स्थानमा छ । तेस्रो स्थानमा झरेको ओमानले तीन खेलबाट चार अंक जोडेको छ ।

आइसिसी विश्वकप लिग-२ को प्ले अफको दोस्रो स्थानमा रहँदै ग्लोबल छनोट स्थान पक्का गरेको युएई भने प्रतियोगिताको समूह चरणबाटै बाहिरिएको छ । ओमान र स्कटल्यान्डसँग पराजित आयरल्यान्डले दुई खेलबाट अंक जोडेको छैन । आयरल्यान्डले अंक गणितीय आधारमा प्ले अफ पुग्ने सम्भावना जीवितै राखेको छ । प्रत्येक समूहबाट तीन राष्ट्र सुपर सिक्समा पुग्नेछन् ।



■ हसरांगाले लिए पाँच विकेट

उत्कृष्ट फर्ममा रहेको ओमानको ब्याटिङ ध्वस्त पार्ने क्रममा वानिन्दु हसरांगाले घातक बलिङ गरे । उनको धारिलो बलिङको सामना गर्न नसक्दा ओमानले स्कोरबोर्डमा सय रन पनि कटाउन सकेन । हसरांगाले ७.२ ओभरमा १३ रन खर्चेर ओमानका पाँच विकेट हात पारे । यसक्रममा उनले तीनपटक मेडन ओभर फ्याँके । यसैगरी, लाहिरू कुमाराले आठ ओभरमा २२ रन खर्चेर दुई विकेट लिए । ओमान इनिङ्सको एक समय ९.३ ओभरमा २०-४ को कमजोर स्थितिमा थियो । ओमानले बाँकी ६ विकेट ७८ रनमा गुमाएको थियो । ओमानले १४ अतिरिक्त रन पायो ।

ओमानको कमजोर ब्याटिङ इनिङ्समा आयान खानले सर्वाधिक ४१ रनको योगदान दिए । उनले ६० बलमा चार चौका प्रहार गरे । ओमानका चार ब्याट्समयान डक आउट भएका थिए । ओमानले १.४ ओभरमा ओपनर कश्यप प्रजापतिलाई गुमाएको थियो । दोस्रो ओपनर जितेन्दर सिंहले ४३ बलमा २१ रन बनाए । ओमान ३०.२ ओभरमा ९८ रनमा अलआउट भएको थियो ।

■ स्कटल्यान्ड एक सय ११ रनले विजयी

समूह 'बी'को अर्को खेलमा स्कटल्यान्डले युएईमाथि एक सय ११ रनको विशाल अन्तरले जित हात पारेको छ । बुलावायोमा भएको खेलमा स्कटल्यान्डले ५० ओभरमा आठ विकेट गुमाएर दुई सय ८२ रन बनाएको थियो । प्रत्युत्तरमा युएईले ३५.३ ओभरमा सबै विकेट गुमाउँदै एक सय ७१ रन मात्र जोड्यो । स्कटल्यान्डले आफ्नो पहिलो खेलमा आयरल्यान्डमाथि एक विकेटको सनसनी जित निकालेको थियो ।

उच्च मनोबलका साथ मैदानमा उत्रेको स्कटल्यान्डका लागि कप्तान रिची बेरिंटनले एक सय २७ रनको शतकीय इनिङ्स खेलेका थिए । उनले एक सय ३६ बलमा नौ चौका र तीन छक्का प्रहार गरे ।

चार खेल पत्रकारलाई एनओसी अवार्ड



काठमाडौं/ नेपाल ओलम्पिक कमिटी (एनओसी)ले ओलम्पिक दिवसका अवसरमा शुक्रबार लगनखेलस्थित सैनिक शारीरिक तथा तालिम केन्द्रको हलमा विविध कार्यक्रम आयोजना गरेको थियो ।

एनओसीले ओलम्पिक डेको अवसरमा विभिन्न व्यक्तित्वलाई एनओसी अवार्ड प्रदान गरेको छ । दोस्रो संस्करणको एनओसी अवार्डको प्रिन्टतर्फ गोरखापत्रका प्रजित शाक्य वर्षको उत्कृष्ट पत्रकार बनेका छन् । यसैगरी, भिजुअलतर्फ नेपाल टेलिभिजनका प्रज्ज्वल शाक्य उत्कृष्ट भए । एनओसीको फोटो अवार्डमा सुनीता डंगोल उत्कृष्ट भइन् । मल्टी मिडियामा शिलापत्रका सरोज तामाङ उत्कृष्ट भएका छन् ।

एनओसीले पुरुषतर्फ उत्कृष्ट एथ्लेटिक्स खेलाडीमा दीपक अधिकारीलाई अवार्ड प्रदान गरेको छ । यसैगरी, महिलातर्फ तेक्वान्दोकी सिर्जना घिसिङले अवार्ड पाएकी छिन् । उत्कृष्ट प्रशिक्षकमा तेक्वान्दोका कविराज नेगी तथा उत्कृष्ट महिला प्रशिक्षकको अवार्ड टेनिसकी रेनुदेवी कोन्डुले थापेकी छिन् । उत्कृष्ट संघमा नेपाल बक्सिङ संघ चुनिएको छ । यसअघि, ओलम्पिक डेमा बक्सिङ, फेन्सिङ, तेक्वान्दो, उसु, जुडो र कराँतेका खेलाडीले प्रदर्शनीमा खेल प्रस्तुत गरेका थिए ।

ड्रागन बोटको दुवै विधामा चीनको सिचुवान अगाडि

रोहितराज पराजुली/नयाँ पत्रिका

चिनियाँ टोली सिचुवान ड्रागन बोट टिम (पहँलो)ले शुक्रबार पोखरामा भएको नेपाल-चीन फ्रेन्डसिप डागन बोट रेस फेस्टिभलमा अग्रता लिएको छ । पोखराको लेकसाइडमा रहेको क्याम्पिङचोकस्थित फेवाताल किनारमा सुरु फेस्टिभलअन्तर्गत बोट रेसको दुई सय र पाँच सय मिटर गरी दुवै विधामा सिचुवानले सहभागी अन्य सात टोलीलाई पछि पार्दै पहिलो दिन अग्रता लिएको हो । दुई चरणमा भएको रेसअन्तर्गत दुई सय मिटरको दूरी सिचुवानले पहिलो चरण ५३.६८ सेकेन्ड र दोस्रो चरण ५५.१३ सेकेन्डमा पार गर्दै कुल एक मिनेट ४८.८१ सेकेन्डको रेस पूरा गरेको थियो ।

पाँच सय मिटरमा सिचुवानले अग्रता लिने क्रममा पहिलो चरण दुई मिनेट १८.९९ सेकेन्ड र दोस्रो चरण दुई मिनेट १९.३४ सेकेन्ड गरी कुल चार मिनेट ३८.३३ सेकेन्ड समय लगायो । नेपाल एसोसिएसन अफ राफ्टिङ एजेन्सिज (नारा) ड्रागन बोट टिम (रातोले) दोस्रो स्थानमा छ । नारालदे दुई सय मिटरतर्फ पहिलो चरण ५७.१८ र दोस्रो चरण ५५.९६ सेकेन्ड गरी कुल एक मिनेट ५३.१४ सेकेन्डमा पूरा गरेको थियो । पाँच सय मिटरतर्फ नाराले पहिलो चरण दुई मिनेट २२.८६ र दोस्रो चरण दुई मिनेट २४.४३ सेकेन्ड गरी कुल चार मिनेट ४७.२९ सेकेन्डमा पूरा गऱ्यो । चीनको युनान ड्रागन बोट टिम (सेतो) तेस्रो स्थानमा छ । युनान ड्रागनले दुई सय मिटरतर्फ पहिलो चरण ५६.९० र दोस्रो चरण ५८.८७ सेकेन्ड गरी कुल एक मिनेट ५५.७७ सेकेन्डमा पूरा गरेको थियो ।

पाँच सय मिटरतर्फ युनानले पहिलो चरण दुई मिनेट २७.०५ र दोस्रो चरण दुई मिनेट २६.१७ सेकेन्ड गरी कुल चार मिनेट ५३.२२ सेकेन्डमा पूरा गरेको थियो । चौथो



स्थानमा रहेको नेपालको नेपाल च्याफ्टिङ एन्ड क्यानोनिङ एसोसिएसन (एनआरसिए) रातोले दुई सय मिटर कुल एक मिनेट ५६.९२ सेकेन्डमा र पाँच सय मिटर कुल पाँच मिनेट ०२.१८ सेकेन्डमा रेस पूरा गरेको छ । पाँचौं स्थानमा रहेको नेपालको फेवालेक ड्रागन बोट टिम (पहँलो)ले दुई सय मिटर कुल दुई मिनेट ०१.२५ सेकेन्डमा र पाँच सय मिटर कुल पाँच मिनेट ०३.९७ सेकेन्डमा पूरा गरेको थियो ।



नेदरल्यान्ड्सको सामना गर्दै नेपाल

काठमाडौं/ एकदिवसीय ग्लोबल छनोटमा नेपालले शनिबार नेदरल्यान्ड्ससँग सामना गर्दै छ । समूह 'ए'बाट नेपालले सुपर सिक्सको आशा जीवितै राख्न नेदरल्यान्ड्सलाई हराउनुपर्ने हुन्छ । नेदरल्यान्ड्ससँगको हारले नेपालको अर्को चरणमा पुग्ने सम्भावना केवल गणितीय आधारमा मात्र सीमित हुनेछ । नेपालमाथिको जितले नेदरल्यान्ड्सको सुपर सिक्समा पुग्ने बाटो मजबुत हुनेछ । प्रत्येक समूहबाट तीन राष्ट्र सुपर सिक्समा पुग्नेछन् ।

नेपालले छनोट प्रतियोगिताको पहिलो खेलमा जिम्बावेसँग आठ विकेटको हार सामना गरेको थियो । नेपालले दोस्रो खेलमा अमेरिकालाई ६ विकेटले परास्त गऱ्यो । बिहीबार दुईपटकको पूर्वविजेता वेस्ट इन्डिजसँग नेपाल एक सय एक रनले पराजित भयो । नेपालले आफ्नो समूहको दुवै टेस्ट राष्ट्रविरुद्ध तुलनात्मक रूपमा राम्रो प्रदर्शन गरेको थियो ।

■ पाँच वर्षपछि भिड्दै

नेपाल र नेदरल्यान्ड्सबीच पाँच वर्षपछि प्रतिस्पर्धा हुन लागेको हो । सन् २०१८ को १ अगस्टमा नेपालले आफ्नो पहिलो एकदिवसीय खेल नै नेदरल्यान्ड्ससँग खेलेको थियो । नेदरल्यान्ड्सकै भूमिमा भएको एकदिवसीय सिरिज १-१ को बराबरी भएको थियो । नेपालले डेब्यु एकदिवसीय खेलमा नेदरल्यान्ड ५५ रनले विजयी भएको थियो । विश्वकप लिग-२ को तेस्रो स्थानमा रहँदै नेपालले ग्लोबल छनोटको स्थान पक्का गरेको थियो । नेदरल्यान्ड्स आइसिसी सुपर लिगको पुछारमा रह्यो ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com